# अध्याय - एक

## परिचय

### १.१ पृष्ठभूमि

सांस्कृतिक तथा प्राकृतिक सम्पदाको धनी राष्ट्र नेपाल पर्यटन सम्पदाको दृष्टिले विश्वका अग्रणी मुलुकहरु मध्येमा पर्दछ । विभिन्न जातजाति, धर्म, भाषा, साहित्य, संस्कृतिको संगम रहेको नेपाल कला, संस्कृति एवं धार्मिक सद्भावको लागि एक उदाहरणीय राष्ट्र मानिन्छ । यहाँको मूर्त, अमूर्त पुरातात्विक सम्पदा, नाच गान, जात्रा, भेषभूषा, भाषा, कला र संस्कृतिलाई लोकतान्त्रिक भावना अनुकुल जगेर्ना गर्दै विश्वमा नेपाली संस्कृति र सभ्यताको प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास तथा सांस्कृतिक क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । नेपालको भौगोलिक विविधता अनुपम प्राकृतिक सौन्दर्य, अपार जैविक स्रोत, विविध सांस्कृतिक सम्पदा, जीवित संस्कृति, धार्मिक सहिष्णुता, आत्मीय आतिथ्य जस्ता विशेषताको कारण पर्यटन व्यवसायको विकास भएको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण हाम्रो देश नेपाल विश्वलाई नै आर्कषित गर्ने हिमश्रृखलाहरु,पहाडी श्रृंखलाहरु, मनमोहक हरिया डाँडाहरु, सुन्दर-मनोरम ताल र कृण्डहरु, पवित्र नदीनालाहरु, झरनाहरु लालीगुँरास, सुनगाभा, बुकी फूलका मगमगाउँदो सुवासित सौन्दर्य सँगै अनेकन धार्मिक र पुरातात्विक तथा ऐतिहासिक रुपमा पनि सुन्दर अलौकिक छ । यिनै आकर्षक दृष्यले गर्दा हामी प्रफुल्ल र गौरवान्वित छौं । यहाँ आउने पर्यटक पनि यिनै प्राकृतिक दृष्य र यहाँको अद्धितीय जैविक विविधता र सामाजिक, साँस्कृतिक सम्पन्नता देखेर मख्ख पर्छन (पर्वत, स्मारिका, २०७०) ।

नेपाललाई हामीले निकै लामो समयदेखि निर्धन र गरीब देश भन्दै आएका छौं, तर विश्व मानचित्रका विभिन्न मुलुकहरुको स्थितिलाई हेर्दा नेपाल जैविक विविधता र विविध प्राकृतिक स्रोतसाधनले भरिपूर्ण छ,जसको सही सदुपयोगले देश सम्पन्न तथा समृद्ध बन्न सक्छ । समुन्द्रसँग नजोडिनु अर्थात भूपरिवेष्ठित राष्ट हुनु नेपालको दुर्भाग्य हो । नेपालमा रहेका यी अपार प्राकृतिक स्रोत साधन, जलवायु,उर्वर भूमि र सामाजिक सांस्कृतिक सम्पदालाई आम जनताको हितमा प्रयोग गर्ने हो, भने जनताको जीवनस्तरमा निकै सुधार गर्न सकिन्छ । मरुभूमिलाई समेत उर्वर बनाएर खाडी मुलुकहरुले नेपालीहरुलाई रोजगारी दिएका छन त्यसको तुलनमामा नेपालमा प्रचुर संभावनाहरु छन, केवल खाँचो छ विकास प्रतिको दीगो सोच र प्रतिबद्धताको (कास्की जिल्लाको पर्यटन गुरुयोजना २०६८-०७८) ।

नेपालको आर्थिक विकासका मुख्य आधारशीला कृषि, जलस्रोत र पर्यटन हुन् जसलाई राज्यले प्रमुख प्राथमिकताको क्षेत्रमा राखी सोही अनुसार नीति निर्माण गरेको पाइन्छ । यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा एवं आम्दानीको स्रोत कृषि भए पनि कृषि क्षेत्रमा आधुनिकता नभित्रिईसकेको परिप्रेक्ष्यमा पुरानै शैलीबाट हुने उत्पादनबाट आशातीत सफलता हासिल हुन सकेको छैन । त्यसैगरी, जलस्रोतमा विश्वकै दोस्रो ठूलो देश भएर पनि प्रचुर सम्भावनाका बाबजुद पर्याप्त पूँजी प्रविधि र जनशक्तिको कमिले यसको विकास पनि त्यति सहज भइरहेको छैन । यस अर्थमा पनि पर्यटन विकास आर्थिक र समृद्धिको अर्को खुड्किला हुन सक्छ (शर्मा,२०००) ।

नेपाल आकारले सानो भएपनि प्राकृतिक, सांस्कृतिक सम्पदा तथा जैविक विविधताले गर्दा विश्वमै फराकिलो हुन पुगेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, बुद्धको जन्मस्थल लुम्बिनी, हिमाल आरोहण, पर्वतीय पदयात्रा, नदीमा जलविहार तथा साहसिक पर्यटन यस उद्योगका आधार स्तम्भ हुन् । त्यसैगरी बन्जी जम्प, जीवजन्तु, चराचुरुङ्गी तथा विविध प्रजातीका वनस्पति अवलोकन गर्न सकिने देश हो नेपाल । नेपालको हावापानीले मात्र होइन यहाँको कला, संस्कृति, रितिरिवाज, चाडपर्व, रहनसहन एवं ग्रामीण परिवेशहरुले पर्यटकलाई आकर्षित गर्छन् । सेताम्मे हिमाल, गहिरा खोच, ताल, गुफा, उपत्यका, झरना लगायतका प्राकृतिक सुन्दरताले पर्यटकलाई लोभ्याउछन् । अध्ययन अनुसन्धान गर्नेका लागि पनि नेपाल एक उर्वरभूमि हो । तसर्थ पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको बलियो आधारको रूपमा लिन सकिन्छ (इ.पी.एस् २०११) ।

अन्य उद्योग व्यवसाय भन्दा तुलनात्मक रूपमा कम पूँजी, प्रविधि र जनशक्ति द्वारा सञ्चालन गर्न सकिने पर्यटन उद्योगको विकासबाट नेपालमा आर्थिक तथा सांस्कृतिक एवं सामाजिक विकास गरी गरिबी-न्यूनीकरण गर्दैगरिबी निवारणतर्फ उन्मुख हुन सकिने प्रबल सम्भावना रहेको देखिन्छ । पर्यटन विकासमा यीनै सम्पदाहरुलाई आवश्यक संरक्षण एवं सम्वर्द्धन गर्दै ग्रामीण पर्यटन कार्यक्रम मार्फत दिगो पर्यटन विकासको अवधारणालाई आत्मसात् गर्नु सान्दर्भिक देखिन्छ । दिगो पर्यटन विकास कार्यक्रमबाट मात्र हामी यस क्षेत्रबाट अपेक्षित सफलता हासिल गर्न सक्छौं । यसै सन्दर्भमा पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गर्न नेपालका विभिन्न १४ स्थानमा पर्यटकहरु स्थानीय जनताका घरमा बसी वरपरको पर्यटकीय स्थलको भ्रमण गर्ने मोडलमा आधारित होमस्टे कार्यक्रम सञ्चालन

गर्न सम्भाव्यता अध्ययन भइरहेको छ । त्यस्तै कतिपय गा.वि.स.मा समेत पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालित भैसकेका छन् ।

विश्वकै दुर्लभ वन्यजन्तु, हिमाल ,पहाड,झरना, खोँच तालतलैया, नदीहरु विद्यमान् छन् । पर्यटन व्यवसायको लागि गन्तव्यस्थलको रुपमा लुम्बिनी, जनकपूर, पशुपतिनाथ ,खप्तड, मुक्तिनाथ, रारा, फेवा लगायतका तालहरु र अन्य ग्रामीण पर्यटकीय पूर्वाधारको विकास गर्ने हो भने लाखौं करोडौं विदेशीको घुँइचो लाग्न सक्छ र मुलुक विदेशी मुद्रा आर्जनको खानी नै बन्न सक्दछ । अझ खनिज स्रोतसाधनको त खोजी भएकै छैन केवल पर्यटन, कृषि, विद्युतको विकास र प्रवर्द्धन गर्न सकेमा पनि आम नेपालीले यसरी विदेशिनु पर्दैनथ्यो ।

नेपालमा पर्यटनको दृष्टिकोणले स्याङ्जा र कास्की जिल्ला प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छन् । यी जिल्ला भित्र पनि अनेकौं स्थानहरु विविध पर्यटकीय संभावनाहरुले युक्त छन् । आज विज्ञान, प्रविधि,र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गईरहेको अवस्थामा यस्ता राष्ट्रिय सम्पदा र ग्रामीण पर्यटनका संभावित स्थलहरुलाई मुलुक भित्रका साथै विश्व सामू प्रस्तुत गर्दै राष्ट्रिय र विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । त्यसमा पनि हामी जस्ता शोधार्थीहरुले पनि राष्ट्रिय अर्थतन्त्रलाई माथि उठाउन शोधकार्य गर्दा यस्ता संभावनाको खोज र अनुसन्धानमा जोड दिनु जरुरी देखिन्छ ।

पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधिकरण र विस्तारद्धारा आम नागरिक र खासगरी ग्रामीण समूदायको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन अपरिहार्य भएको छ । यस प्रयोजनार्थ नेपालका ग्रामीण पर्यटकीय संभावना भएका स्थलहरु मध्येको एक मट्टिखान क्षेत्रका विविध सम्दाको खोज गरी तिनीहरुको समुचित संरक्षण र सम्वर्द्धन गर्दै पर्यटनको प्रवर्द्धन गर्न अत्यावश्यक भएको छ ।

## १.२ समस्याको कथन

पर्यटन नेपालको अर्थतन्त्रको विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउने क्षेत्र हो । पर्यटन क्षेत्रले रोजगारी सृजना गर्ने ग्रामिण क्षेत्रको गरीबी न्यूनीकरण गर्दे क्षेत्रीय विकासमा अहम भूमिका खेलेको छ । सन् २००९ मा पर्यटन क्षेत्रबाट कुल ३७७१.७२ लाख

अमेरिकी डलर आम्दानी भएको र ५ लाख ९ हजार ९ सय छपन्न जना पर्यटक आएका थिए । सन् २००८ को तुलनामा १.६ प्रतिशतले वृद्धि भएको थियो । पर्यटकको बसाई ११/१२ दिन रहेको थियो । पर्यटन क्षेत्रको योगदान २.१६ प्रतिशत रहेको छ । यसले ९० हजार जनतालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । नेपाल सरकारले पर्यटनलाई प्रर्वद्धन र विकास गर्न सन् २०११ लाई “नेपाल भ्रमण बर्ष” घोषणा गरेको थियो । जसको नारा “पर्यटनसँग सँगसगै” भन्ने थियो । नेपाल सरकारले सन २०२० सम्म २० लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य राखेको छ (नेपाल टुरिजम स्टाटिसटिक्स,२०११) ।

भ्रमणको उद्देश्य मनोरञ्जन, व्यवसाय प्रवर्द्धन, भेला, सभा सम्मेलन, पर्वतारोहण तथा अन्य कार्यहरुको अवलोकन जस्तै : पदयात्रा, जलयात्रा, ऱ्याफि्टङ, बन्जीजम्पिङ, प्याराग्लाइडिङ, मौलिक संस्कृति प्रवर्द्धन तथा बजारीकरण, धार्मिक दर्शन, खेलकुदको विकास, चलचित्र छाँयाकन, शैक्षिक प्रतिष्ठानलाई बजारीकरण गरी विदेशी विद्यार्थीलाई तालिम र अध्ययनको अवसर प्रदान आध्यात्मिक साधना, योग साधना प्राकृतिक उपचार केन्द्र विकास गर्ने र कृषिजन्य उपजको प्रयोग बढाउन “एक गाउँ एक उत्पादन” जस्ता कार्यक्रम गरी पर्यटन प्रवर्द्धन र विकास गर्न सकिने सम्भावना नेपालमा प्रशस्त देखिन्छ (पर्यटन नीति, २०६५) ।

गरिबी निवारण र आर्थिक विकासमा ठोस योगदान पुऱ्याउने राष्ट्रिय उद्देश्य सहित ग्रामीण पर्यटन विकासको अवधारणा अनुरूप ग्रामीण तहसम्म पर्यटनको विस्तार गरी समन्वयात्मक तरीकाले स्थानीयहरूसँगको सहकार्यबाट सन्तुलिन विकास हासिल गर्न सकिन्छ । यातायात, सञ्चार, विद्युत, खानेपानी जस्ता पूर्वाधार निर्माण गर्न तथा ग्रामीण पर्यटनको महत्व औंल्याउन नसक्दा ग्रामीण पर्यटनको सम्भावना बोकेका कतिपय गाउँहरू पर्यटकको पहुँचबाट टाढै रही ओझेलमा परेका छन् यद्यपि पछिल्लो केही समय यता होमस्टेको अवधारणाले कतिपय स्थानहरु पर्यटकीय गन्तव्यस्थलका रूपमा उजागर भई ग्रामीण पर्यटन विकासमा थप टेवा पुऱ्याइरहेका छन् । ग्रामीण पर्यटन विकासलाई नियाल्दा पर्यटकीय विकासतर्फ उन्मुख स्थानहरूका स्थानीय स्रोत र साधन कसरी र कुन रूपमा प्रयोग एवं परिचालन भइरहेका छन् ?भन्ने प्रश्न अहम् रूपमा अगाडि आउँछ । तीनै प्राकृतिक, साँस्कृतिक एवं ऐतिहासिक रूपमा रहेका सम्पदाहरुको संरक्षण र प्रबर्द्धनलाई अघि लिएर जानुलाई नै स्थानीयको ग्रामीण पर्यटन प्रतिको सकारात्मक सोचका रूपमा लिन सकिन्छ (इनफिल्ड, २००३) ।

विकासका सवालहरूमा स्थानीयको धारणा एवं सहभागिता अनिवार्य हुँदाहुँदै पनि कतिपय ठाउँहरुमा स्थानीयलाई उचित स्थान नदिएको स्थिति छ । यसमा पनि पर्यटन विकासको सन्दर्भमा स्थानीयको भूमिका अनिवार्य आवश्यकताका रूपमा लिन सकिन्छ । ग्रामीण पर्यटन विकासको प्रचूर सम्भावना बोकेको नेपालकै स्याङ्गजा जिल्ला, फेदीखोला गा.वि.स. र कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स. स्थित मट्टिखान गाउँमा ग्रामीण पर्यटन विकासका सन्दर्भमा स्थानीयको धारणा बुझ्नु नै सोध अध्ययनको मूल प्रश्न हो । ग्रामीण पर्यटन विकासका सम्बन्धी अन्य धेरै अध्ययन अनुसन्धान भएपनि ग्रामिण पर्यटनको सम्भावनाको दृष्टिकोणले उक्त क्षेत्र सार्न्दभिक हुनसक्छ भन्ने महशुस सहित यो शोध कार्यले निम्न अनुसन्धनात्मक प्रश्नहरुको जवाफ खोतल्नमै केन्द्रित रहेको छ ।

- आर्थिक विकासका सर्न्दभमा स्थानीयको हाल मुख्य आम्दानीका स्रोत के - के हुन् ?
- ग्रामीण पर्यटन बारे स्थानीयहरु के कति जानकार एवं सचेत छन् ?
- स्थानीयको शैक्षिक एवं आर्थिक स्तरले पर्यटन विकासमा कस्तो भूमिका खेल्छ ?
- पर्यटन विकासको दृष्टिकोणले के कस्तो स्रोत साधन एवं पूर्वाधार उपयोग गर्न सकिन्छ ?
- पर्यटकीय सम्भावनाका कुन कुन तत्वले उक्त ठाउँको पर्यटन विकासमा टेवा पुऱ्याउन सक्छन् ?
- ऐतिहासिक,साँस्कृतिक प्राकृतिक एवं धार्मिक,पूरातात्विक,जैविक,मानवनिर्मित स्थलहरुमार्फत कसरी ग्रामीण पर्यटनको विकास गर्न सकिन्छ ?पर्यटकलाई आकर्षण गर्ने प्रमुख पक्षहरु के के छन् ?
- ग्रामीण पर्यटनको संभावना के कस्तो छ ? पर्यटकीय स्थलको रुपमा यस क्षेत्रका विकास कसरी गर्न सकिन्छ ?
- ग्रामीण पर्यटन विकासका लागि नेपाल सरकार,निजी क्षेत्र,सामुदायिक संघसंस्था तथा स्थानीय निकाय लगायतका निकायबाट स्थानीयले के कस्तो अपेक्षा गरेका छन् ?
- ग्रामीण पर्यटनको विकास गर्दा आइपर्ने समस्या तथा चुनौतीहरु के-के हुन सक्छन् ?

## १.३ अध्ययनको उद्देश्य

स्याङ्गजा जिल्ला फेदिखोला गाविस र कास्की जिल्ला कृस्ति नाच्नेचौर गाविस स्थित मट्टिखान गाउँका स्थानीय व्यक्तिहरुको उक्त स्थानमा ग्रामीण पर्यटन विकासको सम्भावनाबारे स्थानीयको अबधारणाको अध्ययनलाई समग्रमा सामान्य उद्देश्यका रुपमा लिइएको छ। त्यसै गरी अध्ययनको विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन्।

- अध्ययन स्थलका प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक एवं धार्मिक महत्वका स्थलहरुको खोज, अनुसन्धान गरी पर्यटन प्रवर्द्धनका संभावित स्थानको पहिचान गर्ने।
- उत्तरदाताहरुको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको विश्लेषण गर्ने।
- ग्रामीण पर्यटनको संभावनाबारे स्थानीयको धारणा पत्ता लगाउने।
- ग्रामीण पर्यटनको विकासमा स्थानीय उत्तरदाताहरुको सहभागिताको स्थिति पत्ता लगाउने।

## १.४ अध्ययनको आवश्यकता तथा महत्व

विगतलाई नियाल्दा, पछिल्लो ५० वर्ष यता पर्यटन उद्योग विश्वमै ठूलो एवं द्रुतत्तर गतिमा मौलाइरहेको उद्योग हो। यसले विश्वकै जनसंख्यामध्ये सात प्रतिशतलाई रोजगारी सिर्जना गरी कुल आम्दानीको ६ प्रतिशत हिस्सा ओगट्न सफल रहेको पाइन्छ। विश्वमा प्राय : सबै मुलुकले पर्यटन विकासमा विशेष जोड दिइरहेको सन्दर्भमा नेपाल पनि अछुतो रहन सकेन। नेपाल जस्तो मुलुकमा त झन् ग्रामीण पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना छ। नेपालमै पनि कुल ग्राहस्थ उत्पादनको ३ प्रतिशत रकम पर्यटन उद्योगबाटै प्राप्त हुन्छ। नेपालमा पर्यटन उद्योगले विदेशी मुद्रा आर्जन, व्यापारको विकास, रोजगारी सिर्जना तथा राष्ट्रिय आम्दानीमा प्रमुख भूमिका खेलिरहेको छ। योजना तहदेखि राज्य संचालनका विभिन्न तह तथा तप्काका निकायहरुले नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि मुख्य आधारका रुपमा पर्यटन उद्योगलाई लिएका छन् (टी.पी.सी., २००९)।

नेपालको अन्तरिम संविधान, २०६३ मा भएको चौथो संसोधनबाट “नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य” घोषणा हुनुका साथै शान्ति प्रक्रियालाई तार्किक, निष्कर्षमा पुऱ्याउन आवश्यक प्रयास भैरहेको छ। नेपालमा परिवर्तनका सकारात्मक उपलब्धी स्वरुप सन् २००७ मा पाँचलाख भन्दा बढी पर्यटक नेपाल भ्रमण गरेबाट मुलुकमा

पर्यटन आवागमनको संख्यामा बृद्धि मात्र नभई पर्यटन व्यवसायमा राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहना बृद्धि हुन गएका संकेतहरु देखा परेका छन् । पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र जनतामा पुऱ्याउन ग्रामिण पर्यटकीय क्रियाकलापको विस्तार तथा अभिवृद्धि गर्ने र त्यसका लागि नयाँ पर्यटन स्थलको खोजी, पहिचान, पर्यटन पूर्वाधार विकास, पर्यटनलाई उपलब्ध गराउने सेवाको गुणस्तरमा वृद्धि, सहज पहुँच, सुरक्षित गन्तव्य, बसाईको अवधि लम्ब्याउने जस्ता विविध पक्षलाई सम्वोधन गरी स्वदेशी पर्यटकीय कृयाकलाप र गतिविधि बढाउने, विदेशी मुद्राको आर्जन, रोजगारीका अवसरको वृद्धि सँगसगै स्थानीय जनताको जीवनस्तरमा सुधार गरी पर्यटनलाई गरिबी निवारण र नयाँ आर्थिक विकाससँग आवद्ध गरी पर्यटनको विकास गर्नुपर्ने देखिन्छ ।

पर्यटन सेवाको क्षेत्रलाई संख्यात्मक र गुणात्मक वृद्धि गर्ने काम सरकारी क्षेत्रबाट मात्र संम्भव नभएकोले सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्र समेतको संयुक्त साझेदारीमा पर्यटन क्षेत्रको विकास गरिनु आवश्यक छ । तसर्थ हामी जस्ता शोधार्थीहरुले पनि पर्यटकीय क्षेत्रको खोज, अनुसन्धान गरी त्यस्ता सम्पदाको संरक्षण र सम्बर्द्धनमा उचित ध्यान दिनु जरुरी छ ,जसबाट पर्यटन क्षेत्रको विविधिकरण र विस्तार हुन्छ र सर्वसाधारण जनताको जीवनस्तरमा सुधार भई राष्ट्यि अर्थतन्त्र मजबुत हुन जान्छ । पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरीवी निवारण सँगै आवद्धगर्दै पर्यटनलाई उद्योगको रुपमा विकास गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गरिनुपर्दछ । यिनै पृष्ठभूमीमा पर्यटन प्रवर्द्धनलाई नयाँ उचाईमा पुऱ्याई आर्थिक परिवर्तनको आधारशीला तयार गर्न ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा विकास गरी स्वरोजगार सिर्जना गर्न, मट्टिखान श्रृंखलाको सत्य तथ्य बाहिर उजागर गर्न र पर्यटकीय संम्भावना पहिल्याउन यस्ता खोज अध्ययन अनुसन्धान गर्नु जरुरी भएकोले मैले यस अध्ययनको विषय छनौट गरेको हुँ ।

प्रस्तुत सन्दर्भमा स्याङ्गजा जिल्ला फेदिखोला गाविस र कास्की जिल्ला कृस्ति नाच्नेचौर गाविस स्थित मट्टिखान गाउँ पर्यटकीय सम्भावना बोकेको गाउँ हो । विभिन्न गन्तव्यस्थलहरु तथा सम्पदाहरु रहेको यस ठाउँमा स्थानीयको समेत सहभागितामा होमस्टे,पदयात्रा, दृश्याबलोकन, पर्यापर्यटनको अवधारणा सहितको ग्रामीण पर्यटन विकासको सम्भावनालाई उजागर गर्नु यस अध्ययनको महत्वपूर्ण पक्षको रुपमा लिइएको छ ।

मट्टिखान श्रृंखला र यसका वरिपरिका क्षेत्रलाई आर्कषक, रमणीय र सुरक्षित ग्रामीण पर्यटकीय र क्षेत्र बनाउदै त्यस क्षेत्रमा पर्यटकीय गतिविधि र व्यवसायमा वृद्धि भई सर्वसाधारण जनतामा स्वरोजगारीका अवसर प्राप्त हुनेछ । जसले उत्पादनशीलता र समुदायको जीवनस्तरमा सुधार हुन जान्छ । ग्रामीण पर्यटन क्षेत्रमा स्थानीय समुदायको स्वामित्व र गुणस्तरीय सेवाको प्रतिस्पर्धामा विकास हुन जानेछ । पर्यटनका थप नयाँ संभावनाका क्षेत्रहरुमा पूर्वाधार निर्माण र विकास तर्फ लगानी प्रवर्द्धन गर्न प्रोत्साहन मिल्नेछ । त्यस क्षेत्रका सामाजिक, साँस्कृतिक र स्थानीय उत्पादनको पर्यटक मार्फत बजारीकरणको अवसरप्राप्त हुने तथा स्थानीय सम्पदाको संरक्षण र प्रचार प्रसारबाट यहाँका विशेषताहरु अन्यत्र फैलाउन सहज हुन्छ ।

## १.५ शब्दावली परिभाषा :

### १.५.१ पर्यटनः

सामान्यतया बोलचालको भाषामा भन्नुपर्दा कुनै पनि व्यक्तिले आफू बसोबास गरेको इलाका भन्दा बाहिर गई गरेको यात्रालाई नै पर्यटन भनिन्छ । पर्यटक शब्दको उत्पत्ति सन् १२९२ तिर भएको हो । यो शब्द ल्याटिन भाषाको 'टोरनस' भन्ने शब्दबाट उत्पन्न भएको हो, जसको अर्थ वृत देखाउने उपकरण तथा घुमन्तेको चक्र भन्ने हुन्छ । सन् १६४३ मा विभिन्न स्थलको 'वृत्ताकार' रुपमा यात्रा गर्ने तथा कुनै पनि देशको चारै कुनाका मुख्य स्थलहरुको यात्रा गर्ने यात्रीलाई बुझाउन 'पर्यटक' शब्दको प्रयोग भएको थियो (नेगी, १९८२) ।

यसप्रकार शुरुशुरुमा पर्यटक शब्दले 'चक्राकार'रुपमा गरिने यात्राको भावनालाई व्यक्त गर्दथ्यो । अक्सफोर्ड शब्दकोषले सन् १८०० देखि मात्र पर्यटक तथा टुरिष्ट शब्दको प्रयोग हुन थालेको विवरण दिएको थियो (भाटिया, १९९७) ।

आर्थिक, साँस्कृतिक, मनोरञ्जनात्मक, पारिवारिक, स्वास्थ्योपचार लगायत अध्ययन वा मोजमज्जा वा अन्य कुनै पनि कारणले एउटा व्यक्ति आफ्नो निवासस्थान छाडेर, आफ्नो देश भित्रकै वा देश बाहिर अन्य मुलुकका विभिन्न स्थल भ्रमण गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटक र उसको भ्रमणको सिलसिला र त्यसबाट उत्पन्न सम्पूर्ण परिणामहरुको समष्टिरुपलाई पर्यटन भनिन्छ (टुरिजम मार्केट ट्रेण्डस,१९८६) ।

मानव समाजको विकासको क्रममा मानिसहरु विभिन्न उद्देश्यले एक ठाउँबाट अर्कोठाउँमा यात्रा गर्ने गर्दथे । पछि त्यही यात्राले पर्यटनको रुप लिएको पाईन्छ । त्यस समयको यात्रा विशेष गरी जीवन निर्वाहकालागि हुने गर्दथ्यो । आजको युगमा मानिस आफ्नो फुर्सदको केही समयलाई देश विदेश घुम्नमा प्रयोग गर्दछन् । पर्यटनले आफूभन्दा टाढाको समाज, सँस्कृति र प्राकृतिक सौन्दर्यसित परिचित गराएको हुन्छ । पर्यटनले विभिन्न सामाजिक परिवेश भएका व्यक्तिहरुलाई एक ठाउँमा ल्याएर सामाजिक अन्तरसम्बन्धको दायरालाई फराकिलो बनाउनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ (नेपाल राष्ट्र बैंक,२०५७) ।

**१.५.२. पर्यटन व्यवसायः**

कुनै पनि व्यक्ति आफ्नो निवास स्थान छोडेर अन्य स्थान वा मूलुकतर्फ विभिन्न उद्देश्यको लागि भ्रमण गर्दछ भने उसलाई पर्यटक भनिन्छ । पर्यटकहरुलाई सेवा उपलब्ध गराउने उद्देश्य राखेर स्थापना भएका व्यवसायलाई नै पर्यटन व्यवसाय भनिन्छ । यस्ता व्यवसाय भित्र होटल, लज, रेष्टुरेन्ट, होमस्टे, ट्रेकिङ एजेन्सी, ट्राभल एजेन्सी, प्याराग्लाईडिङ, इम्ब्रोइडरी, गार्मेन्ट, पुस्तक पसल, कम्युनिकेशन आदि पर्दछन् ।

पर्यटन एउटा सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक प्रक्रिया हो । पर्यटनको माध्यमबाट एक ठाउँबाट अन्य ठाउँको सामाजिक, सांस्कृतिक प्रक्रियाहरु आदान प्रदान हुने गर्दछन् । पर्यटनले अन्तराष्ट्रिय मेलमिलाप बढाउनुका अतिरिक्त संसारका मानवहरुबीच सामाजिक र सांस्कृतिक समझदारीको वृद्धि गर्ने काम प्रत्यक्ष भेटघाट गराएर गर्दछ ।

पर्यटनको विकासले विश्वमा सामाजिक सम्बन्धको विस्तार गरी आपसी अन्तरनिर्भरतालाई बढाउँछ र साथै पर्यटन व्यवसायले अन्तराष्ट्रिय राजनीतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित गरिरहेको हुन्छ । पर्यटन व्यवसायको माध्यमबाट विश्वशान्ति र सुरक्षाको वातावरण प्राप्त हुने गर्दछ ।

पर्यटन उद्योग विश्वका ठूला उद्योगहरु मध्ये प्रमुख उद्योग भएकोले वर्तमानमा यसलाई विदेशी मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधारको रुपमा लिइन्छ । त्यसैले विश्वमै पर्यटन सम्बन्धी चहल पहलमा वृद्धि भएको पाईन्छ । पर्यटन सभ्यताको मापदण्ड र विश्व अर्थतन्त्रको एक महत्वपूर्ण अंग बन्न पुगको छ । पर्यटनले प्रत्यक्ष अप्रत्यक्ष किसिमबाट रोजगारीको अवसर उपलब्ध गराएर विश्वका अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पारेको छ । पर्यटनको ठूलो प्रभाव अझ विकसित र ठूला मुलुकहरुमा मात्र नभई साना समुदाय र ग्रामीण क्षेत्रमा बढी परेको हुन्छ । पर्यटन व्यवसायका

सकारात्मकका साथै केही नकारात्मक पक्षहरु पनि रहेका देखिन्छन् । पर्यटन्को माध्यमले अन्तर्राष्ट्रिय विकृतिहरुको आदान प्रदान पनि हुने गर्दछ । तसर्थ यसका विकृति र नकारात्क पक्षको न्युनीकरण गर्दै नेपाललाई विश्व पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउने तेह्रौ योजनाको उद्देश्य रहेको छ ।

वर्तमानमा पर्यटनलाई मानव सभ्यताको एक महत्वपूर्ण अंगको रुपमा लिन सकिन्छ । मनोरञ्जन,ज्ञान आर्जन तथा कामबाट उत्पन्न शारिरीक, मानसिक शिथिलताबाट मुक्ति पाउने उपायको खोजी गर्दै नयाँ ठाउँहरुको यात्रा गर्न, अपरिचित सभ्यता तथा संस्कृतिको अध्ययन गर्ने उद्देश्यले आजको मानव आफ्नै देश वा समाजबाट अन्य देश वा समाजमा जाने गर्दछ । वर्तमान समयमा पर्यटन विश्वव्यापी परिघटनाको रुपमा विकसित भैसकेको छ । मानिसहरु सधैं आफूजन्मे, हुर्केको ठाउँमा मात्र रमाउँदैनन् । उनीहरु त्यस बाहेक अन्य ठाउँमा गएर मनोरञ्जन लिन चाहन्छन् । त्यसकारण उनीहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा यात्रा गर्ने गर्दछन ।

नेपाल विकासोन्मूख देश भएकाले यहाँ विभिन्न समस्याहरु रहेका छन् त्यस मध्ये गरिबी र वेरोजगारी मुख्य समस्या हो । यस्तो गम्भीर परिस्थितिमा देशमा आय आर्जन गर्ने नयाँ विकल्पको रुपमा पर्यटन व्यवसायलाई लिइएको छ । पर्यटन व्यवसायबाट बेरोजगारी समस्या न्यूनीकरण हुनुका साथै विदेशी मुद्राको आर्जन गर्न सकिन्छ (नेपाल राष्ट्र बैंक,२०५७)।

## १.६ अध्ययनको सिमा

सामान्यतयाा यो अध्ययन विशुद्ध शैक्षिक प्रयोजनका लागि निश्चित समय, बजेट र स्रोत साधन भित्र रहेर गरिएको अध्ययन हो । नेपालका ग्रामीण पर्यटकीय स्थलहरुमध्ये स्याङ्जा र कास्की जिल्लाको सिमानामा पर्ने “मट्टिखान” भ्यू टावर, साल्मेडाँडा र नुवाकोट क्षेत्र समेट्ने मट्टिखान श्रृखला क्षेत्र र यसको प्रभाव क्षेत्रका स्थानीय बासिन्दाहरुको ग्रामीण पर्यटन सम्बन्धी धारणा के छ ? भनी खोज अध्ययन, अनुसन्धान र विश्लेषण गरी सत्य तथ्य बाहिर ल्याउने र त्यस क्षेत्रको पर्यटकीय संम्भावनालाई सवै समक्ष उजागर गर्ने प्रयास स्वरुप यो अध्ययन गरिएको हो ।

यस अध्ययनमा प्रयोग गरिएका तथ्याङ्कहरुको स्रोत र आधार खुलाउन अधिकतम प्रयत्न गरिएको छ ।पर्यटन क्षेत्रको योगदान राष्ट्रिय विकासमा महत्वपूर्ण भएको, यस क्षेत्रका सम्भावनामा वृद्धि भैरहेको तथा पर्यटनलाई राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रुपमा विकास गर्ने नीति रहेको परिप्रेक्ष्यलाई ध्यान दिदै २०६९ बैशाख देखि २०७ चैत्रसम्मको समयावधिलाई आधार मानेर यो शोध पत्र तयार भएको हो । यो अध्ययनको निश्कर्षले समग्र राष्ट्रलाई केही हदसम्म मात्र प्रतिनिधित्व गर्न सक्छ भन्ने मैले आशा गरेको छु ।

यो समाजशास्त्रीय अध्ययन स्याङ्जा जिल्ला फेदिखोला गा.वि.स. स्थित वडा नं.५,६, ८ र कास्की जिल्ला कृस्ति नाच्ने चौर गा.वि.स. स्थित वडा नं ८ र ९ का बासिन्दाहरुमा सिमित रहेर गरिएको अध्ययन अनुसन्धान हो । यसले मट्टिखान भ्यू टावर, चण्डीडाँडा उच्च मा.वि, कालिकाकोट, कालाभैरव मन्दिर, साल्मेडाँडा र ऐतिहासिक दरबार स्थल नुवाकोटको श्रृखलालाई मात्र समेट्दछ । जुन पर्यटकीय नगरी पोखराबाट दक्षिणतर्फ करिव ९ कि.मी.मा पर्दछ । यस बाहेक अन्यक्षेत्रलाई यस अध्ययनले सम्बोधन गरेको छैन र यसका निश्कर्ष अन्यत्र सामान्यीकरण नहुन पनि सक्दछन् ।

## १.७ अध्ययनको संगठन

यस अध्ययनको शोधपत्रलाई विभिन्न आठ अध्यायमा विभाजित गरिएको छ , जसमा परिचयदेखि अध्ययनको साराशं, निष्कर्ष र सुझावहरु समावेश गरिएको छ । पहिलो अध्यायमा परिचय जस अन्तर्गत पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको आवश्यकता तथा महत्व, शब्दावली परिभाषा, अध्ययनको सीमा र अध्ययनको संगठनलाई समावेश गरिएको छ । त्यस्तै दोस्रो अध्यायमा साहित्यको समिक्षा अन्तर्गत पर्यटनको अवधारणागत पुनरावलोकन, पर्यटन र ग्रामीण पर्यटनको अवधारणा, साँस्कृतिक पर्यटन,पर्यटनको ऐतिहासिक पृष्ठभूमि र विकासक्रम, नेपालमा पर्यटनको विकासको इतिहास, नेपालमा पर्यटन उद्योगको अवस्था,नेपालको राष्ट्रिय प्राथमिकतामा पर्यटन र अध्ययनसँग सम्वन्धित पूर्व साहित्यको समीक्षालाई प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा अनुसन्धान विधि राखिएको छ,जस अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृतिहरु, अध्ययनको समग्रता, तथ्याङ्क संकलन विधिहरु, तथ्याङ्कको प्रामाणिकता र विश्वसनीयता, तथ्याङ्कको विष्लेषण र प्रस्तुतीकरण जस्ता पक्षहरुलाई समेटिएको छ ।

चौथोमा अध्यायमा नेपालको भौगोलिक अवस्थिति, स्याङ्जा र कास्की जिल्लाको परिचय, अध्ययन क्षेत्रको परिचय र भौगोलिक अवस्थिति, मट्टिखान, नुवाकोट र साल्मेडाँडाको परिचय उल्लेख गरिएको छ । अध्याय पाँचमा अध्ययन क्षेत्रको प्राकृतिक,ऐतिहासिक, पुरातात्विक र मानवनिर्मित सम्पदाको पहिचान र उत्तरदाताको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षलाई उल्लेख गरिएको छ ।

अध्याय छ मा ग्रामीण पर्यटनको संभावनावारे स्थानीयको धारणा, अध्याय सातमा ग्रामीण पर्यटनको विकासमा स्थानीय उत्तरदाताहरुको सहभागिता जस्ता पक्षहरु उल्लेख गरिएको छ । अन्त्यमा अध्याय आठमा अध्ययनको सारांश, निष्कर्ष र केही सुझावहरु उल्लेख गरिएको छ ।

# अध्याय दुई

# साहित्यको समीक्षा

## २.१ पर्यटनको अवधारणागत पुनरावलोकन :

### २.१.१ पर्यटनको अवधारणा :

मानिस स्वाभावैले एक जिज्ञासु प्राणी भएकाले जीवनमा केही नयाँ कुरा देख्न र जान्न चाहन्छ । त्यसैले मानिस एक स्थानबाट अर्को स्थानमा यात्रा र भ्रमण गर्न शुरु गऱ्यो ती भ्रमण गर्ने व्यक्तिहरु पर्यटक कहलिए (रेग्मी १९९१) ।

"Tour" शब्द ल्याटिन भाषाको"Tornane" र ग्रीक भाषाको "Tomus" शब्दबाट मिलेर आएको शब्द हो । जसको अर्थ कुनै स्थानलाई केन्द्रविन्दु बनाएर त्यसको वरिपरि वृत्ताकारमा घुम्ने अक्ष भन्ने बुझिन्छ । विश्व व्यापार संगठनको अनुसार पर्यटकहरु भनेका कम्तीमा अस्थायी रुपमा २४ घण्टा भ्रमण गर्ने र भ्रमणको उद्देश्य, विदा, मनोरञ्जन, स्वास्थ्य सेवा, अध्ययन, धार्मिक कार्य, भ्रमण र खेलकुद तथा अन्य व्यापार व्यवसाय, बैठक र पारिवारिक यात्रा जस्ता कुराहरु पर्दछन् (कुँवर, २००६) ।

पर्यटन एउटा मानवीय क्रियाकलाप हो, जसले राष्ट्रिय र अन्तराष्ट्रिय सम्बन्ध सुमधुर राख्न र आपसी भाइचाराको सम्बन्ध बढाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

समयको वहावसँगै पर्यटन पनि दिन प्रतिदिन संसारमा लोकप्रिय कार्य र तनाव न्यूनीकरणको उपाय बन्दै गएको छ । भ्रमण/यात्रा सुरक्षित, भरपर्दो, विश्वननीय, आनन्दित र मनोरञ्जनपूर्ण हुनुपर्छ । पर्यटकहरु सुरक्षित तवरले विभिन्न स्थानहरु भ्रमण गर्न चाहन्छन् । नयाँ ज्ञान हासिल गर्न र नयाँ पर्यटकीय गन्तव्य स्थलहरुका भ्रमण गरी भरपूर प्राकृतिक सौन्दर्यको आनन्द लिन विविध स्थानहरुको यात्रा र भ्रमण तय गर्दछन् ।

नेपालको आर्थिक विकासका मुख्य आधारशीला कृषि, जलस्रोत र पर्यटन हुन् जसलाई राज्यले प्रमुख प्राथमिकताको क्षेत्रमा राखी सोही अनुसार नीति निर्माण गरेको पाइन्छ । यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा एवं आम्दानीको स्रोत कृषि भए पनि कृषि क्षेत्रमा आधुनिकता नभित्रिईसकेको परिप्रेक्ष्यमा पुरानै शैलीबाट हुने उत्पादनबाट आशातीत सफलता हासिल हुन सकेको छैन । त्यसैगरी, जलस्रोतमा विश्वकै दोस्रो ठूलो देश भएर पनि प्रचुर सम्भावनाका बाबजुद पर्याप्त पूँजी प्रविधि र जनशक्तिको कमिले यसको

विकास पनि त्यति सहज भइरहेको छैन । यस अर्थमा पनि पर्यटन विकास आर्थिक र समृद्धिको अर्को खुड्किला हुन सक्छ ।

प्राचीन समय देखि नै यात्रा वा भ्रमण गर्ने क्रम चलिआएको भएपनि आधुनिक पर्यटनका विकासक्रम भने दोस्रो विश्वयुद्धपछि १९५० को दशकबाट सुरु भएको मानिन्छ । आधुनिक पर्यटनको विकाससँगै सस्तो आवास र द्रुत यातायत सेवाका कारण कृत्रिम संरचनाबाट प्राप्त सेवासुविधा र भौतिक विलाशीताको उपभोग गर्दै अघि बढेको परम्परागत पर्यटन एकै किसिमको क्रियाकलापमा सरिक हुने समुहगत गतिविधिको रुपमा अगाडी बढ्दै १९७० को दशकमा उत्कर्षमा आइपुग्यो (कोलियार, १९८९) । यस किसिमको पर्यटन खुला बजारको नीतिअनुरूप अल्पकालमा धेरै मुनाफा कमाउने उद्देश्यले प्रेरित हुन्छ । परम्परागत ग्रामीण पर्यटन, मौलाएको अति व्यवसायीकरणको वातवारण पर्यटकीय स्रोत, सम्पदा र सामाजिक जनजीवनमा परेको प्रतिकुलतालाई कमी गर्न वैकल्पिक माध्यम हुन सक्छ । ग्रामीण पर्यटनका मुख्य आधारशीला प्राकृतिक एवं सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु हुन् । यस्ता सम्पदाहरुको अध्ययन, अनुसन्धान संरक्षण, सम्मान र मनोरञ्जनका लागि गरिने अवलोकन भ्रमण ग्रामीण पर्यटन विकासका एक पाटा हुन् (शर्मा, २०००) ।

### २.१.२ ग्रामीण पर्यटनको अवधारणाः

ग्रामिण पर्यटनको अवधारणा संस्थागत रुपमा काठमाण्डौं अनुसन्धान केन्द्रद्धारा ट्राभल र टुरिजम इन्डस्ट्री मार्फत नेपालको विकास गर्ने नयाँ एजेण्डा हो । ग्रामीण पर्यटन नेपालको आफ्नै माटो सूहाउँदो र आफ्नै परिवेशको सृजना हो । नेपालको ग्रामीण पर्यटनले विश्वकै ग्रामीण पर्यटनको नेतृत्व गरेको छ । नेपाल गाउँ नै गाउँले भरिएको देश हो । ग्रामीण पर्यटन अझै पनि छाँयामा नै परेको छ । ग्रामीण पर्यटनको उद्देश्य अनुसार यसको नयाँ अवधारणालाई चरितार्थ पार्न र गाउँका जनतालाई यसको महत्वबारे जनचेतना जगाउनु पर्दछ । ग्रामीण पर्यटन अवधारणाले नेपाललाई आजको पर्यटनको दुनियाँमा र विश्वव्यापीकरणको दुनियाँमा विश्वसामु चिनाएको छ । यसले पर्यटनको दिगो विकासमा टेवा पुऱ्याउदै छ । नेपाल विश्वकै एक आकर्षक, रमणीय, सुरक्षित ग्रामिण पर्यटनस्थल बन्न पुग्छ (देवकोटा,२००७) ।

आज गाउँहरु नमूना पयर्टकीय स्थलका रुपमा रुपान्तरित हुदैछन्, जुन गतिविधि र क्रियाकलापहरु यसअधि ज्यादै कम थिए । बाटोघाटोको सुविधा पनि थिएन । आजभोलि गाउँ-गाउँमा भौतिक पूर्वाधर निर्माणमा ग्रामीण समूदायमा रोजगारी सृजना, आय-आर्जन

वृद्धि गर्न विभिन्न किसिमका तालिमहरु र सरल रुपमा ऋण प्रवाह गर्ने सुविधा प्रदान गरिदैछ । यसले गाउँको सीप क्षमताको वृद्धि हुनुका साथै गाउँको मुहार परिवर्तन भएको छ (महत, २००५) ।

समुदायमा आधारित ग्रामीण पर्यटन पनि एउटा नयाँ पहल हो नेपालको सर्न्दभमा । आजको वर्तमान समयमा (निरौला २००४, २००५) । समुदायको क्षमता अभिवृद्धि गर्न, पर्यटकीय वातावरणको सृजना गर्न विभिन्न तालिम भेला, बैठकको आयोजना गरी समुदायको आर्थिक क्रियाकलापका गतिविधि बढाउन,समुदायमा सामुदायिक कोष बढाउनु सहयोग पुग्छ (डंगोल, २००५)।

यसले ग्रामीण जनताको जीवनस्तरमा विस्तारै परिवर्तनका किरण देख्न सकिन्छ । उनीहरुको मौलिक पहिचान, संस्कृतिको जर्गेना हुन्छ (अधिकारी, २००४) ।
पर्यटकहरुको बसाई अवधि लम्ब्याउन र पर्यटन उद्योगको दिगो विकास गर्न ग्रामीण पर्यटनको विकास हुनुपर्छ । सम्पूर्ण नेपालको कूल क्षेत्रफलको ८० प्रतिशत भू-भाग ग्रामीण क्षेत्रमा पर्दछ । आधारभूत आवश्यकता र सुविधा जस्तै खाना, स्वास्थ्य तथा सरसफाई, शिक्षा, कम साक्षरतादर र कम अवसर, कम आय आर्जनका कारण गाउँको जीवनशैली निम्नस्तरको छ । यस्तो सन्दर्भमा ग्रामीण पर्यटनको प्रवर्द्धन नै एउटा नयाँ कदम हो (शाक्य २००५) । स्थानीय संभाव्यता र अवसरको खोजी गरी स्थानीय समुदायको विकास गर्न सकिन्छ ।

ग्रामिण पर्यटन एउटा सानो प्रकृतिको पर्यटन हो, जहाँ स्थानीय जनता त्यहीँको स्थानीय सीप, श्रम, स्रोत साधन, प्रविधिको प्रयोग गरी स्थानीय सम्भावना, अवसरको खोजी गर्दै त्यसको मौलिक संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय जनताहरु सहभागी हुन्छन् र आय-आर्जनका कार्य गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन तथा पर्यटनका क्रियाकलापबाट प्राप्त सबै जनतामा न्यायोचित रुपमा वितरण गर्दछन् ।

नेपाल सकारकाले ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उप-क्षेत्रको रुपमा अघि बढाउने नीति समेत लिएको सन्दर्भमा मुलुकको विकास प्रक्रियामा ग्रामीण पर्यटनले अहम भूमिका खेल्न सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

ग्रामीण पर्यटनको माध्यमबाट ग्रामीण क्षेत्रमा स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सृजना हुने स्थानीय उत्पादनबाट आम्दानीमा वृद्धि भई जनताको जीवनस्तरमा

सुधार हुनजाने र साथै गरिबी न्यूनीकरण गर्ने सरकारको राष्ट्रिय उद्देश्य पूरा हुनमा पनि ग्रामीण पर्यटनले सहयोग पुऱ्याउँदैछ ।

**ग्रामीण पर्यटन योजनाको उद्देश्य :**

- ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी प्रभावकारी कार्यक्रम संचालन गर्ने ।
- गाउँका प्राकृतिक, साँस्कृतिक, जैविक र मौलिक साँस्कृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रचारप्रसारको विकास गर्ने ।
- ग्रामीण जनताको आय-आर्जन बढाउने ।
- स्थानीय समुदायद्धारा उत्पादित मौलिक, परम्परागत, हस्तकलाका सामग्रीको बजार व्यवस्थापन गर्ने ।
- पर्या-पर्यटन र ग्रामीण पर्यटनसँग आवद्ध गराउन प्याकेज बनाउन पर्यटन कार्यक्रमलाई प्रोत्साहन दिने ।
- मौलिक आकर्षण भएका संभाव्य गाउँलाई पर्यटन गाउँका रुपमा विकास र प्रवर्द्धन गर्ने ।
- परम्परागत ज्ञानमा आधारित सम्पदाको संरक्षण गरी पर्यटनको विकास गर्ने (पर्यटन नीति, २०६५) ।

नेपालको सामाजिक आर्थिक अवस्थाको स्तर अभिवृद्धि गर्न र बेरोजगारी समस्या घटाउन ग्रामीण विकासबाट मात्र सम्भव छ (शाक्य २००५) ।

आठौं पञ्चबर्षिय योजनाबाट गरीबी घटाउने ग्रामीण क्षेत्रमा प्रमुख कार्य नै ग्रामीण पर्यटनलाई मानिदै आएको छ । दशौं पंचवर्षीय योजनामा सरकारले समुदायको क्षमता अभिवृद्धि गर्दै गरिबी न्यूनीकरण गर्नका लागि पूर्ण रुपमा पर्यटनमा जोड दियो । पर्यटनको सम्भाव्यता पहिचान र प्रवर्द्धनबाट ग्रामीण क्षेत्रहरुमा पर्यटकीय गतिविधि बढ्यो र पर्यटकको संख्यामा पनि वितेका बर्षहरुमा वृद्धि हुँदै गयो (शाक्य २००५) ।

यसै सन्दर्भमा पर्यटनमा नयाँ अवधारणाको रुपमा कृषि पर्यटनलाई प्रवर्द्धन गर्ने नीति लिइयो । पर्यटकीय क्षेत्र तथा मार्गमा स्थानीय कृषि क्षेत्रबाट उत्पादित कृषिजन्य उपजको प्रयोग बढाउन समन्वय गर्ने र खास किसिमका बस्तु उत्पादनको क्षेत्रमा 'एक गाउँ एक उत्पादन' कार्यक्रम संचालन गर्न जोड दिइने नीति लिइनेछ । ग्रामीण पर्यटनको एउटा

नमूना पर्यटकीय गाउँ सिरुवारी लिइन्छ, जहाँ प्रत्येक घरलाई होटल तथा होम-स्टेको रुपमा विकास गरिएको छ (उपाध्याय, २००५) ।

ग्रामीण पर्यटनमा सम्भावनासँगै समस्याहरु पनि छन् ती समस्याको न्युनीकरण गरेर मात्र पर्यटनको प्रवर्द्धन गर्न सम्भव छ । सर्वप्रथम त देशमा शाीन्त कायम हुनु जरुरी छ (गौतम, अधिकारी, २००५) ।

## २.१.३ साँस्कृतिक पर्यटन

साँस्कृतिक पर्यटनको अवधारणा सन् १९७० को दशकमा आएको देखिन्छ । यसै सन्दर्भमा सन् १९७६ मा यूनेस्कोले पर्यटनलाई मान्यता प्रदान गऱ्यो । सन् १९७६ मा विश्वबैंक र युनेस्कोको संयुक्त तत्वावधानमा पर्यटनको विकासमा सामाजिक र साँस्कृतिक प्रभावको दृष्टिकोणको अध्ययन गरेका थिए । अध्ययनले साना मुलुकहरुमा सामुदायिक समूह र मौलिक समुदायले कसरी सेवा सुविधा प्रदान गरेर पर्यटन प्रवर्द्धन गर्दछन्? भन्ने पक्षमा जोड दियो । साँस्कृतिक पर्यटन भन्नाले साँस्कृतिक पर्यटनको अर्थ विभिन्न जातजातिहरुको, भौतिक जीवन शैली, मौलिक पहिचान, हस्तकला, खेती प्रणाली, भेषभूषा, मौलिक भाषा र संस्कृतिलाई अध्ययन अवलोकनले समेटदछ् । साँस्कृतिक पर्यटनको पक्षमा हेर्दा एक अर्को पक्षको जीवन पद्धति, विचार, मूल्य मान्यता, खानपान, संस्कार, संस्कृति अवलोकन गर्न र बुझ्न सकिन्छ । व्यक्तिगत, राष्ट्रिय र अन्तर्राष्ट्रिय सु-सम्बन्ध बढाउन सकिन्छ । एक अर्काका विचार भावना आदान प्रदान गर्न सकिन्छ । यसबाट सँस्कृतिको बजारीकरण हुन्छ ।

रिची एण्ड जिन्सले साँस्कृतिक पर्यटन पर्यटकलाई आकर्षण गर्ने प्रमुख तत्व हो भनेका छन् । उनीहरुले साँस्कृतिक पर्यटनका १२ वटा भिन्न भिन्न पक्षहरु यी हुन्छन् भनी औल्याएका छन् । जुन यस प्रकार छन् ।

१) हस्तकला २) भाषा ३) परम्परा ४) खानपान ५) कला र संगीत, पेन्टिङ, मूर्तिकला ६) इतिहास ७) काम र प्रविधि ८) बास्तुकला ९) धर्म १०) शैक्षिक पद्धति ११) भेषभूषा १२) मनोरञ्जन

त्यस्तै गरी लिया (१९९८) ले पर्यटकलाई आकर्षित गर्ने ३ वटा साँस्कृतिक पक्षका बारेमा यसरी बताउँछन् ।

**१) पहिलो साँस्कृतिक पक्षमा :** मानवीय क्रियाकलापलाई समावेश नगरी केवल पर्यटकले अद्धितीय वास्तुकलाका नमूना, ऐतिहासिक र पुरातात्विक महत्वका भवनहरु, परम्परागत कला संस्कृति र त्यस्तै उल्लेखनीय उदारणहरुलाई हेर्न उत्सुक हुन्छन् ।

२) **दोस्रो साँस्कृतिक पक्षमा**: साधारण दैनिक जीवन-चर्या र गन्तव्य, सामाजिक आर्थिक पक्ष र फुसर्दको समयको सुदपयोग, उनीहरुका विचार, भावना, जीवनशैली, परम्परा ,रितीरिवाज र संस्कारको अवलोकन गर्न बुझ्न् पर्यटकहरु भ्रमण गर्दछन् ।

**३) तेस्रो साँस्कृतिक पक्षमा :-**

पर्यटकहरु आफै स्थानीय समूदायहरुमा गएर उनीहरुको सामाजिक साँस्कृतिक क्रियाकलापमा सहभागी हुन चाहन्छन् जस्तै : जात्रा, संगीत महोत्सव, नाटक, ऐतिहासिक पक्षको प्रस्तुती, साँस्कृतिक महोत्सव, त्यही संस्कृतिका भेषभूषाको पहिरन गर्ने, नाँचगानमा सहभागी हुने, धान रोपाँई महोत्सवमा खेतमै हिलो खेल्ने र छ्याप्ने, स्थानीय संस्कृतिको परम्परा र व्यवहारको अनुशरण गर्ने कार्यहरु गरेर भरपूर मनोरञ्जन लिन्छन् ।

साँस्कृतिक पर्यटनले कुनै स्थानीय समुदायको विशिष्ट र मौलिक पहिचान नै गुम्ने हो कि भन्ने चिन्ता समेत थपेको छ । त्यसको प्रभाव समग्र पर्यटन क्षेत्रमा र खास गरी दुर्गम क्षेत्र र विकासशील मुलुकहरु जस्तै : नेपालमा के कसरी पर्दछ ? भनी हेर्न सकिन्छ ।

साधनहरुको दीर्घकालीन उपयोग, जैविक विविधताको व्यवस्थापन, पर्यटनलाई एकिकृत योजनामा आवद्ध गराउने स्थायी अर्थव्यवस्थामा सहयोग, पर्यटनको जिम्मेवारीपूर्वक बजारीकरण, पब्लिक तथा सम्बद्ध व्यक्तिहरुसँग परामर्श, कार्यसम्पादन गर्ने व्यक्तिहरुलाई परामर्श, कार्यसम्पादन गर्ने व्यक्तिहरुलाई तालिम र अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्न सकेमा ग्रामीण पर्यटनको दिगो विकास हुन जान्छ । ग्रामीण पर्यटन आर्थिक रूपमा सम्भावित र स्थानीय समुदायहरूलाई नैतिक तथा सामाजिक रूपमा सम्मान गर्ने हुनुपर्दछ । (भाट, २००६)

ग्रामीण पर्यटन विकासकै सन्दर्भमा विगत केही वर्षयता नेपालनमा पनि यस क्षेत्रको विकासका लागि स्थानीयको धारणा बुझ्ने परिपाटिको विकास हुँदै गइरहेको हामी पाउँछौ । यस्तो विकासका कार्यहरु स्थानीय केन्द्रित व्यवस्थापन प्रणाली बढी विश्वसनीय पनि हुँदै गइरहेको पाइन्छ । दिगो पर्यटन विकासका लागि प्राकृतिक वातावरण र साँस्कृतिक सम्पदाको संरक्षण गरिनु पर्दछ । ग्रामीण पर्यटनमा स्थानीय समुदाय र व्यक्तिसँग आपसी सहयोग गरी उनीहरूलाई पर्यटकहरूबाट प्राप्त लाभमा साझेदारी गर्ने पर्यटकलाई पनि स्थानीय जीवन शैलीलाई सम्मान गर्नका लागि प्रोत्साहन गर्नुपर्दछ । विशेष गरी नेपाल

जस्तो विकासान्मूख मुलुकमा यस्ता विकासका सवालमा स्थानीय व्यक्तिहरूलाई समेत सहभागी गराई अघि बढेमा यस्तो विकास बढी दिगो र भरपर्दो हुन जान्छ। (मेहता १९९८)

ग्रामीण पर्यटन प्राकृतिक क्षेत्रको त्यस्तो आर्थिक समृद्धिको क्षेत्र हो जसले स्थानीय बासिन्दाको सामाजिक तथा आर्थिक विकास गरी ग्रामीण जनताको जीवनस्तर उकास्न थप टेवा पुऱ्याउँदछ । पर्यटन विकासको वर्तमान परिप्रेक्ष्यमा ग्रामीण पर्यटनबाट प्राकृतिक सम्पदाको आनन्द र त्यहाँको विविधताबाट पनि आनन्द लिन सक्दछन्। (भाट, २००६)

## २.२ पर्यटनको ऐतिहासिक पृष्ठभूमि र विकासक्रम

प्राचीन समयदेखि नै यात्रा वा भ्रमण गर्ने क्रम चलिआएको भएपनि आधुनिक पर्यटनको विकासक्रम भने दोस्रो विश्वयुद्ध पछि सन् १९४०-५० को दशकबाट शुरु भएको मानिन्छ। हुनत सन १४९२ तिर क्रिस्टोफर कोलम्बसले यात्रा गर्दा हालको उत्तर अमेरिका पत्ता लगाएको कुरा त्यस्तै भास्को डि. गामाले भारत पत्ता लगाएको कुराहरु पनि यात्रा र भ्रमणको परिणतिहरु नै हुन् । आधुनिक पर्यटनको सुरुवातसँगै द्रुत गतिले विकास भएको पर्यटन क्षेत्र छोटो अवधिमा विश्वको अर्थतन्त्रमा उल्लेख्य उपस्थिति जनाउन सफल उद्योगको रुपमा स्थापित भएको छ।सस्तो आवास तथा द्रुत यातायातसेवाका कारण कृत्रिम संरचनाबाट प्राप्त सेवा सुविधाको र भौतिक विलासिताको उपभोग गर्दै अघि बढेको परम्परागत पर्यटन एकै किसिमको क्रियाकलापमा सरिक हुने समूहगत गतिविधिको रुपमा अघि बढ्दै १९७०को दशकमा उत्कर्षमा आईपुग्यो (कोलियार,१९८९)।

यस किसिमको पर्यटन खुला बजारको नीति अनुरुप अल्पकालमा धेरै मुनाफा कमाउने उद्देश्यले प्रेरित हुन्छ।परम्परागत पर्यटनमार्फत मौलाएको अति व्यावसायिकीकरणको वातावरण, पर्यटकीय स्रोत,सम्पदा र सामाजिक जनजीवनमा परेको प्रतिकूलता कमी गर्न वैकल्पिक पर्यटनको सोच आएको देखिन्छ। सन् १९७० को शुरु देखि प्राकृतिक वातावरण र सम्पदामा आधारित पर्यटन गतिविधि शुरु भएको देखिन्छ(भाट,२००६)।

आज दिगो विकासको अवधारणासँगै दिगो पर्यटन विकासको अवधारणा अघि आएको छ। दिगो पर्यटन विकास सम्बन्धी अप्रील १९९५ मा स्पेनमा सम्पन्न विश्व सम्मेलनले दिगो पर्यटन सम्बन्धी अवधारणालाई यसरी उल्लेख गरेको छ :'पर्यटन विकास भार वहन गर्न सक्ने हुनुका साथै आर्थिक रुपमा संभावित स्थानीय समुदायहरुलाई नैतिक तथा सामाजिक रुपमा सम्मान गर्ने हुनुपर्दछ (सिन्हा,२००३)।

ग्रामीण पर्यटन विकासका लागि प्राकृतिक वातावरण र सांस्कृतिक सम्पदाको संरक्षण गरिनुपर्दछ । स्थानीय समुदाय र व्यक्तिसँग आपसी सहयोग गरी पर्यटकहरुबाट प्राप्त लाभमा साझेदारी गर्ने तथा पर्यटकलाई पनि स्थानीय जीवनशैलीलाई सम्मान गर्नका लागि प्रोत्साहन गर्नुपर्दछ । त्यसैगरी प्राकृतिक भू-बनावट, संरक्षित क्षेत्र, वनपैदावर तथा जनावर र वनस्पतिको संरक्षण गर्नुका साथै स्थानीय संस्कृति,सामाजिक मूल्यमान्यता र एकताको सम्मान गर्नुपर्दछ ।

## २.३ वर्तमान अवस्थामा पर्यटन उद्योग

पर्यटन उद्योग विगत ५० वर्षमा विश्वमा अति द्रुत गतिले वृद्धि हुदै आएको उद्योग हो । विश्व श्रम बजारको ६.५ प्रतिशत भार थेग्न सफल यस उद्योगमा वार्षिक ७ प्रतिशतका दरले पर्यटकहरुको संख्यामा वृद्धि हुर्दै आएको छ । हाल यो संख्या करीब ८४.५ करोड पुगेको प्रक्षेपण गरिएको छ । विश्व पर्यटन बजारमा पर्यटकहरुको संख्यामा उल्लेख्य वृद्धि भएपनि अधिकांश अर्थात ५७.७ प्रतिशत पर्यटकहरुको गन्तव्यस्थल यूरोप रहँदै आएको छ भने दक्षिण एशियामा केवल ०.९ प्रतिशत मात्र पर्यटकहरु आकर्षित भएको देखिन्छ ( चौहान,२००४) त्यसमा पनि नेपाल आउने पर्यटकहरुको संख्यालाई हेर्ने हो भने त्यो केवल कुल पर्यटक संख्याको ०.०८ प्रतिशत मात्र रहेको पाईन्छ ।

यस्तै गरी विश्वव्यापी रुपमा पर्यटन उद्योगले १० करोड मानिसलाई प्रत्यक्ष रोजगारी प्रदान गरी ५३,००० विलियन डलर आम्दानी गरेको छ, जुन विश्व अर्थतन्त्रको ६ प्रतिशत हिस्सा पर्दछ । पर्यटनबाट आम्दानी गर्ने विश्वका मुलुकहरुमा अमेरिका कूल आम्दानीको १४ प्रतिशत भागका साथ अग्र पंक्तिमा छ भने छिमेकी देश चीन ४.३ प्रतिशत हिस्सा मात्र प्राप्त गरी पाँचौ स्थानमा रहेको छ (भाट,२००६) ।

## २.४ नेपालमा पर्यटनको विकासको इतिहास

नेपाल गौतम बुद्धको जन्मस्थल र हिन्दुहरुका आराध्यदेव पशुपतिनाथको पवित्र तीर्थस्थलको रुपमा रहेकाले शुरुदेखि नै तीर्थयात्राको लागि भारत र चीनबाट मानिसहरु आउने गरेको पाईन्छ । यस बाहेक पछिल्लो समयमा नेपालमा क्रिश्चयन धर्मको प्रचार गर्न आउने विदेशीहरुको संख्या पनि निकै बढी भेटिन्छ । सन् ६४३ तिर चिनीया यात्री हुयान

साङ र सन् ६५७ तिर चीनका हुयन चे नेपाल आएको कुरा नेपालका इतिहासकारहरुले उल्लेख गरेका छन् । मल्लकालमा पनि भोट र चीन बीच नेपालको व्यापार चरम सीमामा पुगेको र तिब्बतमा नेपालीहरुले व्यापारिक आधिपत्य कायम गरेको साथै नेपाली मुद्रा चलन चल्तीमा रहेबाट पनि विदेशीहरुको नेपाल भ्रमण र नेपालीहरुको विदेश भ्रमण व्यापक भइसकेको थियो (नेपाल राष्ट्र बैंक,२०५७) ।

नेपालको एकिकरण पछाडि राजनैतिक उद्देश्यले अंग्रेजहरुको नेपाल प्रवेश सुरु भएको पाईन्छ । जंगबहादुरको उदय भएपछि नेपालको पर्यटन भ्रमणको इतिहासमा नयाँ आयाम थपिएको थियो भनिन्छ किनभने नेपालको इतिहासमा पहिलो पल्ट सन् १८५० मा जंगबहादुर बेलायत र फ्रान्सको भ्रमणमा निस्किएका थिए । उनको यात्रा राजनैतिक मात्र नभई आनन्दका लागि पनि थियो । चन्द्र शमसेरको शासनकालमा पनि नेपालमा विभिन्न उद्देश्यले अंग्रेजहरुको प्रवेश भईरहेकै देखिन्छ । उनको समयमा बेलायतका सम्राट जर्ज पञ्चम सन् १९११ को अन्त्य तिर नेपाल आई ठोरीको जंगलमा शिकार गरी फर्किएका थिए (आचार्य,२०६५)। त्यस्तै अन्य उद्देश्यले समेत राणाकालमा अंग्रेजहरुको प्रवेश भएको थियो (पोखल र कार्की,२०५५) ।

वि.सं. २००७ सालको क्रान्ति पछि नेपालको बाह्य सम्पर्क बढ्दै गएको पाईन्छ । हाल भारत, वेलायत, अमेरिका, चीन, रुस लगायत नेपालको १३९ मुलुकसँग दौत्य सम्बन्ध स्थापित भईसकेको छ । सन् १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथाको सफल आरोहण गरेपछि नेपाल नेपालीको गौरव विश्वभर फैलियो । जसले गर्दा नेपालमा आउनको लागि पर्यटकहरु अति नै लालायित भए ।सन् १९४७ पछि देश विकासका लागि पर्यटन ज्यादै महत्वपूर्ण हुने देखेर पर्यटनको विकास र सम्वर्द्धनका लागि चाहिने पूर्वाधारहरु तयार गर्न नेपाल लागि परेको देखिन्छ । फलतः  हवाई यातायात, सञ्चारसेवा, सडक आदिको विस्तार साथै पर्यटनको संस्थागत विकास गर्न पर्यटन विकास समिति, पर्यटन विकास ऐन २०१४ र वाणिज्य मन्त्रालय अन्तर्गत “नेपाल पर्यटन बोर्ड” समेत गठन गरियो । वि.सं.२०१८ मा पर्यटन विभागको स्थापना,वि.सं. २०२६ मा जर्मन सरकारका सहयोगमा ‘पर्यटन गुरुयोजना’ स्थापना भई यसै योजना अर्न्तगत वि.सं. २०३३ मा पर्यटन मन्त्रालयको स्थापना गरियो । वि.स. २०१९ मा उपत्यका भित्र र बाहिर पर्यटन सूचना केन्द्रहरु खोलिए । फलतः विदेशी पर्यटकहरुको आगमनमा स्वाभाविक रुपमा वृद्धि भयो (नेपाल राष्ट्र बैंक, २०५७) ।

नेपालमा सरकारी र निजी क्षेत्रबाट पर्यटनको विकासको लागि भएका प्रयासहरुको कारण नेपाल विश्वको महत्वपूर्ण पर्यटकीय स्थलको रुपमा स्थापित हुन पुगेको छ । ठूला होटलहरुको स्थापना, विभिन्न पर्यटकीय क्षेत्रहरुको विकास, ट्राभल र ट्रेकिङ एजेन्सीहरुको स्थापना, आन्तरिक र वैदशिक हवाई सेवामा विस्तार, पर्यटन सूचना केन्द्रहरुको स्थापना ( त्रिभुवन विमानस्थल, विरगञ्ज, भैरहवा, पोखरा, काँकडभित्ता) आदि क्षेत्रमा छोटो समयमै भए पनि उल्लेखनीय उपलब्धी हासिल हुन सकेको छ । संसारमा नेपालको पहिचानलाई स्थापित गर्न नेपालको पोष्टर, स्लाईड, फिल्म, भिडियो फिल्म, रंगीन पोष्ट कार्ड र प्रचार सामग्रीहरुको उत्पादन र वितरण जस्ता कुराहरुमा पनि विशेष ध्यान दिइएको पाईन्छ । पर्यटनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सेमिनार, भेला तथा गोष्ठीहरुमा सहभागी भएर नेपालले पर्यटन क्षेत्रको विकासमा रहेका कमी कमजोरीहरुलाई हटाउने प्रयत्न गर्दै लगिरहेको छ (सत्याल जुनेली,२०४१) ।

नेपालको पर्यटन विकासको पूर्वाधार तयार गर्ने क्रममा विभिन्न मित्र राष्ट्रका साथै एशियाली विकास बैंक र विश्व बैंकको सहयोग महत्वपूर्ण रहेको छ । त्यसैगरी विश्वमा पर्यटनको विकासका लागि स्थापना भएका अन्तर्राष्ट्रिय संस्थाहरु जस्तैः विश्व पर्यटन संगठन, इन्टरनेशनल यूनियन अफ अफिसियल ट्राभल अर्गनाइजेसन, वर्ल्ड एसोसिएसस अफ ट्राभल एजेन्टस्, प्यासिफिक एशिया ट्राभल एसोसिएसन लगायत पर्यटन क्षेत्रसँग ासम्बन्धित अन्य संघसंस्थाको सदस्यता नेपालले प्राप्त गरिसकेको छ । यसै सन्दर्भमा नेपालमा पर्यटनको विकासको लागि आवश्यक हुने दक्ष जनशक्तिको व्यवस्था गर्नमा अन्तर्राष्ट्रिय श्रम संगठन र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त प्रयासमा सन् १९७२ मा होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रको स्थापना भएको छ ।

यस केन्द्रले होटल व्यवस्थापन सम्बन्धी विभिन्न विषयहरु र ट्राभल, टुर, ट्रेकिङ र ऱ्याफ्टिङ सम्बन्धि विभिन्न विषयमा तालिम दिईरहेको छ (नेपाल राष्ट्र बैंक,२०५७) ।

## २.५ नेपालमा पर्यटन उद्योगको अवस्थाः

नेपाल प्राकृतिक,सांस्कृतिक एवं जैविक र पर्यटकीय सम्पदाको धनी भएर पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रचार-प्रसारको कमीले सोचे अनुरुप पर्यटकहरुको संख्यामा वृद्धि गरी पर्यटन उद्योगलाई अपेक्षाकृत रुपमा विकास गर्न सकिएको छैन् । विश्वको सर्वोच्च शिखर सगरमाथा ,बुद्धको जन्मस्थल लुम्बिनी, हिमाल आरोहण,पर्वतीय

पदयात्रा,नदीहरुमा जलविहारका साथै बन्यजन्तु आरक्षण तथा राष्ट्रिय निकुञ्जमा जंगली जनावर,चरा,पुतली आदि जीवजन्तुको अवलोकन आदि नेपालको पर्यटन विकासका प्रमुख आधारका रुपमा रहेका छन् । नेपालको राष्ट्रिय अर्थतन्त्रमा पर्यटन उद्योगको योगदान महत्वपूर्ण रहेको छ । पर्यटनका लागि अनुकूल वातावरण भएको सन् १९९५ मा यस उद्योगले नेपालको कुल वैदेशिक विनिमयको २० प्रतिशत र कुल गार्हस्थ उत्पादनको करीब ४ प्रतिशत हिस्सा ओगटेको छ। कुल वैदेशिक विनिमयको आम्दानी १० प्रतिशत भन्दा बढी भएकोले अन्तराष्ट्रिय मापदण्डअनुसार नै नेपाल एक पर्यटन देश हो (चौहान,२००४) । शान्ति प्रक्रियाको विकास सँगसँगै पर्यटकहरुको संख्यामा वृद्धि हुने क्रम जारी छ । सन् २००७ मा मात्रै नेपालमा करीव ५,१२,११५ जना पर्यटकले नेपाल भ्रमण गरेका थिए भने भविष्यमा समेत यो क्रम बढ्दै जाने देखिन्छ (नेपाल पर्यटन बोर्ड,२००८)।

आर्य तथा मंगोल संस्कृतिको सङ्गमस्थल रहेको नेपाल हिन्दु तथा बौद्धमार्गी ऋषिमुनिहरुको तपोभूमि एवं विश्रामस्थलको रुपमा परिचित छ । तिनीयहरुले विकास गरेका परम्परागत मान्यता एवं चालचलनका कारण प्राचीन सभ्यता र संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र रोचक छ भने तिनीहरुको आस्थाका केन्द्र मठमन्दिर,गुम्बा र स्मारकहरु पर्यटकका लागि थप आकर्षणका केन्द्रका रुपमा रहेका छन् । विश्व मानचित्रमा केवल ०.१ प्रतिशत भूभाग ओगटेको नेपालमा १५१ जातका स्तनधारी जनावर र विश्वमा भएका मध्ये ८.५ प्रतिशत अर्थात ८६५ प्रजातिका चराहरु,६३५ थरीका पुतलीहरु,एवं छ हजार जातकाफूल फुलने वनस्पतिहरु,जसमा ३२ जातका लालीगुराँस र ३७० प्रजातिका सुनगाभाहरुले नेपालको जैविक विविधतालााई झल्काएका छन्(शाक्य। नेपाल जैविक विविधताको दृष्टिले विश्वमा २५ औं स्थानमा पर्दछ । नेपालको तराईदेखि हिमालसम्ममा अफ्रिकाका जैविक विविधतादेखि भूमध्येसागरीय क्षेत्र हुदै आल्पससम्मको प्राकृतिक स्वरुप समेत उपलब्ध रहेको छ । सायद यसै भएर होला नेपाललाई सुन्दर हिमचुचुरा र अचम्मको जैविक प्राकृतिक विविधता एवं प्राचीन संस्कृतिको धनी भएकाले उपयुक्त पर्यापर्यटकीय गन्तव्य बनाएको छ र यो एशिया प्रशान्त क्षेत्रको छ वटा उत्कृष्ट गन्तव्यमध्ये एक हो भनी इन्साइक्लोपेडिया अफ इकोटुरिजम मा उल्लेख गरिएको छ ( भाट,२००६) ।

## २.६ नेपालको राष्ट्रिय प्राथमिकतामा पर्यटन

नेपालले कृषि र जलविद्युत तथा अन्य ऊर्जा विकास, सडक तथा भौतिक पूर्वाधार पछि पर्यटन उद्योगलाई प्राथमिकतामा राखेको पाईन्छ । तेह्रौ योजनामा नेपाललाई विश्व पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने  र राष्ट्रिय  तथा अन्तराष्ट्रिय रुपमा पर्यटन प्रवर्द्धन  मार्फत संख्यात्मक र गुणात्मक रुपमा पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने उल्लेख गरिएको छ (तेहौ योजना२०७०/७१-२०७२/७३) ।

यस्तैगरी गरिबी घटाउने र आमजनताको जीवनस्तरमा परिवर्तन ल्याउने राष्ट्रिय उद्देश्यमा ठोस योगदान पुऱ्याउन तथा पर्यटन प्रर्वद्धन र विकास गर्न निजीक्षेत्रसंग सहकार्य गर्दै ग्रामीण पर्यटनमार्फत थप रोजगारीका अवसरको सिर्जना गर्ने र नयां पर्यटकीय गन्तव्यस्थलहरुको एकीकृत र समन्वयात्मक रुपमा पूर्वाधार विकास गर्ने रणनीति लिएको छ ।  विभिन्न राजनैतिक दलहरुले पनि आफ्नो घोषणापत्रमा  पर्यटन  विकासको लागि सार्वजनिक निजी र सहकारी क्षैत्रको संयुक्त साझेदारीमा पर्यटन उद्योगलाई नयां नेपालको अर्थतन्त्रकोएउटा आधारस्तम्भको रुपमा स्थापित गर्न प्राकृतिक,ऐतिहासिक,धार्मिक,सांस्कृतिक तथा पुरातात्विक क्षेत्रहरुको संरक्षण,सम्बर्द्धन र विकास गरी प्रचार प्रसारको लागि आर्थिक कुटनीतिमा जोड दिइने कुरा उल्लेख गरेका छन् ।

तेह्रौ योजनाको आधारपत्रमा पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय , समुदाय र निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गर्न पर्यटन क्षेत्रबाट प्राप्त आयको ३० प्रतिशत रकम तत् तत् क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्ने नीति रहेको छ ।

यसरी माथिका सन्दर्भलाई विश्लेषण गर्दा नेपालको राष्ट्रिय योजनादेखि राजनीतिक दलहरुले समेत नेपालको आर्थिक तथा सामाजिक विकासको एक महत्वपूर्ण प्रमुख आधारका रुपमा पर्यटनलाई राखेको पाईन्छ ।

## २.७ पूर्व साहित्यको पुनरावलोकन

परापूर्वकालदेखि नै मानिसहरु यात्रा र भ्रमण गर्न उत्सुक हुन्थे । मानिस स्वाभावैले नयाँकुराको खोज,आविश्कार गर्न, नयाँ स्थान र वातावरणमा घुम्न र रमाउन नयाँ नयाँ अनुभव हासिल गर्न तत्पर रहन्छ । यात्रा कुनै नौलो कुरा नभएतापनि पर्यटन व्यवसाय आधुनिक समाजको एउटा नयाँ क्रियाकलापको रुपमा आएको देखिन्छ ।

पर्यटन व्यवसाय खासगरी दोस्रो विश्वयुद्धपछि मात्रै फस्टाउन थालेको पाईन्छ(घोष,२००३) । नेपालको अर्थतन्त्रमा पर्यटन उद्योग अन्य उद्योगको तुलनामा बढी महत्वपूर्ण रहेको छ । देशमा छरिएर रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक साँस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको स्थानीय निकाय,समुदाय तथा निजीक्षेत्र समेतको सहभागितामा संरक्षण, सम्बर्द्धन र दिगो व्यवस्थापन गरी विश्व पर्यटन बजारबाट अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्न सकिने संभावना छ । पर्यटनको विकासबाट रोजगारी सृजना, आयआर्जनमा बढोत्तरी भई भुक्तानी सन्तुलनमा समेत प्रत्यक्ष प्रभाव पार्दछ(पर्यटन नीति २०६५) ।

।

भ-ूबनोटका कारणले सृजित विश्वकै अद्धितीय प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदाले धनी मुलुक नेपालमा संसारकै अग्लो चुचुरो सगरमाथा, हिउँले भरिपूर्ण सेतै हिमालहरु,शान्तिका अग्रदुत गौतमबुद्धको जन्मस्थल लुम्बिनी, अनेकौ तालतलैया,नदीनालाले नेपाललाई संसारकै आकर्षक पर्यटकीय गन्तव्यस्थलको रुपमा चिनाएको छ । पर्यटन विदेशी मुद्रा आर्जनका लागि मात्र नभै यसले अन्य पर्यटनसँग सम्बन्धित क्षेत्रहरु होटल रेष्टुरेन्ट, खाद्यान्न उत्पादन तथा वितरण,मनोरञ्जन, गिफ्ट व्यापार, फलफूल उत्पादन तथा प्रशोधन लगायतका क्षेत्रमा समेत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्दछ कास्की जिल्ला पर्यटन गुरुयोजना, २०६८-०७८) ।

नेपालले पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई विकास गर्ने र यी क्षेत्रलाई पर्यटनको उपक्षेत्रको रुपमा लिने नीति लिएको छ । पर्या-पर्यटन र ग्रामीण पर्यटनले पर्यटकहरुलाई ग्रामीण परिवेश तथा त्यहाँको स-साना वस्तीहरु र विभिन्न जातजाति तथा समुदायको मौलिक संस्कृतिको अवलोकन गर्न र आगन्तुकहरुलाई नितान्त नेपाली ग्रामीण परिवेश बुझ्न, स्थानीय स्वादिष्ट परिकार खानपिउन,बस्न र,आरामदायी तरिकाले गाउँलेहरुले आफूहरुकै पारिवारिक वातावरणमा पर्यटकलाई रमाउन तथा मनोरञ्जन गराउन,स्थानीय मौलिक संस्कृति, परम्परा ,रितिरिवाज र सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्दै पर्यटनको प्रवर्द्धन गर्न नेपाल पर्यटन बोर्डले सिरुवारी, घलेगाउँ, घान्द्रुक, इलाम, पाल्पा, बन्दीपूर, तातोपानी लगायतका क्षेत्रलाई ग्रामीण पर्यटनको क्षेत्रका रुपमा प्रस्ताव गरेको छ । पर्यटन क्षेत्रको विकास र विस्तार गरी प्राप्त प्रतिफललाई न्यायोचित तरिकाले ग्रामीण

तहसम्म पुऱ्याउनको लागि यसक्षेत्रको विविधिकरण र विस्तार गरिनुपर्दछ (नेपाल पर्यटन बोर्ड,२०११) ।

यसरी ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्ने सन्दर्भमा केही ग्रामीण क्षेत्रलाई संभाव्य क्षेत्रको रुपमा विकास गर्न स्याङ्जा र कास्की जिल्लाले पनि पहल शुरु गरेको देखिन्छ ।

पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा स्वीकार गरी नेपालको दिगो विकासमा योगदान पुऱ्याउन नेपाल सरकारले आर्थिक विकासको प्रमुख आधारको रुपमा लिएको छ । जनताका लागि जनताले जनताद्धारा गरिने विकास भनेको नै ग्रामीण पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास हो । यसबाट साँचो अर्थमा नेपालको ग्रामीण विकास र गरीवी न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्यमा सहयोग पुग्दछ । यसका लागि नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान तथा पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार बनाई आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य छ (तेह्रौं योजना आ. व.२०७०।७१ – २०७२।७३) ।

हाम्रो देश नेपाल क्षेत्रफल तथा जनसंख्याका दृष्ट्रिले  विशाल दुई छिमेकी राष्ट्रहरु उत्तरमा चीन र दक्षिणमा भारतको वीचमा अवस्थित छ । यी मुलुकहरुमा चीनमा बौद्ध धर्म भारतमा हिन्दु धर्मको बाहुल्यता छ । यसरी धार्मिक सामाजिक साँस्कृतिक दृष्ट्रिले पनि यी देशहरुको र हाम्रो वीच सामिप्यता अझ बढी नजिक रहेको छ । तसर्थ यहाँको ग्रामीण पर्यटन,प्राकृतिक,धार्मिक, सामाजिक साँस्कृतिक, पुरातात्विक सम्पदा र मौलिक संस्कृतिको पहिचान गरी पर्यटनको विविधिकरण र विस्तार गर्न सकिने संभावनालाई मध्यनजर गर्दै स्याङ्जा र कास्की जिल्लाको सिमानामा रहेका पर्यटकीय संभावनायुक्त म§खान, ऐतिहासिक वीरगोर्खालीको वीरगाथायुक्त साल्मेडाँडा, नेपालको एकिकरणपूर्वको चौविसे राज्य नुवाकोटको ऐतिहासिक दरबार,भ्यू टावरजस्ता पर्यटनको संभावना भएका क्षेत्र र पर्यटकीय नगरी पोखरा नजिकै रहेका क्षेत्रहरुमा (“ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणा”: मट्टिखानश्रृंखलाको समाजशाजशास्त्रीय अध्ययन) विषयक शोधपत्र तयार गरिएको छ।

सन् १९५० मा राणा शासनको पतन हुनु अघिसम्म पनि नेपालमा निकै कम संख्यामा पर्यटकको आगमन भएको थियो । त्यसपछि भने नेपाल पर्यटकको लागि खुला भयो । सन् १९५० मै अन्नपूर्ण हिमालको र सन् १९५३ मा तेन्जिङ्ग शेर्पा र एडमण्ड हिलारीद्वारा

सगरमाथाको सफल आरोहण पश्चात् नेपाल विश्वसामु परिचित हुन पुग्यो विशेष गरी भारतसँग जोड्ने गरी शुरु गरिएको हवाई सेवा तत्कालिन समयमा नेपालको आधुनिकीकरण र परिवर्तनको शुरुवातमा महत्वपूर्ण खुड्किलाको रुपमा देखा पऱ्यो (नेपाल टुरिजम वोर्ड,२००७) ।

सन् १९६० को दशकमा पर्यटकको रुपमा हिप्पीहरुको बाहुल्यता रह्यो । हिप्पीहरुलाई लागू पदार्थसेवन गर्न अवरोध बिनाको काठमाण्डौंको वातावरणले झनै लोभ्यायो । यो सँगै हिन्दी चलचित्र 'हरेराम हरेकृष्ण' को काठमाण्डौंमा छायाँकन पश्चात् भारतमा पनि नेपालको थप प्रचार भई भारतीय पर्यटक समेत बढ्न पुगे । त्यसपछि७० को दशकपछि पर्यटन विकासले गति लिन पुग्यो र पर्यटक आगमन पनि बढ्दै गयो । तत्कालिन समयमा टोनी हेगनले नेपालको सुन्दरतालाई श्रव्य दृश्य एवं प्रकाशन मार्फत विश्वसामु पस्किए पछि त झनै नेपालको सौन्दर्य विश्वसमुदायमा थप उजागर हुन पुग्यो । पर्यटनविद् कर्ण शाक्यद्वारा पर्यटन विकासमा नयाँ आयाम थप्न 'नेपाल भ्रमण वर्ष-१९९८' को परिकल्पना गरेपश्चात् सो अभियान एक सफल अभियानका रुपमा रह्यो । (हिमाल, २०६४)

त्यसपछिका केही वर्ष पर्यटन उद्योगका लागि केही आशालाग्दा भएपनि पछिल्ला वर्षहरुमा पर्यटन शिथिल अवस्थामै रह्यो । यस बीचको अर्को 'गन्तव्य पोखरा' अभियानले पनि खासै गति लिन सकेन । 'नेपाल भ्रमण वर्ष-२०११' मा पर्यटन विकासमा आशाका किरणहरुकेही देखिएका थिए साथै "पर्यटनका लागि सँगसँगै" भन्ने नारा पनि सही सावित भएको छ भने सन २०१२ लुम्बिनी भ्रमण वर्षको रुपमा मनाईएको थियो नेपाल टुरिजम बोर्ड,२०१२) ।

दशवर्षे लामो जनयुद्ध र ऐतिहासिक जनआन्दोलन पश्चात सम्पन्न बृहत शान्ति सम्झौता पश्चात शुरु भएको शान्ति प्रकृयासँगसँगै सम्पन्न निर्वाचनद्धारा संविधान सभाको गठनपछि नेपालको शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुरयाउन जोड दिई सन २००७ मा ५ लाख भन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेबाट मुलुकमा पर्यटक आगमन संख्यामा वृद्धि भई पर्यटन व्यवसायमा राष्ट्रिय अन्तराष्ट्रिय लगानीकर्ताको लगानी गर्ने चाहनाको वृद्धि भएको संकेतहरु देखा परेका छन् । यसै सन्दर्भमा पर्यटन नीति २०६५ ल्याई नेपाललाई विश्व पर्यटन मानचित्रमा आर्कषक, रमणीय, सुरक्षित गन्तव्यस्थलको रुपमा परिचय गराउने पर्यटन क्षेत्रका हवाई, होटल, ट्राभल तथा टुर जस्ता विविध प्रकारका गतिविधि र व्यवसायमा वृद्धि भई सर्वसाधरणको जीविकोपार्जनको लागि रोजगारीको अवसर लगायत

उत्पादनशिलता, जनताको जीवनस्तर  र आर्थिक वृद्धिदर उच्च भई राजश्वमा योगदान पुग्ने अपेक्षा समेत सो नीतिले लिएको छ। यस नीतिका दीर्घकालिन सोचलाई निम्नानुसार उल्लेख गरिएको छ (पर्यटन नीति,२०६५) ।

नेपालका प्राकृतिक, सांस्कृतिक, जैविक एवम् मानव निर्मित सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै नेपाललाई विश्वमान चित्रमा आर्कषक र रमणिय र सुरक्षित गन्तव्य स्थलको रुपमा विकास गर्नु हुनेछ र त्यसैगरी यस नीतिको लक्ष्यमा,राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रामा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ । यसैगरी यस नीतिका निम्न उद्देश्यहरु रहेकाछन् ।

- ❖ पर्यटन क्षेत्रको विविधकरण र विस्तारद्धारा सर्वसाधरण नागरिकमा स्वरोजगारको सृजना गरी पर्या-पर्यटन र ग्रामिण पर्यटनलाई गरीबि निवारणसँग आवद्ध गरी उनीहरुको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने ।
- ❖ देशका मूर्त, अमूर्त प्राकृतिक, साँस्कृतिक, जैविक, मानव निर्मित सम्पदाको खोज, संरक्षण र सम्बर्द्धन गर्ने ।
- ❖ सुलभ, सुरक्षित,भरपर्दो नियमित हवाई र स्थल यातायातको माध्यमद्धारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।
- ❖ पर्यटन स्थल, होटल, मनोरञ्जन स्थल, पर्यटकीय पूर्वाधारको विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी प्रवर्द्धन हुने वातावरण सृजना गर्ने ।
- ❖ पर्यटन क्षेत्रबाट प्राप्त लाभ क्षेत्रीय र बर्गीय आधारमा सवै नागरिकमा न्यायोचित वितरण गर्ने ।
- ❖ पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधानको उपयोग गर्दा बातावरण संरक्षण र दिगो विकासमा ध्यान दिने ।

**ग्रामीण पर्यटन नीतिसँग सम्बन्धित नीतिहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।**

ग्रामीण पर्यटन उद्योग प्रवर्द्धनका लागि देहायबमोजिमका कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

१)  ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२) उच्च आय वर्गका पर्यटकलाई ग्रामीण पर्यटनतर्फ आकर्षित गराउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ ।

३) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुतर्फ आकर्षित पर्यटकलाई पर्या-पर्यटन, ग्रामीण पर्यटनसँग आबद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइनेछ ।

४) ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गरिनेछ ।

५) स्थानीय उत्पादनलाई पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुऱ्याउने नीति लिइनेछ ।

६) ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेसी, आदिवासी जनजाति र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गरिनेछ ।

७) महिलाको नेतृत्वमा वा महिला समूहद्वारा संचालन गरिने पर्यटकीय क्रियाकलापहरुमा विशेष प्रोत्साहनसहित प्रवर्द्धन गरिनेछ ।

८) स्थापित पर्यटकीय सम्पदाका साथै ग्रामीण क्षेत्रमा विकास गरिएका नयाँ पर्यटकीय सम्पदालाई समेत उच्च प्राथमिकता दिई प्रचारप्रसार गरिनेछ ।

९) ग्रामीण क्षेत्रका पर्यटक स्थलबाट भएको आम्दानीको निश्चित हिस्सा स्थानीयस्तरमा पर्यटन पूर्वाधार, वातावरण संरक्षणलगायत सामाजिक क्षेत्रमा खर्च गरिनेछ ।

१०) स्थानीय समुदायहरुद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको बिक्री वितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

११) विभिन्न क्षेत्रमा भएका पर्यटकीय सम्पदाहरुको छुट्टाछुट्टै विशिष्ट पहिचान बनाई “एक स्थान एक पहिचानको” नीति अवलम्बन गरिनेछ ।

१२) नेपालका पर्यटकीय सम्भाव्य गाउँहरुलाई स्थानीय जनसहभागितासमेतका आधारमा ग्रामीण पर्यटनस्थलका रुपमा विकास गरिनेछ ।

१३)	नेपालका पर्यटकीय गाउँको छनौट तथा विकास गरी पर्यटकहरुका लागि खास अवधिको Home Stay, Village Tourism कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१४)	पर्यटकीय दृष्टिले महत्वपूर्ण पर्यटक स्थलको खोजी, पूर्वाधारको निर्माण, विकास र सञ्चालनमा विविध क्रियाकलाप र गतिविधिको सञ्चालन गरिनेछ ।

१५)	स्थानीयस्तरमा मौलिक आकर्षण भएका सम्भाव्य गाउँहरुमध्ये प्रत्येक वर्ष कम्तीमा एक गाउँलाई 'पर्यटन गाउँका' रुपमा विकास र प्रवर्द्धन गरिनेछ ।

१६)	पर्यटनलाई गाउँ गाउँसम्म विस्तार गरी स्थानीय विपन्न परिवार, पिछडिएका वर्ग, महिला तथा बेरोजगार एवं अर्ध-बेरोजगारहरुलाई प्रत्यक्ष फाईदा पुग्ने किसिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१७)	स्थानीयस्तरमै खडा भएका कार्यगत समूह र सामुदायिक संस्थाहरुमार्फत सामाजिक परिचालन गर्नुका अतिरिक्त पूर्वाधार निर्माणका लागि स्थानीय निकाय एवं नेपाल सरकारबाट वित्तीय स्रोत परिचालन गरिनेछ ।

१८)	पर्यटनको महत्व र त्यसबाट प्राप्त हुने फाइदाका विषयमा राष्ट्रव्यापी रुपमा आम जनमानसमा चेतना जगाउन श्रव्यदृश्यलगायत अन्य उपयुक्त माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१९)	समुदायमा आधारित पर्यटनसम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय निकाय, निजीक्षेत्र र गैरसरकारी क्षेत्रलाई प्रोत्साहन गरी पर्यटकीय क्रियाकलापलाई ग्रामीण गरिबी निवारणसँग आबद्ध गरिनेछ ।

२०)	समुदायमा स्थापित आदिवासी जनजातिको परम्परागत ज्ञान (Traditional Knowledge) मा आधारित सम्पदाहरुको संरक्षण गरी पर्यटन विकास एवं प्रवर्द्धनमा आबद्ध गराईनेछ (पर्यटन नीति, २०६५) ।

**आन्तरिक पर्यटनसँग सम्बन्धित नीतिहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।**

१)	आन्तरिक पर्यटनको विकास र विस्तारमा जोड दिइनेछ ।

२)	मुलुकको एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने नेपाली नागरिकलाई पनि आन्तरिक पर्यटकको रुपमा मान्यता दिइनेछ ।

३)	हिमाल, पहाड र तराईका विभिन्न पर्यटकीय स्थलहरुमा नेपाली पर्यटकहरुलाई भ्रमण गर्न प्रोत्साहन गरिनेछ ।

४)	आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्न निजी क्षेत्रको समन्वयमा विविध पर्यटकीय प्याकेजहरुको विकास एवं प्रवर्द्धन गरी कर्मचारीहरुलाई आन्तरिक पर्यटनको लागि उत्प्रेरित गर्न यात्रा उत्प्रेरणा बिदा (Travel Incentive Leaves), शैक्षिक भ्रमण र अध्ययन अवलोकन भ्रमणको व्यवस्थाको लागि प्रोत्साहन गरिनेछ ।

५)	सबै क्षेत्रमा काम गर्ने जनशक्तिलाई आन्तरिक पर्यटनतर्फ आकर्षित गर्न निश्चित सहुलियतयुक्त बिदासहितको स्थानीय भ्रमण प्रोत्साहन कार्यक्रम (Local Travel Concessions) लागू गरिनेछ ।

पर्यटन व्यवसायलाई देहायबमोजिमका गतिविधिहरुको आधारमा विविधिकरण विस्तार र विकास गरिनेछ ।

**१)	व्यावसायिक पर्यटन**

क)	सभा-सम्मेलन, व्यापार-मेला, साँस्कृतिक महोत्सव र रचनात्मक एवं प्रवर्द्धनात्मक पर्यटक गतिविधिको माध्यमबाट नेपालमा व्यावसायिक क्रियाकलाप आयोजना गर्न प्रोत्साहन गरिनेछ ।

ख)	अर्न्तराष्ट्रिय संघ संगठनको विभिन्न तहका कार्यालयको स्थापना, त्यस्ता संघ संगठनको बैठक, भेला, सभा सम्मेलन नेपालमा गर्न प्रोत्साहन गरिनेछ ।

**२)	पर्वतारोहण**

क)	पर्वतारोहणलाई बढी व्यवस्थित र वातावरणमैत्री तुल्याई नेपाललाई पर्वतारोहणका क्षेत्रमा एउटा उत्कृष्ट गन्तव्यस्थलको रुपमा विकास गरिनेछ ।

ख)	पर्वतारोहणको दृष्टिले पहुँच नपुगेका सम्भाव्य क्षेत्रमा पर्वतारोहण शुल्क केही समयका लागि मिनाहा दिइनेछ ।

ग)	नेपालका हिमचुलीहरु आरोहणका लागि क्रमशः खुला गर्दै लगिनेछ ।

घ)	निश्चित उचाईभन्दा मुनिका र प्राविधिक दृष्टिकोणले आरोहणका लागि सरल मानिएका हिमचुलीहरुलाई पदयात्रा चुली (Trekking Peaks) का रुपमा प्रवर्द्धन गरिनेछ ।

**३)	पदयात्रा पर्यटन**

क)	नेपालको पदयात्रा पर्यटनलाई विश्वको एउटा उत्कृष्ट पर्यटकीय सम्पदाको रुपमा बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाईनेछ ।

ख)	पदयात्रासम्बन्धी नीतिगत तथा अन्य व्यवस्थापकीय कार्य पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयको कार्यक्षेत्रभित्र समावेश गरिनेछ ।

ग)	पदयात्रा पर्यटनमा उच्च आय वर्गका पर्यटकको आकर्षणमा वृद्धि गराउन हाल संचालनमा रहेका क्षेत्रलाई अझ बढी व्यवस्थित गरिनेछ ।

घ)	पदयात्राका लागि नयाँ रुटहरुको खोजी र विकास गरिनेछ र यसको लागि सरकारी लगानीमा प्राथमिकता दिइनेछ ।

ङ)	पदयात्रा पर्यटनलाई बढी सुरक्षित, भरपर्दो र आकर्षक बनाउन आवास व्यवस्था, सुरक्षालगायतका क्षेत्रमा भएका विद्यमान प्रयासलाई स्थानीय समुदायको सहभागितामा अझ बढी प्रभावकारी बनाइनेछ । पदयात्रा पर्यटनलाई सुरक्षित, भरपर्दो र आकर्षक बनाइनेछ ।

च)	पर्यटकीय पूर्वाधार र आवास जस्ता सेवा सुविधाहरु उपलब्ध नभएका वा अपुग भएका प्राकृतिक तथा वातावरणीय दृष्टिकोणले विशेष महत्व राख्ने तथा सुरक्षाका दृष्टिकोणले संवेदनशील मानिएका स्थलहरुलाई निर्देशित पदयात्रा क्षेत्रका रुपमा कायमै राख्ने नीति लिइनेछ । यसका लागि निश्चित संख्यामा समूहयात्रा गर्ने पर्यटकहरुलाई पदयात्रा अनुमतिको आधारमा ट्रेकिङ्ग एजेन्सी मार्फत मात्र यात्रा गर्न दिने व्यवस्था मिलाइनेछ ।

छ)	निर्देशित पदयात्रा क्षेत्रबाहेक बाँकी पदयात्रा क्षेत्रहरुलाई साधारण पदयात्रा क्षेत्रको रुपमा तोकी त्यस्ता क्षेत्रहरुमा व्यक्तिगत वा सामूहिक रुपमा पदयात्रा गर्न पाउने व्यवस्था गरिनेछ ।

ज)	पदयात्रा पर्यटनमा संलग्न कामदारलाई पर्यटकस्थलमा न्यूनतम आधारभूत सेवा र सुविधा उपलब्ध गराउनेतर्फ समन्वय गरिनेछ ।

**४)	साँस्कृतिक पर्यटन**

विभिन्न जातजातिहरुको मौलिक संस्कृतिलाई समेटी साँस्कृतिक पर्यटनलाई जोड दिने क्रियाकलापहरुको सञ्चालनमा स्थानीय निकाय र जनसमुदायलाई प्रोत्साहन गरिनेछ ।

**५)	धार्मिक पर्यटन**

क)	नेपालका धार्मिक पर्यटकीय गन्तव्यलाई आध्यात्मिक एवं तीर्थाटनको केन्द्रको रुपमा विकास गरी त्यसमा नियमन गरिनेछ ।

ख) भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीलाई बौद्ध धर्म, दर्शन एवं अन्तराष्ट्रिय शान्ति र आध्यात्मिक शान्ति केन्द्रको रुपमा विकास गरी विश्वव्यापी प्रवर्द्धन गरिनेछ । बुद्धको जीवनीसँग सम्बन्धित लुम्बिनी आसपासका क्षेत्रहरु( तिलौराकोट, रामग्राम, देवदह, कोटीहवा, निग्लिहवा, सगरहवा, अरौराकोट, कुदान, सिसानिया) लाई बौद्ध उपपरिपथ (Buddist SubCircuit) का रुपमा एकीकृत विकास एवं प्रवर्द्धन गरिनेछ ।

ग) पशुपतिनाथ,जनकपुरधाम, मुक्तिनाथजस्ता हिन्दूहरुको प्रमुख धार्मिक क्षेत्रहरुको संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै अन्य विभिन्न धर्मावलम्बीहरुका धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलहरुको पहिचान र विकास गर्नुका साथै सम्बर्द्धन तथा प्रवर्द्धन गरी धार्मिक पर्यटनको विकास एवं विस्तार गरिनेछ (पर्यटन नीति, २०६५) ।

यसरी नेपाल सरकारले पर्यटन उद्योगलाई नेपालको भावी भविष्य निर्माण गर्ने आशाको किरणको रुपमा लिएको देखिन्छ ।

स्याङ्जा जिल्ला र कास्की जिल्लाको सिमानामा अवस्थित साविक स्याङ्जा जिल्ला मट्टीखान पञ्चायत वडा नं. ३ हाल कास्की जिल्ला कृस्तिनाच्नेचौर गा.वि.स. वडा नं. ९ स्थित, कालिकाकोट मन्दिर भएको ठाउँ प्राकृतिक छटाले भरिएको सुन्दर मनोरम कास्की, स्याङ्जा, तनहुँ, पाल्पा, लम्जुङ र पर्वत गरी ६ जिल्लाका उच्च रमणीय प्राकृतिक हरियाली पहाडहरुको दृष्य र भौतिक संरचनाहरु देखिनुको साथै उत्तर तर्फ चाँदीको पर्खाल भएका धौलागिरी, माछापुच्छ्रे र अन्नपूर्ण समेतका हिम श्रृंङखलाहरु, पोखराको फेवाताल, अनदुको शान्तिको प्रतिक बौद्ध स्तुप पञ्चासेको विशिष्ट धार्मिक र पर्यटकीय स्थल लेखनाथ नगरपालिकाको ७ तालको दृष्य र पोखराको बीच भएर बग्ने दुधको नदी पनि उत्तिकै झल्केको पर्यटकहरुको आत्म लुट्न सक्ने पर्यटकीय स्थलको सम्राट बाईसे चौबिसे राजाहरुको राजदरबार रहेको “जेठा पुत्र ति भक्ति खान हुन गए राज मट्टिखानमा लिए” ( चक्रबहादुर खाँड ठकुरीद्वारा लेखित खाँड वंशावलीको पाना नं. ६, स्रोत ओम बहादुर थापा) भन्ने पाइएको ठाउँ धार्मिक पर्यटकको प्रचुर सम्भावना बोकेको समुन्द्र सतहबाट १५४८ मिटर उचाईमा रहेको यस मन्दिर र मन्दिर रहेको स्थानको उचित प्रचार, प्रसार, संरक्षण, व्यवस्थापन र विकास हुन नसकेकाले यसलाई जीवन्त राख्न महत्व र विशिष्ट कारण दिलाउन अति आवश्यक भएकाले उक्त मन्दिरमा नित्य पूजा कर्म संचालन, व्यवस्थापन र

संरक्षण गरी मन्दिर र मन्दिर रहेको स्थानको विकास मर्मत संभार संरक्षण एवं व्यवस्थापन गरी देशी र विदेशीलाई समेत पहिचान गराई ख्याति बढाउन वान्छनीय भएकोले हामीश्रीकृस्ति मट्टिखान, कालिकाकोट, संरक्षण विकास तथा व्यवस्थापन समिति, कास्कीको विधान प्रस्तावनामा उल्लेख गरिएको छ (विधान २०६१) ।

पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्नु अगावै वर्तमान स्याङ्जा भूमिमा प्रवेश गर्ने शाह राजाका पुर्खा जैन खानका कान्छा नाती मिन्चाखान (अजय खान) वि.सं. १५१० मा 'नयाँकोट' भनिने यस नुवाकोट राज्यका राजा भए । नुवाकोट नेपाल २४ से राजाको राज्यकालसम्म यो राज्यकै राजधानी थियो । २४ से राजाको अन्तदेखि पश्चिम ४ नम्बर भनिएको र २०१९ सालदेखि ७५ जिल्लामा विभक्त यो जिल्ला वि.सं. २०२० सालसम्म स्याङ्जा जिल्लाको सदरमुकाम थियो । यो ऐतिहासिक स्थल हो । शाहा राजाहरु शक्तिपिठका उपासक थिए । उनैले करिब १५ औं शताब्दी देखि विभिन्न अवधिमा यहाँ काला भैरव, सुनकेशरी कालिका र चण्डीदेवीका मुर्ति ४ स्थानमा स्थापित गरी पूजा गर्न थाले । यहाँका काला भैरब समेतका देवीहरुको अपरम्पार शक्ति छौ भन्ने भक्तजनहरु असंख्य छन् । काला भैरवको भाकल गर्दा मनले चिताएको पुग्ने विश्वास छ । विभिन्न व्यक्तिले जागिर पाउन, सैनिक सेवामा भर्ति हुन प्रमोसन पाउन, दुःख विमार पर्दा भाकल गर्ने र भाकल पुरा भै बलि सहित पूजागर्नेहरुको यहाँ बेला बेलामा घुइँचो लाग्ने गर्दछ । काला भैरवलाई घृणा गर्ने पूजा गर्दा नीति नियमको पालना नगर्नेलाई अनिष्ट हुने कुरा स्थानीयहरु बताउँछन् ।

यहाँका देव देवीको महत्वकै कारण दैनिक पूजा लगायतका कार्य गर्न तत्कालिन सरकारले विभिन्न स्थानमा गुठी राखेको थियो । हालसम्म पनि दशैं आदिमा पूजा गर्न करिब रु. ११,०००।- बजेट रकमको व्यवस्था गरेको छ । जिल्लाको सदरमुकाम स्याङ्जामा स्थानान्तरण भएर पश्चात् सरकारी निकायको ध्यान त्यहाँ पुग्न सकेको छैन भनी स्थानीयहरु बताउँछन् ।

कास्की जिल्लाको कृस्ती गा.वि.स. वडा नं. ९ स्थित कालिकाकोट मन्दिरमा बडादशैको महानवमीमा भव्य रुपमा पूजा हुन्छ । कृस्ती मट्टिखान कालिकाकोट संरक्षण विकास एवं व्यवस्थापन समितिद्वारा आयोजित उक्त पूजामा श्रद्धालु भक्तजनको घुइँचो लाग्नुको साथै पञ्चवली पनि चढाइन्छ ।

उक्त मन्दिरमा ब्राम्हण, क्षत्री र मगर जातिका गरी तीन जना पूजारी रहेका छन् । ग्रामीण क्षेत्रमा परम्परा र संस्कृतिको जगमा टेकेर विकासका पाइलाहरु चाल्नुपर्ने बताए ।

साथै उनले कृस्ति मट्टिखानमा आन्तरिक तथा बाह्य पर्यटनको प्रचुर सम्भावना रहेको उल्लेख गर्दै हाम्रो विकासको आकाँक्षालाई पर्यटन व्यवसायको मोडलले सम्बोधन गर्नुपर्नेमा स्थानीयले जोड दिएका छन् (स्थलगत सर्वेक्षण,२०७०) ।

समितिका सल्लाहकार क्या. इन्द्रबहादुर गुरुङले सबैको सहयोगबाट मन्दिर र बाटोघाटोको निर्माण भएको बताए । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुवेदार लालकाजी गुरुङले सात सय कुरियाको साझा आस्थाको रुपमा कालिकाकोट मन्दिर रहेको र सबैको सहयोगबाट विकास निर्माण भएको बताए (स्थलगत सर्वेक्षण,२०७०) ।

**ग्रामीण पर्यटन सम्बन्धी नेपालका विभिन्न स्थानहरुको संक्षिप्त विवरणहरुलाई पनि केही समेट्ने प्रयास स्वरुप यहाँ केही स्थानहरुको संक्षिप्त झलकहरु प्रस्तुत गरिएको छ ।**

**बैतडी नेपालको सुदूर पश्चिमाञ्चल क्षेत्रमा पर्ने पहाडी जिल्ला हो** । यो जिल्ला नेपालका अमर शहीद दशरथ चन्दको जन्मभूमि हो । बैतडीको वरिपरि पहाडहरुमा चारवटा केदार देवताहरुको देवस्थल छन् । ती चारवटा मध्ये दक्षिणमा ग्वाल्लेक, पूर्वमा रौला, उत्तरमा देउलेक र पश्चिममा ध्वज केदार पर्दछन् जुन आराध्यदेव महादेवका रुप हुन भन्ने भनाई छ ।

बढी हावा लाग्ने भएकोले संस्कृतमा वायोत्तड (वायंत्तड) अर्थात वायु चल्ने ठाउँ पछि वायुत्तडबाट बायोत्तड र पछि शब्दको अपभ्रंस हुँदै अन्तमा बैतडी नाम रहेको भनाई छ । यस जिल्लाको पूर्वमा बझाङ र डोटी, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा दार्चुला र दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछन् ।

यस जिल्लाका केही प्रमुख नदी ताल तलैयामा महाकाली, चौताली, सेती, सुरनया, जामाडी, गर्मी, ढिकगाड, कोटेनीगाड, निलगढगाड, मड्रौ खोला, बगरा खोला, देगाड खोला आदि पर्दछन् ।

प्रमुख धार्मिक स्थलहरु तथा पर्यटकीय क्षेत्रहरुमा जगन्नाथ मन्दिर, ईश्वरी गंगाधाम, त्रिपुरासुन्दरी, मेलौली भगवती डिलाशैनी, दोगडा धाम न्वाली, सिगास सिगासधुरा, निङ्गलाशैनी देहीमाण्डौं, रौलकेदार मन्दिर रौलेश्वर, ग्वाल्लेक केदार ग्वाल्लेक, पाताल भुमेश्वर भूमेश्वर, मल्लादेही मेलौली, देउलेक केदार देउलेक, अशिम केदार दुर्गास्थान, उदयदेव मन्दिर पाटन हुन् ।

जिल्लाका व्यापारिक महत्वका स्थानहरुमा कालिका मान्डौ, गोरिल, बेलालबाबा, श्री भावर, खोडपे, पाटन, झुलाघाट, खोललेक, देहीमाण्डौं, सतबाँज, चौराहा, गोकुलेश्वर, मेलौली, पुचौडी हाट, गोठालापानी आदि पर्दछन् (नेपाल पर्यटन बोर्ड,२०१२) ।

नेपालको इतिहासमा बेग्लै पहिचान बोकेको र नेपाली खस भाषाको उदगम स्थल, जल, जडीबुटी र मनोरम भौगोलिक विविधताको सुन्दर भूमि कर्णाली प्राकृतिक स्रोत साधनहरुलाई सदुपयोगको पर्खाइमा रहेको छ । यस अञ्चलका ५ जिल्ला मध्ये **कालीकोट नेपालकै कान्छो जिल्ला** हो । २०३२ साल पूर्व जुम्ला जिल्लासँग जोडिएको तिब्रिकोटलाई कालीकोट नामाङ्कन गरिएको जिल्ला हो । भौगोलिक विविधता भएको कालीकोट जिल्ला कर्णाली अञ्चलको प्रवेशद्वारको रुपमा रहेको छ ।

विकास निर्माणसँग सडक यातायातले कर्णालीको प्रवेशद्वारा बनेको कालीकोटमा थुप्रै पर्यटकीय तथा धार्मिक स्थलकासाथै जल र जडीबुटीको खानी भएता पनि विकट र पिछडिएका क्षेत्रमा गनिन्छ । प्रशस्त आम्दानीका सम्भावना, वातावरणीय रुपमा सुहाउँदो हावापानी भएता पनि यसको पहिचान खोज र आवश्यक पूर्वाधारको अभाव र समस्यको जिल्ला बन्न पुगेको छ । सुनको बिस्कुन, बिस्कुन माथि गरिबीको बस्ती बसाईएको कालीकोट जिल्लामा प्रशस्त आम्दानीका स्रोत पर्यटकीय तथा धार्मिकस्थल भएता पनि आवश्यक प्रचारप्रसार र पूर्वाधार विकास कार्यक्रमको अभावले ओझेलमा परेको छ । करीब ५ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिने तिला कर्णाली नदी सदुपयोगको पर्खाइमा रहेका छन् ।

साँस्कृतिक सम्पदामा पञ्चदेवल सबैभन्दा प्रख्यात रहेको छ भने अन्य महत्वपूर्ण धार्मिक स्थलहरु, बडीमालिका, त्रिवेणीघाट चुलीमालिका, पुगमालिका, महाबु शिवजी, शिमनाथ आदि रहेका छन् । प्राकृतिक रुपमा विविधता रहेको यस जिल्लामा पचाल झरना ( ३८५ मिटर अग्लो) सम्भवत एशियाकै अग्लो झरनामा पर्दछ । पहाडको तराई भनेर चिनिने त्रिवेणी पाटन, रुडु बन्चु लेक, देउरा पाटन, लमौता ताल, रागेदह दार छेडना, पाखाको चैत्य मनोमोहक स्थल हुन् । तिला गुफा, तिसेली गुफा, फुगाडको झरना तिला कर्णालीको दोभान लक्ष्मी तिर्थ थप आकर्षक हुन् (नेपाल पर्यटन बोर्ड,२०७०) ।

पुरातात्विक र ऐतिहासिक रुपमा प्रख्यात कोट दरवार शान्नी राष्कोट दरवार, झ्याकोट दरवार, दाहालको मन्दिर, जेविथा गाल्जे साँघुले आफ्नै पहिचान बनाएको छ । बेग्लैखालका साँस्कृतिक परम्परा रहेको यस भेगमा देउडा नाच, हुडके नाच, धामी

नाच, झोडा नाच, मागल, बालो नाच, धमारी नाच आदि अत्यन्तै प्रख्यात रहेका छन् । ( नेपाल पर्यटन बोर्ड २०७०) ।

हिमाली भेगदेखि तराईसम्म फल्ने अन्नवाली फलफूल यस जिल्लामा पाइन्छन् । यहाँ यार्सागुम्बा, पाँचऔंले, जटामसी, पदमचाल, शिलाजित, कटुकी, बायाजडी, गदाल्नु, बिस कार्पे आदि जडीबुटी र नेपालकै नमुनायोग्य स्याऊ यस जिल्लामा पाइन्छ । यहाँ पाइने बहुमुल्य काइनेटिक ढुङ्गाका कारण यो जिल्ला प्रख्यात छ  (नेपाल पर्यटन बोर्ड, २०७०) ।

विश्व सम्पदासूचीमा नेपालको पहिलो राष्ट्रिय निकुञ्ज तथा दुई ठूला नदी नारायणी र राप्तीले ३ तिरबाट घेरिएको सुन्दर टापुको रुपमा अवस्थित पर्यटकीय आकर्षण केन्द्र **मेघौली पर्यटकहरुको** लागि आकर्षक गन्तव्यस्थल बन्दै गएको छ । चितवन जिल्लाको सदरमुकाम भरतपुरदेखि २५ कि.मि. पश्चिममा पर्ने मेघौली प्राकृतिक, साँस्कृतिक एवं धार्मिक सम्पदाले सम्पन्न रहेको छ ।

अर्न्तराष्ट्रिय हात्तीपोलो खेल खेलिने स्थलको रुपमा प्रख्यात मेघौली आठ सामुदायिक वनहरु, सिमसार क्षेत्र घाँसेमैदान तथा थुप्रै तालहरु भएकोले चितवन राष्ट्रिय निकुञ्जको दुर्लभ वन्यजन्तु तथा चराचुरुङ्गीहरुको बाक्लो बासस्थानको रुपमा परिचित छ । पाटेबाघ, एकसिङ्गे गैंडा, गोही, विभिन्न जातका चराचुरुङ्गी, अनेक प्रजातिका उभयचर एवं जलचर तथा विभिन्न प्रकारका वनस्पति पाइने मेघौलीमा जलमार्ग, स्थलमार्ग तथा हवाइमार्गबाट सजिलै पुग्न सकिन्छ । जैविक विविधताले धनी मेघौली क्षेत्र आदिवासी संस्कृतिले सम्पन्न छ । जहाँ पर्यटक बसोबासका लागि थारु सामुदायिक होम-स्टे (Home Stay),रिसोर्ट, होटल तथा प्रशस्त लजहरु छन् ।थारु होम-स्टेमा घोङ्गी, चिचर, लोकल हाँस तथा कुखुराका मासु, माछा तथा सागसब्जीहरु उपलब्ध गराइन्छ ।

हात्तीसयर, डुङ्गासयर, ऱ्याफ्टिङ, इकोपार्क, पिकनिकपार्क, नदी, ताल, सामुदायिक वनभ्रमण, दुई नदीको सङ्गमस्थल गोलाघाटमा सूर्यास्त दृश्यावलोकन, मटानबाट दृश्यावलोकन, चराचुरुङ्गी थारु साँस्कृतिक सङ्ग्रालय, गोही प्रजनन केन्द्र अवलोकन, आदिवासी तथा पहाडी संस्कृति (Hilly Culture) अवलोकन, हात्तीपोलो, प्याराजम्पिङ, असहाय वन्यजन्तु संरक्षण केन्द्र (निर्माणधीन) अवलोकन जस्ता महत्वपूर्ण पर्यटकीय आकर्षक क्रियाकलापद्वारा पर्यटकलाई मनोरञ्जन प्रदान गर्न सकिन्छ (नेपाल पर्यटन बोर्ड २०७०) ।

प्रकृति, संस्कृति र इतिहासको समृद्धता नै **नुवाकोटको गौरवमय परिचय** हो । काठमाडौंबाट उत्तरपश्चिमका नौवटा कोटहरु (बेलकोट, धुवाँकोट, धैबुङकोट, प्यासकोट, भैरमकोट, मालाकोट, सिमलकोट, सल्यानकोट र कालिकाकोट) को साझा नामको रुपमा 'नवकोट' परिमार्जित हुँदै नुवाकोट नामाकरण भएको हो । पवित्र त्रिशूली र तादी नदीले वेष्ठित, राष्ट्र निर्माणको इतिहासमा वर्णित, मौलिक कला संस्कृतिले सुसज्जित र स्वाभिमानी कर्मयोगीहरुको पौरखमा समुज्ज्वलित नुवाकोट गतिलो गन्तव्य पनि हो ।

ऐतिहासिक नेपाल-तिब्बत मैत्री सन्धिस्थल, बेत्रावती, २५ वर्षसम्म (वि.सं. १८०१-१८२५) नेपालकै राजधानी रहेको रंगमहल, गारदघर, तोपखाना, बारुदखाना, देवीघाटको पृथ्वीस्मारक र पृथ्वीनारायण शाहको समाधीस्थल, अंशुवाटिका, शेरा दरबार, टक्सार आसपासका नौवटा कोट तथा गढीहरु, नुवाकोटका मात्र नभई नेपालकै गौरव बढाउने ऐतिहासिक तथा पुरातात्विक धरोहर हुन् (नेपाल पर्यटन बोर्ड २०७०) ।

**मध्य तथा सुदूर पश्चिमको केन्द्र विन्दुको रुपमा रहँदै आएको बाँके आँफैमा एक आकर्षक पर्ष्यटकीय स्थल हो** । भारतमा आवत जावत गर्ने हुन् या मध्य-पश्चिमलाई राजधानीसँग जोड्ने वर्षौ देखि बाँकेले ट्रान्जिटको रुपमा काम गरिरहेको छ । नयाँ मुलुकको रुपमा चिनिने बाँके जिल्लाको रितीरिवाज पनि बाहिरबाट आउनेहरुका लागि साच्चिकै नयाँ छ ।

थरीथरीका जाति तथा धर्ममा आस्था राखी बसोबास गर्नेहरु सम्भवतः एकै ठाउँमा बस्ने गरेको निकै कम स्थान मध्ये बाँके जिल्ला पर्दछ । बाँकेमा रहेका मन्दिर, मस्जिद, गुम्बा, चर्च देखि लिएर शिख समुदायको परम्परा र संस्कृति, थारु संस्कृति र अवधि सम्प्रदायको संस्कार पनि पर्यटकलाई चाख लाग्ने स्रोत हुन् । तराँईको सुगम जिल्लाको रुपमा परिचित बाँकेको सदरमुकाम नेपालगञ्ज लगायत अधिकांश गाविसहरुमा सडकको बिस्तार भइसकेका कारण पुग्न कठिनाई छैन । सडक यातायात मात्र नभई यस ठाउँलाई हवाई विमानस्थलले जोड्ने काम गरिरहेको छ । वर्षौदेखि मध्य तथा सुदूर पश्चिमको मेरुदण्डको रुपमा रहँदै आएको नेपालगञ्ज पछिल्ला दिनमा चीनको कैलाश मानसरोवर जाने पर्यटकहरुका लागि ट्रान्जिट परेका कारण यस शहरको पर्यटन बिस्तारको सम्भावना अझै बढेको छ । भारत तथा काठमाडौबाट आउने पर्यटकहरका लागि नेपालगञ्ज मानसरोवर पुग्न सबभन्दा छोटो रुट पर्ने भएका कारण नेपालगञ्जलाई मानसरोवर पुग्ने रुटको रुपमा विकास गर्न सकिन्छ (नेपाल टुरिजम वोर्ड,२०१२) ।

मानसरोवर जाने मुख्यद्वार बाहेक प्युठानको स्वर्गद्वारी, रारा, फोक्सुन्डो लगायतका स्थानमा जान पनि नेपालगञ्ज पायक पर्ने भएका कारण नेपालगञ्ज पर्यटनको लागि मुख्य केन्द्र बनिरहेको छ । यस बाहेक नेपालगञ्जमा रहेका थुप्रै पर्यटकीय स्थलहरुले आन्तरिक र बाह्य दुबै पर्यटनको विकास गर्न सकिने सम्भावना बढाएको छ । नेपालगञ्जमा रहेका स्थानीय पर्यटकीय स्थलहरुको नाम लिनुपर्दा वागेश्वरी मन्दिर, वाटरपार्क, महेन्द्रपार्क, खजुराको लक्ष्मीनारायण मन्दिर, ढकेरीको वनस्पति उद्यान र जामे लगायतका थुप्रै मस्जिदहरु अग्र स्थानमा आउँछन् (नेपाल पर्यटन बोर्ड २०७०) ।

**स्वर्गद्वारी नेपालको मात्र नभई हिन्दुहरुकै प्रमुख धार्मिक स्थलहरु मध्ये पर्दछ ।** महाभारतमा उल्लेख गरिए अनुसार पञ्चपाण्डवहरु यहींबाट स्वर्ग प्रस्थान गरेको किम्बदन्ती छ । प्यूठानको अग्लो डाँडामा (समुन्द्र सतहदेखि २१२१ मि.) १६०० रोपनी जग्गामा फैलिएको स्वर्गद्वारी आश्रम, करिब ११५ वर्षदेखि अनवरत रुपमा अग्निको ज्वालासँगको अखण्ड धुनी, वेदन, पुजा, बलीविनाको पुजा गरिदै आएको छ । यहाँ सयौं गाई पालेर राखिएका छन् । स्वर्गद्वारीबाट देखिने धवलागिरी हिमालको सौन्दर्यता वर्णन गर्न योग्य छ ( नेपाल पर्यटन बोर्ड २०७०) ।

**नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको दक्षिण पूर्वमा अवस्थित तनहुँ साँस्कृतिक सम्पदाको धनी जिल्ला हो** । आदिकवि भानुभक्त आचार्य र वेदव्यासको जन्मभूमि तनहुँ काठमाडौबाट ११० कि.मि. पश्चिम र पोखराबाट १९ कि.मि. पूर्वपट्टी नेपालकै केन्द्रविन्दुमा अवस्थित छ । १५४६ वर्ग किलोमिटर भू-भागमा फैलिएको तनहुँले धरातलीय स्वरुप अनुसार समुन्द्र सतहबाट २०० मिटरमा अवस्थित देवघाट क्षेत्रदेखि २१२१ मिटर उचाईको छिम्केश्वरी लेकसम्मलाई समेटेको छ । ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा प्राकृतिक विविधताले भरिपूर्ण तनहुँ एक पर्यटकीय जिल्ला हो जहाँ ४० भन्दा बढी जातजातिहरुको बसोबास रहेको छ (नेपाल पर्यटन बोर्ड २०७०) ।

तनहुँ भ्रमण किन :

- सेती, कालीगण्डकी, मर्स्याङ्गदी र त्रिशूली नदीमा जलयात्रा गर्न ।
- पहाडकी रानी बन्दीपुर, ऐतिहासिक स्थलहरु : तनहुँसूर, मिर्लुङ्गकोट, रिसिङ्ग रानीपोखरी अध्ययन अवलोकन गर्न ।
- विविध साँस्कृतिक कार्यक्रम सहित होमस्टेमा रमाउन ।
- विभिन्न पदमार्गका साथ देशकै मध्य विन्दुमा पदार्पण ।

- प्यारागलाईडिङ्ग, क्यानोनिङ्ग, ऱ्याप्लिङ्ग, रक क्लाईम्बिङ्ग, माउण्टेन वाईकिङ्ग जस्ता साहासिक पर्यटकीय गतिविधिमा रमाउन ।
- स्थानीय खानाका परिकार सहित कौरा नाचको अनुभव लिन ।

देवघाटधाम, छाब्दीबाराही, ढोरबाराही, थानीमाई, छिम्केश्वरीका साथै दर्जनौ मठ मन्दिर, गुम्बा, चर्च तथा मस्जिद दर्शन एवं अवलोकन गर्न (नेपाल पर्यटन बोर्ड २०७०) ।

**खाता जैविक मार्ग एक महत्वपूर्ण अन्तराष्ट्रिय जैविक मार्ग (Biological Corridor) हो ।** यसले नेपालको बर्दिया राष्ट्रिय निकुञ्जलाई भारतको कतरनीयाघाट वन्यजन्तु सेन्च्युरीसँग जोड्छ । यही बाटो भएर बाघ, गैंडा, हात्ती जस्ता दुर्लभ वन्यजन्तुहरु नेपाल भारतका संरक्षित क्षेत्रहरुमा ओहोरदोहोर गर्छन् । जैविक तथा पर्यावरणीय दृष्टिकोणले जैविकमार्ग महत्वपूर्ण छन् । छिन्नभिन्न भैसकेको यस जैविक मार्गको विगत १० वर्षदेखि संरक्षणको प्रयास भईरहेको छ । यस जैविक मार्गमा बर्दिया खाता क्षेत्रका ढोडरी, सूर्यपटुवा र सानोश्री गाविसका ४८ सामुदायिक वनहरु समेटिएका छन् । हालसालै नेपाल सरकारले खाता जैविक मार्गलाई संरक्षित वन क्षेत्र घोषणा गरी विशेष महत्वको वनक्षेत्रको मान्यता दिएको छ । शिव सामुदायिक वन खाता जैविक मार्गमा पर्ने विशेष महत्वको वन हो । १०३.४३ हेक्टर क्षेत्रफल रहेको शिव सामुदायिकमा १०५ उपभोक्ता घरधुरी छन् । जैविक विविधताले भरिपूर्ण शिव साव ठूला तथा दुलर्भ वन्यजन्तु बाघ, गैंडा र चराचुरुङ्गीको बासस्थान हो । संरक्षण र व्यवस्थापनको दृष्टिकोणले पनि यो वन उत्कृष्ट छ (नेपाल पर्यटन बोर्ड २०७०) ।

यस सामुदायिक वनमा वन्यजन्तुको जानकारी दिने सूचना केन्द्र, घोल पोखरी, घाँसे मैदान व्यवस्थापन, मचान, अवलोकन स्थल (view tower) तथा अग्नि रेखा निर्माण लगायतका विविध संरक्षणमूलक काम भएका छन् । सामुदायिक वनले आफ्नो आम्दानीबाट विद्यालय समेत सञ्चालन गरेको छ ।

संरक्षणका कारण यहाँ पर्या-पर्यटन विकासका प्रशस्त संभावना रहेका छन् । त्यसै संभावनालाई मध्यनजर गरी पछिल्लो समयमा यहाँ होम- स्टे पर्यटनको शुरुआत गरिएको छ । गत फाल्गुण महिनादेखि शिव सावउसले होमस्टे पर्यटनको थालनी गरेको हो ।

व्यवस्थापिका संसद प्राकृतिक स्रोत साधन र समितिका सभापतिबाट यस होम स्टे गाउँको उद्घाटन भएको थियो । थारु बाहुल्य डल्ला गाउँमा हाल १७ घरले होमस्टेको थालनी गरेका छन् । उद्घाटन पछिको ३ महिनामा करीब ६०० स्वदेशी तथा विदेशी पर्यटकहरुले डल्ला गाउँको भ्रमण गरिसकेका छन् । होमस्टे सञ्चालन गर्न ९ सदस्यीय होमस्टे व्यवस्थापन समिति कार्यरत छ । समितिले तयार गरेको विनियम अनुसार होमस्टे सञ्चालन गरिएको छ (नेपाल पर्यटन बोर्ड २०७०)।

तराई भू-परिधि कार्यक्रमले होमस्टेको लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका काममा सघाएको छ । त्यसो त यहाँको संरक्षण तथा सामुदायिक विकासका लागि तराई भू-परिधि कार्यक्रमले विगत १० वर्षदेखि निरन्तर रुपमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । त्यसैगरी पर्या-पर्यटन विकासका लागि जिल्ला वन, बर्दिया राष्ट्रिय निकुञ्ज, सूर्यपटुवा गाविस तथा अन्य सरोकारवाला निकायहरुबाट पनि महत्वपूर्ण सहयोग एवं सद्भाव प्राप्त हुँदै आएको छ । स्थानीय जनताहरुले वन, वन्यजन्तुको उचित संरक्षण गरेका छन् । दिगो संरक्षणका लागि उपभोक्ताहरुको जीविकोपार्जन सुधार हुनु जरुरी हुन्छ । संरक्षणमा आधारित पर्या-पर्यटनको माध्यमबाट अर्थोपार्जनका अवसर सृजना गर्न सकिन्छ । वन्यजन्तु समस्या मात्र हैनन् अवसर पनि हुन् । स्थानीय उपभोक्ताहरुले संरक्षणको लागि गरेको कामको प्रतिफल दिन र जैविक विविधता संरक्षणमा अझ बढी जनसहभागिता बृद्धि गर्न आयआर्जन र सहभागितामूलक संरक्षणको गतिलो माध्यमको रुपमा होमस्टे पर्यटनको थानी गरिएको हो (नेपाल पर्यटन बोर्ड २०७०)।

यसरी हेर्दा ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाउन र पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र जनतामा पुऱ्याउन विभिन्न क्षेत्रमा ग्रामीण पर्यटकीय क्रियाकलापको विस्तार गरिनुपर्दछ । आन्तरिक र बाह्य पर्यटन मार्फत आय आर्जन र रोजगारीका अवसरमा वृद्धि गरी स्थानीय जनताको जीवनस्तरमा सुधार गर्दै पर्यटनलाई गरिबी निवारण नयाँ आर्थिक विकाससँग आवद्ध गरी पर्यटनको विकास गरिनु पर्दछ ।

पर्यटन सम्बन्धमा विभिन्न शोध अनुसन्धान कार्यहरु भएका छन । यस्तै शोधकार्यमा शर्मिला आचार्यले पर्यटन व्यवसायमा महिला सहभागिता, भन्ने विषयमा पोखरा उप महानगरपालिका लेकसाइडका महिलाहरुको अध्ययन गर्नुभएको छ । त्यस्तै मीरा देवकोटा (

ढकाल)ले एजुकेडेड वुमन इन गर्भमेन्ट इम्प्लोइमेन्ट भनी पोखराका जागिरे महिलाको अध्ययन गरेकी थिइन्, त्यसैगरी रामजी शर्माले सोसियो कल्चरल इम्प्याक्ट अफ टुरिजम अन होस्ट कम्युनिटी भनी पोखरा र वरिपरिका क्षेत्रको अध्ययन गनुभएको छ । त्यसैगरी स्याङ्जाका सिरुवारी कोल्माको ग्रामीण पर्यटनको बारेमा पनि अध्ययन अनुसन्धान भैसकेका छन र कास्की जिल्लाको पर्यटन गुरुयोजना (२०६८ -२०७८) समेत तयार भएको वर्तमान सन्दर्भमा यस मट्टिखान क्षेत्रको पर्यटकीय संभावनाको खोज अनुसन्धान हुन बाँकी नै भएकाले यस क्षेत्र र विषयलाई अध्ययन गर्नको लागि छनौट गरेको हुँ ।

# अध्याय तीन

# अनुसन्धान विधि

जुनसुकै अध्ययन अनुसन्धानको सफलता भनेको नै यसको विधि हो । अध्ययन अनुसन्धानको प्रकृति अनुसार यसको उपयुक्त विधि छनौट गर्न सक्नुपर्छ । अनुसन्धानको सफलता र असफलता अनुसन्धानको विधिमा निर्भर गर्दछ । यो अध्ययनमा निम्नानुसारका अनुसन्धान विधि प्रयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौट गर्नुको औचित्य

धेरै अनुसन्धान तथा अध्ययन गर्ने अनुसन्धानकर्ताहरुले आ-आफ्नै रुचिको विषय आफ्नो इच्छा सविधा अनुसारका क्षेत्र छनौट गर्ने गर्दछन् । सफल अनुसन्धानका लागि अनुसन्धानकर्ताले छनौट गर्ने क्षेत्र एउटा महत्वपूर्ण विषय हो । उक्त क्षेत्रलाई अध्ययनको क्षेत्र बनाउनुको औचित्य निम्न लिखित बुँदाहरुबाट प्रष्ट्याइएको छ ।

- अध्ययनकर्ताको स्थानीय क्षेत्र भएको हुनाले तथ्याङ्क संकलन लगायत विविध पक्षमा सरलता आउने हुनाले यस क्षेत्रलाई नै छनौट गरिएको हो ।
- अध्ययनकर्ताको पर्यटन सम्बन्धी अध्ययन व्यक्तिगत रुचीको क्षेत्र भएकाले यस विषय रोजिएको हो ।
- अध्ययनकर्ताको परिचित तथा संभावित पर्यटकीय क्षेत्र भएकोले प्रश्नका यथार्थ उत्तर र तथ्यांक प्राप्त गर्न सहज हुने भएकोले यस क्षेत्रलाई नै प्राथमिकता दिइएको हो ।
- ग्रामीण पर्यटन विकासको अत्यन्त संभावित क्षेत्र भएर पनि हालसम्म कसैले अध्ययन अनसन्धान नगरेको क्षेत्र भएकोले नै यसै क्षेत्रलाई अध्ययन क्षेत्रका रुपमा लिइएको हो ।

## ३.२ अध्ययनको ढाँचा

यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा आधारित रहेर गरिएको छ । प्राप्त तथ्यांक आफैमा पूर्ण र पर्याप्त नहुन पनि सक्छन । जसको उपयुक्त व्याख्या वर्णनको अभावले देखाउन खोजिएको विषयवस्तु छाँयामा पर्न सक्छ । त्यसैले संकलित तथ्यांक तथा उत्तरको आधारमा अनुसन्धानलाई पूर्णता दिनको निमित्त व्याख्या र वर्णन विधिको प्रयोग गरिएको छ । विशुद्ध रुपमा विभिन्न चरहरुको वर्णन गरी निचोडमा पुगिएको छ ।

## ३.३ तथ्यांकको स्रोत र प्रकृति

यस अध्ययनमा प्रयोगभएको तथ्यांकहरु प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएकाछन । प्राथमिक तथ्यांकहरु स्थलगत सर्वेक्षणबाट संकलन गरिएका हुन् । द्वितीय तथ्याङ्कहरु विभिन्न अध्ययन प्रतिवेदन र सरकारी तथा गैर सरकारी निकायबाट प्रकाशित लेख , समाचार, पत्रपत्रिका तथा बुलेटिनहरुबाट तथ्याङ्क संकलन गरिएका छन् । त्यसैगरी प्रस्तुत अध्ययनमा गुणात्मक र परिमाणात्मक गरी दुबै प्रकृतिका तथ्याङ्कहरु संकलन गरिएको छ । खासगरी संख्यामा प्रस्तुत नहुने तथ्याङ्कहरुलाई गुणका आधारमा विश्लेषण गरिएको छ भने संख्यामा प्रस्तुत गर्न सकिने आर्थिक पक्ष तथा जनसंख्या उमेर जस्ता तथ्यांकलाई परिमाणात्मक रुपमा विश्लेषण गरिएको छ ।

## ३.४ अध्ययनको समग्रता

यस अध्ययनमा स्याङ्जा फेदीखोला गा.वि.स. अर्न्तरगतका वडा नं ५,६, र ८ का जम्मा घरधुरी संख्या ५४८ र कास्की जिल्लाको कृस्तिनाच्नेचौर गा.वि.स. अन्तरगतका वडा नं. ४,९का जम्मा घरधुरी संख्या २९२ जस अनुसार समग्र जम्मा ८४० घरधुरी मध्ये ११ प्रतिशत अर्थात ९२ घरधुरीलाई अध्ययनको जनसंख्या मानिएको छ । तीनै ९२ घरलाई सबै ५ वटै वडा समेट्ने गरी उद्देश्यमूलक नमुना छनौट विधिद्धारा यी सम्पूर्ण घरका महिला वा पुरुष घरमालिकलाई उत्तरदाता मानी तथ्याङ्क संकलन गरिएको छ । यीनै ९२ घरका घरमूली नै मुख्य सूचनादाता हुन् ।

## ३.५ तथ्याङ्क संकलन विधि

यो अध्ययनमा प्रत्यक्ष अवलोकन, व्यक्तिगत अर्न्तवार्ता  वैयक्तिक अध्ययन र अर्न्तवार्ता अनुसूची जस्ता विधिहरु प्रयोग गरिएको छ ।

**३.५.१ अवलोकन विधि :**

छनौट गरिएका गाउँमा शोधार्थी स्वयं उपस्थित रहेर स्थलगत अवलोकन  विधिको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । स्थलगत अवलोकनमा स्थानीय मठमन्दिर, भ्यू टावर, बिद्यालय गाउँघर, समूदाय, बाटोघाटो होटल रिसोर्ट गाउँको रहनसहन भेषभूषा, खेतीपाती स्थानीय कृषि उपजको उत्पादन जस्ताप्राकृतिक,पूरातात्विक,ऐतिहासिक,साँस्कृतिक र मानवनिर्मित सम्पदाहरु र पर्यटकीय सम्भावनायुक्त स्थलको अवलोकन तथा फोटोग्राफी समेत लिएर शोधपत्र तयार गरिएको छ ।

**३.५.२ अन्तरवार्ता अनुसूची :**

यस अध्ययनमा अध्ययनकर्ता स्वयं प्रश्नहरुको सूची लिएर नमुना छनोटमा परेका उत्तरदाताहरुको खोजी गरि अर्न्तवार्ता अनुसूची भरिएको थियो । उत्तरदातालाई सजिलोको लागि संकेत, बहु-वैकल्पिक प्रश्न आदिको समेत व्यवस्था गरिएको थियो ,जसमा उत्तरदाताको उमेर, शिक्षा, आम्दानी, पेशा व्यवसाय तथा रोजगारी सम्बन्धमा संख्यात्मक र गुणात्मक अवधारणा  लिइएको छ ।

**३.५.३ समूह केन्द्रित छलफल :**

तथ्यांक संकलनका लागि समूह केन्द्रित छलफलको विधि समेत अपनाइको थियो ।

**३.५.४ वैयक्तिक अध्ययन :**

अध्ययन क्षेत्रका पर्यटन सम्बन्धमा चासो राख्ने ६ जना अनुभवी व्यक्तिहरुसँग वैयक्तिक अध्ययन (Case Study) समेत गरिएको छ । गुणात्मक जानकारीको लागि बैयक्तिक अध्ययनलाई विशेष प्राथमिकता दिइएको छ ।

## ३.६ तथ्याङ्कको प्रामाणिकता र विश्वसनीयता

कुनै पनि अध्ययनको विश्वसनीयता त्यतिखेर देखिन्छ, जतिखेर प्रमाणित तथ्याङ्कहरु संकलन गरी त्यसलाई विश्लेषण गरिएको हुन्छ । कुनै पनि सैद्धान्तिक धरातलमा संलग्न नभई वर्णनात्मक ढाँचामा चरहरुको वर्णन गरी निष्कर्षमा नपुगिने हुनाले यहाँ संकलन

गरिएका तथ्याङ्कहरु प्रमाणिक र विश्वसनीय छन् । अध्ययनकर्ता स्वयं स्थलगत सर्वेक्षणकार्यमा संलग्न भएर पटक-पटक दोहोऱ्याएर अन्तरवार्तामा संलग्न भई अन्तवार्ता अनुसूचीहरु भराएर तथ्यांकहरु संकलन गरिएकाछन् । उत्तरदाताहरुबाट प्राप्त उत्तरको पुनः परीक्षणका लागि अध्यापनरत शिक्षकहरु समाजसेवीहरुबाट समेत जानकारी लिइएको हुनाले संकलन गरिएका तथ्याङ्कहरु प्रमाणिक छन् भन्ने कुरा पुष्टि गर्न सहज भएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

संकलित गुणात्मक र संख्यात्मक तथ्यांकलाई विश्लेषण गरिएको छ । तथ्यांकको विश्लेषण तथ्याङ्कगत विधि जस्तैः बारम्बारता, प्रतिशत, बारग्राफ, पाईचार्ट आदिको प्रयोग गरी प्रस्तुत गरिएको छ । साथै गुणात्मक तथा संख्यात्मक तथ्याङ्कलाई बर्णनात्मक र ब्याख्यात्मक शैलीबाट पनि प्रस्तुतीकरण गरिएको छ ।

# अध्याय - चार

# भौगोलिक अवस्थिति र अध्ययन स्थलको परिचय

## ४.१. नेपालको भौगोलिक अवस्थिति :

भौगोलिक रुपमा हेर्दा नेपालको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्वत र पूर्व, पश्चिम तथा दक्षिणमा भारतका क्रमशः पश्चिम बंगाल, उत्तराञ्चल र उत्तर प्रदेश तथा विहार राज्यहरु पर्दछन् । दुई विशाल मुलुकका वीचमा रहेको नेपाल भारतभन्दा २२ गुणा र चीन भन्दा ६५ गुणा सानो छ । (भट्टराई, २०६५)

क्षेत्रफलका आधारमा सानो भएतापनि हाम्रो देश नेपाल प्राकृतिक सौन्दर्यता र साँस्कृतिक तथा जैविक विविधताले भरिपूर्ण मुलुक हो । नेपाल पूर्वदेखि पश्चिमसम्म रहेका प्राकृतिक हिमशिखर, खोलानाला, वन बनस्पति, समथर फाँट तालतलैया, बन्यजन्तु तथा गाउँशहरका रमणीय स्थलहरु विविध जातजाति भाषा, धर्म, संस्कृतिले गर्दा अनेकतामा एकता नेपाल र नेपालीको गौरव र प्रतिष्ठा हो ।

नेपाललाई भौगोलिक आधारमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी ३ प्रदेशमा विभाजन गरिएको छ । राजनैतिक र प्रशासकिय आधारमा ५ विकासक्षेत्र १४ अञ्चल र ७५ जिल्ला, ५८ नगरपालिका र ३९१३ गाउँ विकास समितिमा विभाजन गरिएको छ । यसरी नेपालका ७५ जिल्लाहरुमध्ये पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने स्याङ्जा र कास्की जिल्ला ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक र पर्यटकीय रुपले महत्वपूर्ण पहाडी जिल्लाहरु हुन् ।

## ४.२.स्याङ्जा जिल्लाको संक्षिप्त परिचयः

### ४.२.१ ऐतिहासिक रुपरेखाः

स्याङ्जा जिल्ला लाई प्राग : ऐतिहासिक कालमा मृगुऋषिको तपस्यास्थल (हालको चण्डीभञ्ज्याङ गा.वि.स. को भृगतुम), श्रवण कुमार र अन्धाअन्धीको किम्बदन्तीसँग जोडिएको आँधीखोलाको उद्‌गमस्थल अन्धाअन्धी दह र स्वस्थानी ब्रतकथामा उल्लेख भए अनुसार सतीदेवीको शेषअंग पतन भएको छाङछाङ्दीको छाँयाक्षेत्र आदिको भौगोलिक स्वरुपमा लिन सकिन्छ । प्राचीनकालमा हालको स्याङ्जा जिल्लाको भू-बनोट दक्षिण र दक्षिण-पश्चिमको पवित्र धार्मिक नदी कालीगण्डकी किनारका सेतीबेणी, रुरुक्षेत्र,

केलादीघाट, राम्दीघाट, छायाँक्षेत्र हुदैं उत्तर पंचासे धाम वरिपरिको पवित्रस्थल भनी शास्त्रमा उल्लेख भएको पाइन्छ । प्राकृतिक साँस्कृतिक र मनोरम दृष्यहरुबाट सौन्दर्यित यस जिल्लाको नेपाल एकिकरण पूर्व २४ से राज्य अर्न्तगत ६ टुक्रे रजौटाहरु गह्रौं, भीरकोट, सतौं, नुवाकोट, ढोर र पैंयूले आफ्नो ऐतिहासिक पहिचान बोकेको थियो । ढोर पैंयुको धेरैजसो भाग क्रमशः तनहुँ र पर्वतमा विलय भएपछि बाँकी ४ रजौटाहरुले नै आधुनिक स्याङ्जा जिल्लाको पहिचान बोकेको छ (स्याङ्जा जिल्ला पार्श्वचित्र २०६४) ।

### ४.२.२ स्या[a]्जा जिल्लाको वर्तमान परिचयः

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र, गण्डकी अञ्चल अर्न्तगत पर्ने स्याङ्जा जिल्ला समुन्द्र सतहबाट न्यूनतम ३६६ मिटर देखि अधिकतम २५१२ मिटर (पंचासेको लेक) सम्मको उचाईमा रहेको छ, भने सदरमुकाम स्याङ्जा बजार ८५० मिटर उचाईमा अवस्थित छ ।

धार्मिक, सामाजिक तथा साँस्कृतिक, ऐतिहासिक, राजनैतिक, आर्थिक तथा प्राकृतिक सम्पदा र पर्यटकीय सबै दृष्टिकोणले महत्वपूर्ण यस स्याङ्जा जिल्लाको पूर्वमा तनहुँ, पश्चिममा गुल्मी, उत्तरमा पर्वत र कास्की र दक्षिणमा कालीगण्डकी नदीसँग पाल्पा जिल्लाले सिमाना छुट्टाएको छ (मेचि महाकाली, २०३१) ।

सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले करीब बीचबाट पूर्व र पश्चिम गरी स्याङ्जा जिल्लालाई विभाजन गरेको छ । मुग्ली[a]-नारायणगढ सडक निर्माण नहुँदै सुनौली-पाल्पा, स्याङ्जा-पोखरा-काठमाण्डौंसम्म पुग्ने नेपालको मुख्य राजमार्गको रुट रहेको स्याङ्जा जिल्लामा हाल ८९ कि.मी पक्की सिद्धार्थ राजमार्ग भित्र यातायात संचालन हुदै आएको छ । यातायातको दृष्टिले स्याङ्जा सुगम पहाडी जिल्ला भित्र पर्दछ । नेपालको ठूलो जलविद्युत आयोजना कालीगण्डकी (१४४ मेघावाट), ठूलो पहाडी सिचाई योजना चापाकोट टार सिँचाई योजना (१००० हेक्टर), नेपालको पहिलो नमूना ग्रामीण पर्यटन गाउँ पञ्चमुलको सिरुवारी, नेपालमै नमूना कालीगण्डकी नदीमाथिको राम्दी पुल र अन्य पर्यटकीय सम्भावनाले युक्त स्थलहरुको अवसर रहेको र दुध, सुन्तला, अदुवा कफी उत्पादन गर्ने जिल्लाको स्वरुपमा आफ्नो पहिचान स्थापित गरिसकेको छ । यस जिल्लाको कुल क्षेत्रफल ११६४ वर्ग किमी रहेको छ । यस जिल्लामा २ नगरपालिका, ६०, गा.वि.स. १५ वटा इलाकाहरु, ३ संसदीय निर्वाचन क्षेत्रमा विभाजित छ । यो स्याङ्जा जिल्ला क्षेत्रफलमा नेपालका ७५ जिल्ला मध्ये ६४ औं स्थानमा पर्दछ(स्याङ्जा जिल्ला पार्श्वचित्र, २०६४)।

स्याङ्जा जिल्लाको अधिकतम तापक्रम २८-३० डिग्री सेन्टग्रेडर न्यनूतम तापक्रम ९.५० डिग्री सेन्टीग्रेड औसत बर्षा २६६५ मि.मि. रहेको छ । जसमध्ये मनसुनी बायूबाट बर्षामा पर्ने पानी ८० प्रतिशत र पश्चिमी बायूबाट हिउँदमा पर्ने पानी २० प्रतिशतको अनुपातमा पाईन्छ (स्याङ्जा जिल्ला एक चिनारी २०६०) ।

## ४.३ कास्की जिल्लाको सामान्य परिचय:

कास्की जिल्लामा प्राग ऐतिहासिक कालदेखि नै मानव बसोवास रहेको अनुमान छ । काश्यप ऋषिले कास्कीकोटमा बसी काश्यप समिता नामक अमूल्य आयूर्वेदिक ग्रन्थ रचना गरेका र काश्यप ऋषिको तपोमूमि रहेको कारण उनकै नामबाट कास्की नाम रहन गएको कास्की जिल्ला प्राचिनकालमा केन्द्रिय शासनको अधीनमा रहेको थियो । चौविसे राज्य अर्न्तगत पर्ने यो राज्य शाहबंशीय एकिकरण अभियानको क्रममा वि.स. १८४२ मा विशाल नेपालमा बिलय भयो । सन् १८५७ मा जंगवहादुर राणा कास्की र लमजुङको श्री ३ महाराज समेत बनेका थिए । वि.सं.२००७ को प्रजातन्त्रको उदय पश्चात कास्की पुन केन्द्रकै अधिनमा रह्यो (कास्की जिल्लाको पर्यटन गुरुयोजना, २०६८/६९ — ०७७/०७८) ।

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलका ६ जिल्लाहरुमध्ये तुलनात्मक रुपमा सुगम पहाडी जिल्लाको रुपमा रहेको कास्की जिल्ला समुद्र सतहबाट न्यूनतम ४५० देखि अकितम ८०९१ मिटरको उचाई सम्म फैलिएको छ । माछापुच्छे« र अन्नपूर्ण हिमालको दक्षिण काखमा अवस्थित प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस जिल्लाको अधिकाशं स्थानबाट मनोरम हिमश्रृखलाहरुको दृष्यावलोकन गर्न सकिन्छ (कास्की जिल्ला पार्श्वचित्र, २०६७) ।

भौगोलिक तथा साँस्कृतिक विविधताको साथै आकर्षक पर्यावरणको कारण यो जिल्ला विश्वकै पर्यटकहरुको आकर्षणको केन्द्र बन्न पुगेको छ । २०१७ बर्ग कि.मी क्षेत्रफल रहेको कास्की जिल्ला ७५ जिल्ला मध्ये सत्ताइसौं स्थानमा पर्दछ । यस जिल्लाको सदरमुकाम पोखरा सहर नेपालकै सुन्दर र सफा नगरको रुपमा पहिचान राख्दछ । माछापुच्छ्रे र फेवातालको प्रतिविम्ब, ताल तलैया, सेती नदीको गल्छी, पातले छाँगो तथा मनमोहक हिमश्रृखला यस जिल्लाका आभुषणको रुपमा रहेका छन् (कास्की जिल्ला पार्श्वचित्र, २०६७)।

कास्की जिल्लाको पूर्वमा लमजुङ र तनहुँ पश्चिममा स्याङ्जा र पर्वत, उत्तरमा मनाङ, म्याग्दी, दक्षिणमा स्याङ्जा र तनहुँ रहेका छन् । राजनैतिक विभाजनमा ४३ गा.वि.स., २ नगरपालिका, १३ इलाका र ४ निर्वाचन क्षेत्र रहेको कास्कीको सदरमुकामको उचाई ७५० मिटर रहेको छ (कास्की जिल्ला पार्श्वचित्र, २०६७) ।

नेपालमा पर्यटनको दृष्टिकोणले कास्की जिल्ला पर्यटन राजधानी (हब) को रुपमा परिचित छ । यहाँ पर्यटन व्यवसाय आम्दानी र रोजगारीको महत्वपूर्ण श्रोत रहि आएको छ । माछापुच्छ्रे, धवलागिरी, अन्नपूर्ण जस्ता मनमोहक हिमालहरु, फेवाताल, बेगनासताल, पाताले छाँगो, सेती नदी, महेन्द्रगुफा, गुप्तेश्वर गुफा तथा चमेरे गुफा तथा विभिन्न पदयात्रा मार्गहरु लगायत जिल्लाको अधिकांश भागबाट दृष्यावलोकन गर्न सकिने भ्यू टावर र हिमश्रृखंलाहरु जिल्लाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् (कास्की जिल्ला पार्श्वचित्र, २०६७) ।

सन् १८९९मा पोखरा भ्रमण गरेका इकाई कावागुचीलाई पहिलो पोखरा भ्रमण गर्ने विदेशीको रुपमा मानिन्छ । सन् १९५० मा मोरि ह्याजोगको नेतृत्वामा आएको फ्रान्सेली पर्वतारोहण टोलीले अन्नपूर्ण प्रथमको आरोहण गरेपछि पोखराले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पर्यटकीय स्थलको रुपमा चर्चा पाउन थाल्यो । वि.स. २००९ सालमा काठमाण्डौं-पोखरा, पोखरा-भैरहवा हवाई सेवा सुरुभएपश्चात पोखरामा पर्यटकहरुको आगमन शुरु भएको हो । सन् १९६८ अर्थात वि.स. २०२७ सालमा सिद्धार्थ राजमार्ग, २०२९ सालमा पृथ्वी राजमार्ग संचालनमा आएपछि नै पर्यटन व्यवसायले व्यापकता पाउन थालेको पाइन्छ । पर्यटन व्यवसायका लागि फराकिला सडक, सुरक्षित यात्रा, गुणस्तरयुक्त खानपान, स्वच्छ र रमणीय बातावरण, सुरक्षित रुपमा गन्तव्य स्थलमा पु¥याउने व्यवस्थापन जरुरी हुन्छ ।

पोखरामा वि.सं. २०३१ सालमा पोखरा उपत्यका नगर विकास समितिले पोखराको गुरुयोजना बनाई सरकारी कार्यालय क्षेत्र, मिश्रित बसोवास क्षेत्र, शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र, पर्यटकीय क्षेत्र, औद्योगिक क्षेत्र, उद्यान क्षेत्रमा विभाजन गरिदिएको भएतापनि हाल पोखराको व्यवस्थित शहरी योजना बनाउन नसकिएकोले गर्दा अव्यवस्थित शहरीकरण बढेको छ ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलले भरिपूर्ण यस जिल्लाले गलबन्दी, पस्मिना र सुन्तला उत्पादनमा समेत प्रसिद्धि कमाएको छ ।

नेपाल भ्रमण गर्ने पर्यटकहरु मध्ये पोखरा भ्रमण गर्ने पर्यटनहरुको संख्या बढाउन सकिने र आन्तरिक पर्यटनलाई पनि प्रवर्द्धन गर्न सकिने प्रशस्त संम्भावना बाकेको क्षेत्रहरु हुन पोखरा र यसका आसपासका क्षेत्रहरु ।

पोखरा भ्रमण गर्ने पर्यटकको संख्या निरन्तर वृद्धि भएको छ । त्यसैले यस वरपरका क्षेत्रहरु मट्टिखान श्रृंखला र अन्य संभावित क्षेत्रमा पनि पर्यटन बढाएर त्यस क्षेत्रका स्थानीय जनतालाई होमस्टे स्थापना र पर्यटन प्रवर्द्धन मार्फत स्वरोजगार सृजना गर्ने र जनताको जीवनस्तरमा सुधार गर्न सकिने साथै पर्यटकलाई भरपूर मनोरञ्जन दिन सकिने सम्भावनाहरु छन्, त्यसका लागि सरोकारवालाहरुको ध्यान जानु जरुरी देखिन्छ ।

## ४.४ अध्ययन स्थलको परिचय :


### ४.४.१ पर्यटकीय एवं ऐतिहासिक स्थल मट्टिखानको भौगोलिक अवस्थितिः

मट्टिखान श्रृंखलाले कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स.र स्याङ्जा जिल्ला फेदिखोला गा.वि.स.को शीर र दुवै जिल्लाको सिमाक्षेत्रलाई जनाउँछ । प्रकृतिको सम्पूर्ण श्रृंगारले भरिपूर्ण मट्टिखान डाँडा समुद्रसतहदेखि १५४३ मिटरको उचाईमा रहेको र पोखराको दक्षिण तर्फ रामदी हुँदै करिव ९ किलो मिटरको दुरीमा पर्दछ ।

मट्टिखान क्षेत्रको पूर्वमा पोखराको सिमाना फुस्रेखोला, पश्चिममा ऐतिहासिक स्थल नुवाकोट देउराली, उत्तरमा फेदिखोला, सिद्धार्थ राजमार्ग, दक्षिणमा सुरौदीखोला मट्टिखान डाँडाको सेरोफेरोमा रहेका रामदी, आक्राङ, चारघरे, माझगाँउ, एउपट्टि अयरपानी, भीरस्वाँरा, नैखु आदि ठूलो जनघनत्व भएका गाउँबस्तीहरु पर्दछन् । मट्टिखान डाँडा पर्यटनहरुका लागि सुन्दर मनोरम गन्तव्य हो । यहाँबाट उत्तरतर्फ मनोरम हिमालहरु माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी र अन्य हिमश्रृंखलाहरुका साथै वरपरका करीव ९ जिल्लाका केही भू-भागहरु र पोखरा उपत्यकाको सुन्दर दृष्य प्रष्टसँग देख्न सकिन्छ । यस क्षेत्रमा प्याराग्लाइडीङको समेत उपयुक्त सम्भावना देखिन्छ । मट्टिखानमा कालिका भगवतीको मन्दिर, चण्डी मन्दिर कृस्तिकोट, देउरालीमाई जस्ता हिन्दु संस्कृतिका शक्तिपीठहरुको स्थापनाले गर्दा पर्यटकीय, आध्यात्मिक र धार्मिक महत्वको स्थल समेत मानिन्छ (मट्टिखान, कृस्ति, कालिकाकोट, स्मारीका २०७०)।

पश्चिमाञ्चल विकास क्षेत्र पोखरादेखि दक्षिण पश्चिम कास्की र स्याङ्जा जिल्लाको सिमाना कृस्तिनाच्नेचौर गा.वि.स.९ स्थित मट्टिखान डाँडा पर्यटकीय सुन्दरता एवं ऐतिहासिक महत्व बोकेको पर्यटन क्षेत्र भनी नेपाल सरकारले घोषणा गरेको मट्टिखान पोखरा र ऐतिहासिक स्थल नुवाकोट बीचमा चौतर्फी दृष्यावलोकन गर्न सकिने उच्च स्थलीय क्षेत्र हो । यस क्षेत्रमा पर्यटन प्रवर्द्धन र प्रचारप्रसारद्धारा धेरै भन्दा धेरै आन्तरिक एवं बाह्य पर्यटन भित्र्याउन सक्ने एउटा पर्यटन गन्तव्यको रुपमा विकास गर्न सकिने सम्भावनायुक्त क्षेत्र हो भनी यहाँका स्थानीयबासीहरु र पर्यटनवीद, समाजसेवीहरु बताउनुहुन्छ ।

यातायातको दृष्टिले मट्टिखान केही सुविधायुक्त देखिन्छ । सिद्धार्थ राजमार्गको कुभिण्डेबाट रामकोट मट्टिखान हुँदै देउरालीसम्म एउटा रुटबाट र फुस्रेखोलाबाट रामदी हुदै मट्टिखान सम्म अर्को लाईन छोटो रुट हुदैं दुवै तिरबाट नियमित बससेवा चालु छ । आ.व. ०६९/०७० मा पोखराबाट रामदी मट्टिखान नुवाकोट जाने हुलाकी मूल बाटोको फुस्रेखोलामा पक्की फुल निर्माण सम्पन्न भएको हुँदा ऐतिहासिक स्थल नुवाकोटको यात्रा सुविधायुक्त बनेको छ ।




ग्रामीण पर्यटकीय स्थल मट्टिखानको भौगोलिक अवस्थिति



### ४.४.२ ऐतिहासिक स्थल मट्टिखान र नुवाकोट :

चौबिसे राज्य मध्येको एक ऐतिहासिक राज्य नुवाकोट जसको इतिहास आधुनिक नेपाल निर्माणकर्ता पृथ्वीनारायण शाहको वंशजको इतिहाससँग जोडिएको छ । शाहवंशका नेपाल प्रवेश गर्ने आदी पुरुष भूपालका छोरा जेठा हरिहर सिंह, जसलाई खान्चा भनिन्थ्यो । कान्छा अजयसिंह, जसलाई मिन्चा नामले सम्बोधन गरिन्थ्यो, यीनै दुई भाइ मध्ये कान्छा भाइ मिन्चाले एक नयाँ राज्य स्थापना गरी राज्य संचालन गरेका थिए । सन १५०१ मा" नयाकोट" राज्य अस्तित्वमा ल्याएको पाईन्छ । यसरी मिन्चा खान (खाँण) ले स्थापना गरेको राज्य नयाकोट नै अन्ततः नुवाकोट राज्यका रुपमा प्रचलित भयो । नुवाकोट समुद्र सतहबाट करीव १९०० मिटरको उचाईमा अवस्थित छ । यो राज्य वि.स. १८४० मा विशाल नेपालमा एकीकृत हुनु पूर्वसम्म एक स्वतन्त्र राज्यको रुपमा रहेको थियो ।

नुवाकोट राज्यको सिमाना पूर्वमा ढोर तनहुँ, तथा कास्की राज्य, पश्चिमा पर्वत राज्य, उत्तरमा कास्की र दक्षिणमा भीरकोट, सतौं, गर्न्हौं राज्यहरु पर्दथे । नुवाकोट राज्यले ओगटेको क्षेत्रफलको सन्दर्भमा चर्चा गर्दा नुवाकोट राज्यवंश अन्तर्गत पर्ने छिमवहादुर शाह आफ्नो जिजुवुवाबाट प्राप्त जानकारीलाई ताजकीकरण (स्मरण) गर्दै नुवाकोटको पूर्वतिर वर्तमान कास्की जिल्लामा पर्ने भरतपोखरी, निर्मलपोखरी, बरसाम्मी तथा वर्तमान स्याङ्जा जिल्ला अर्न्तगत रहेको टक्सार खलगां, पश्चिममा हालको पर्वत जिल्ला अर्न्तगत रहेको कार्कीनेटा, लिमिठाना, उत्तरमा मट्टिखान कृस्तिनाच्नेचौर क्षेत्र एवं फुस्रेखोलासम्म र फेदिखोला, आरुखर्क समेत नुवाकोट राज्य अन्तर्गत पर्ने कुरा डा. ज्ञानबहादुर कार्कीले आँधीको सुसेली (२०६०) नामक पुस्तकमा उल्लेख गर्नुभएको छ ।

त्यसैगरी दक्षिणमा आँधीखोला पारीको क्षेत्र मूलतः गणेशपूर, पुतलीबजार, सेतीदोभान आदि र दक्षिण पूर्वी क्षेत्रतर्फ मोहरिया, मग्याम चिसापानी, राङभाङ आदिक्षेत्र समेत नुवाकोट राज्य अन्तर्गत पर्दथे (मट्टिखान कृस्ति कालिकाकोट स्मारिका,२०७०) ।
हाल स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजारबाट करीब १५ कि.मि उत्तर फेदिखोला गा.वि.स.,पौवेगौडे गा.वि.स.र पुतलीबजारको त्रिवेणीमा अवस्थित छ, ऐतिहासिक 'नुवाकोट'

। नुवाकोटमा कालाभैरव मन्दिर अति प्रसिद्ध छ, र अन्य मन्दिरमा कालिकादेवी सुनकेशरीदेवी, चण्डीका देवीको मन्दिर प्राचीन कलात्मक शैलीमा विद्यमान छन् । (मट्टिखान कृस्ति कालिकाकोट स्मारिका,२०७०) ।

मन्दिर लगायत यसको आसपासको क्षेत्रलाई पर्यटकीय र धार्मिक क्षेत्रको विकास गर्न विभिन्न संघसंस्था क्रियाशिल छन् ।

यस क्षेत्रलाई ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वको रुपमा हेर्न सकिन्छ । यहाँ पुरानो टुँडिखेल र चौविसे राजाका सेनाले कवज तथा परेड खेल्ने ठाउँ, रानी चौतारी, रानी पोखरी, सुनकेशरी देवीको अगाडि प्राकृतिक हावा आउने ठाउँ, ठूलो ढुङ्गा, कालाभैरव मन्दिर जाने प्राचीन बाटो जस्ता कुराहरु पूरातात्विक महत्वका द्रष्टिले हेर्न लायक छन् । यसैगरी देउपूजे, वान्द्रे, अन्धेरी र पाताल सामुदायिक वन तथा सो वनसँग जोडिएको भालुपहाड र गुडीखोला प्राकृतिक, जैविक विविधतायुक्त, वनस्पति पाइने स्थानहरु हुन ,जसले गर्दा यहाँ पर्या-पर्यटनको प्रवर्द्धन गर्न सकिने संभावना छ ।

नुवाकोट डाँडाको पूर्वतर्फ मट्टिखान डाँडा, साम्मी, पोखराको माथिल्लो भेक, वेगनासताल, रुपाताल, सराङकोट टावर, पश्चिममा कार्कीनेटा, पंचासेधाम, डहरेको लेक, अन्धाअन्धी जस्ता ठाउँहरु, दक्षिणमा टुँडिखेल, स्याङजा बजार, आँधीखोलाको अधिकाशं भाग, सतौंचण्डी मन्दिर, उत्तरमा मनोरम हिमश्रृंखलाहरु जस्तैः माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरी, मनास्लु जस्ता दृश्य र पोखराको दक्षिणी भागका दृश्यहरु देख्न सकिन्छ ।

यस ठाउँलाई कुभिण्डे-नुवाकोट ग्रामीण सडक, फेदीखोला-नुवाकोटले पर्यटकीय सडक र बाडखोला नुवाकोट कच्ची ग्रामीण सडकले छोएको छ र पोखरा- छोरेपाट्न- फुस्रेखोलाबाट १३ कि.मी. पश्चिमको दुरीमा पर्दछ । यो ठाउँका त्रिकोणात्मक महत्व छ । यस क्षेत्रमा पर्यटकीय क्रियाकलापको अभिवृद्धि गर्न र पर्यटन क्षेत्रको प्रवर्द्धन तथा विकास गर्न स्थानीय निकाय, नेपाल सरकार निजी क्षेत्र, सामुदायिक संघसंस्था, नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी र स्थानीय समाजसेवी बुद्धिजीवी, इतिहासवीद र सरोकारवाला सबैले उचित पहल गरिनुपर्दछ । यसो गरेमा मट्टिखानको विकासमा यसको भविष्य उज्जवल देखिन्छ । नुवाकोट नयाँ आकार्षक ग्रामीण पर्यटकीय गन्तव्य बन्ने संभावना देखिन्छ ।

### ४.४.३ मट्टिखान भ्यू टावर

मट्टिखान डाँडाँमा एक टावर निर्माण गरिएको छ । मट्टिखान भ्यूटावरका नामले सम्बोधित उक्त टावर समुद्र सतहदेखि १५४४ मिटरको उचाईमा अवस्थित छ । टावरको

उचाई करीब ३० फिट अग्लो छ ।टावरको शिलान्यास वि.सं.२०६५ सालमा क्या. इन्द्र बहादुर गुरुङ तथा पर्यटन बोर्डका तत्कालिन अध्यक्ष बासुदेव त्रिपाठीबाट संयुक्त रुपमा गरिएको थियो । रु.४६ लाखको लागतमा निर्माण भएको उक्त टावरको रकम नेपाल सरकारबाट प्राप्त भएको बताउनुहुन्छ, स्थानीय समाजसेवी सु. चित्र बहादुर पौडेल ।

टावरमा १८२ वटा सिंढी चढेर यसको प्रवेशद्धार सम्म पुग्न सकिने व्यवस्था गरिएको छ । उक्त सिंढी निर्माणको लागत रु.३ लाख भएको र उक्त रकम पर्यटन बोर्डबाट प्राप्त भएको थियो । यस टावर बाट कास्की,स्याङ्जा,तनहूँ,लमजुङ,पर्वत,बाग्लुङ, म्याग्दी लगायतका १३ जिल्ला देख्न सकिने र माछापुच्छ्रे,अन्नपूर्ण, धौलागिरी हिमाल श्रृंखला स्पष्ट रुपमा अवलोकन गर्न सकिने हुनाले पर्यटकीय दृष्टिले यो टावरले विशेष महत्व राख्दछ । उक्त भ्यू टावर निर्माणमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा पूर्व गर्भनर दिपेन्द्र बहादुर क्षेत्रीको विशेष योगदान रहेको बताईन्छ । यस्तो मनोरम दृश्याबलोकन गर्न सकिने उच्च पहाडी श्रृंखला मट्टिखान स्वदेशी र विदेशी पर्यटकहरु रमाउने आकर्षक र स्थल र आयमूलक थलो बन्न सक्ने देखिन्छ (मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०) ।

### ४.४.४ मट्टिखान माउन्टेन भ्यू रिर्सोट

मट्टिखान कालिकाकोट भञ्ज्याङमा श्री चण्डीडाँडा उच्च मा.वि.को नाममा दर्ता भएको करीब २६ रोपनी जग्गामा विद्यालयलाई वार्षिक रुपमा निश्चित रकम बुझाउने गरी २७ वर्षको लागि लिजमा जग्गा लिएर मिति२०७० श्रावण देखि माउन्टेन भ्यूनामक होटल करीब १७ जनाको संयुक्त लगानीमा दुईवर्षमा निर्माण सम्पन्न गरिने लक्ष्य राखेर शुरु गरिएको छ । उक्त रिर्सोटमा १० वटा घरमा ४० जनालाई लजिङको सुविधा दिन सकिने कुरा खेमराज पोखेल बताउनुहन्छ । होटलको निर्माण कार्य पूराभएपछि मट्टिखानमा आउने आन्तरिक र बाह्य पर्यटकलाई खानर बस्नको लीग राम्रो व्यवस्था हुनेछ । भूतपूर्व गोरखा सैनिकहरुको समाधिस्थल साल्मेडाँडा,ऐतिहासिक एवं पुरातात्विक क्षेत्र नुवाकोट र सुन्दर मट्टिखानकै भ्रमण गर्ने पर्यटकहरुलाई एक रात विताउन सजिलो हुनेछ (मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०) ।

### ४.४.५ घर आवास (होमस्टे)

पर्यटकहरु सुरक्षित तरिकाले खाने,बस्ने रमाउने तथा मनोरञ्जन गर्न चाहन्छन् ।होमस्टे भनेको एक प्रकारको घरहरु हुन। त्यहाँ पैसा तिरेको आधारमा होटल जस्तो खाना नभै

गाउँघरमा पाईने नेपाली खाना(गुन्द्रुक,सिन्की,भट्ट,ढीडो दाल आदि) हामी जे खान्छौ त्यो नै पर्यटकलाई मिठो र रमाइलोका साथ उपलव्ध गराएर नेपाली संस्कार दिइन्छ भने बस्ने ठाउँ सफा ,बेड र बाथरुमको उचित सुविधा सहितको घरबासको व्यवस्था मिलाइएको हुन्छ । होमस्टेमा हाम्रा मौलिक,परम्परागत साँस्कृतिक कार्यक्रम संचालन गरी पर्यटकलाई भरपूर मनोरञ्जन दिलाउने प्रयास गरिन्छ । प्राकृतिक,साँस्कृतिक र धार्मिक पर्यटनको पनि महत्वपूर्ण मट्टिखानमा होमस्टेको प्रचुर संभावना छ । पोखरा उपत्यकाबाट करीब २,३ घण्टाको पैदल यात्रा बाट पनि यस ठाँउमा पुग्न सकिन्छ । स्थानीय परिकार र स्वादका लागि यो ठाँउ प्रख्यात छ ।

### ४.४.६ साल्मेडाँडा (गोरखा स्मारक)

स्याङजा जिल्ला फेदीखोला गाउँ विकास समिति वडा नं ८,साल्मेडाँडामा गेसोका अध्यक्ष श्री पदमबहादुर गुरुङको विशेष पहलमा एक महत्वाकांक्षी परियोजनाको परिकल्पना गरी कार्य आरम्भ समेत भएकोले साल्मेडाँडाँ स्याङ्जा जिल्लाको मात्र नभै मुलुककै एक महत्वपूर्ण पर्यटकीय स्थल बन्ने निश्चित छ । हाल गोरखा स्मारक स्थलको रिटेनिङ वाल करीब एक करोड पचासलाख रुपैंयामा निर्माण सम्पन्न भैसकेको र गोरखा समाधिस्थल र निर्माणका लागि घडेरी सम्याएर अब जग शुरु हुने अवस्थामा रहेको बताउनहुन्छ परियोजनास्थलमा खटिनुभएका श्री कृष्ण पुन । गोरखा स्मारक निमार्णको उद्देश्य करीब साठी हजार बृटिश गोरखा सैनिकहरु जो युद्धमा बृटिश साम्राज्यको अस्तित्व,अस्मिता र पहिचानका लागि आफूहरुलाई बलिदानी गरे उनीहरुको सम्झना, श्रद्धा र सम्मान स्वरुप गोरखा स्मारक ट्रस्टद्धारा निर्माण गर्नु हो । यो स्मारक तीन सय रोपनी जग्गामा निमार्णाधिन छ, जसको शिलान्यास कार्यक्रममा नेपालका चर्चित हास्यव्यग्य कलाकार महजोडी अर्थात मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको  समेत उपस्थिति रहेको थियो ।

यो स्मारक स्थानीय पर्यटकीय स्थलका साथै ती बीर गोरखा सैनिकका आफन्त, परिवारजनका लागि आस्थाको केन्द्र बन्नेछ र मुलुकका साथै विश्वकै ध्यानाकृष्ट गराउनेछ,जसले गर्दा यस क्षेत्रमा ग्रामीण पर्यटनको प्रर्वद्धन र विकासको नयाँ गति आउने विश्वास गर्न सकिछ (मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०) ।

### ४.४.७.गोरखा समाधिः

यो समाधि विदेशी भूमिमा ज्यान गुमाएका बीर गोरखा सैनिकहरुको आत्माहरुको शान्तिको कामना गर्दै उनीहरु विश्वका जुन देश र स्थानमा मारिएका हुन त्यहींबाट अस्तुका रुपमा माटो ल्याएरसमाधिस्थल निर्माण गर्ने योजना रहेको बताइन्छ । बृटिश साम्राज्यको रक्षाको लागि लडेका नेपालका १७ जातिहरुको पहिचान गेसोले गरेको छ ।तीजातिहरुनिम्नानुसार

गुरुङ,मगर,राइ,लिम्बुसुनुवार,शेर्पा,नेवार,तामाङ.,पुन,याख्खा,बाहुन,थकाली,क्षेत्री,दलित,भूजेल,र दुरा जातिहरु रहेका छन् । यो क्षेत्र यी माथि उल्लेखित जातिका लागि श्रद्धा र आस्थाको केन्द्र बन्नेछ भने अन्यका लागि नयाँ पर्यटकीय गन्तव्य(मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०)।

### ४.४.८ प्रस्तावित गोरखा म्यूजियमः

गेसोको योजनामा साल्मेडाँडाँमा गोरखा म्यूजियम (संग्राहालय) बनाउने योजना छ । यसमा गोरखा सैनिकहरुको बहादुरीको इतिहास लेख्ने प्रतिबद्धता ब्रोसरमा उल्लेखित छ ।

त्यसैगरी साल्मेडाँडामा जातिय सांस्कृतिक ग्राम, गोरखा टावर,पाँच डिब्बाको रेल संचालन जस्ता योजना पनि राखिएको छ(मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०)। गेसो,नेपाल सरकार,स्थानीय सरकार,पर्यटन विकास र उत्थानको क्षेत्रमा संलग्न संघ संस्थाहरु समेतको आत्मीय एवं रचनात्मक सहयोग र साथ रहन सकेमा वास्तवमा साल्मेडाँडाँ मुलुककै पर्यटन विकास र प्रवर्द्धनका निम्ति कोशेढुंगा सावित हुनेछ । मट्टीखान,नुवाकोटलाई पर्यटकीय स्थलहरुका रुपमा विकास र प्रवर्द्धन गर्न साल्मेडाँडाँमा परिकल्पना गरी कार्यारम्भ गरिएको परियोजनालाई मूर्तरुप दिन अपरिहार्य छ ।

मट्टिखान जाने दुईवटा बाटाहरु छन् । ती दुवै बाटोहरु पक्की सडकका रुपमा रुपान्तरित हुने अवस्थामा छन् । वर्तमानमा भने ग्राभेल मात्र गरिएको अवस्थामा छन् यी बाटाहरु । पोखरा छोरेपाटन रामदी भई ९ किलोमिटर दुरी पार गरेपछि मट्टिखान पुगिन्छ । अर्को बाटो पोखरा-कुभिण्डे-साल्मीडाँडाँ हुदै २१ किलोमिटर दुरीपार गरेपछि मट्टिखान पुगिन्छ यो बाटो तत्कालिन ऐतिहासिक राज्य नुवाकोटसम्म पुगदछ (मट्टिखान कृस्ति कालिकाकोट स्मारिका,२०७०) ।

यस क्षेत्रमा चैत्र बैशाखमा लालीगुराँस फूल फुली वरिपरिको वातावरण नैअति सुन्दर र मनोरम देखिन्छ । यस क्षेत्रमा सामाजिक साँस्कृतिक रुपमा पनि सबै जातजातिहरु एक आपसमा मिलेर बसेको देखिन्छ । यहाँ बाम्ह्ण,क्षत्री,ठकुरी,गुरुड,मगर दमाई,कामी लगायतका जातिहरुको रहनसहन, बसोबास संस्कार संस्कृतिको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यस क्षेत्रमा बसोबास गर्ने क्षत्री, बाहुनको चुड्का,रोइला,बालुननाच,गुरुडंको रोधी घाँटुनाच, मगरको मारुनी लगायतका मौलिक मनोरञ्जनात्मक संस्कृति पर्यटकका लागि आकर्षण गर्ने र आनन्दको अनुभूति दिलाउने माध्यम हुन सक्दछन् ।

यस क्षेत्रमा प्राकृतिक सम्पदाहरु वन जङ्गल,पहाड,जैविक विविधता र सांस्कृतिक सम्पदाहरु, ऐतिहासिक कोट-किल्लाहरु,मठ मन्दिर,चैत्य, जनसंस्कार संस्कृतिहरु प्रचुर मात्रामा छन, मात्र खाँचो छ तिनीहरुको उचित संरक्षण,सम्बर्द्धन, प्रर्दशन तथा बजारीकरण र व्यवस्थित व्यवस्थापनको । यसो हुन सकेमा साल्मेडाँडा, मट्टिखान, रामदी,नुवाकोट क्षेत्रमा विद्यमान ऐतिहासिक, धार्मिक,सामाजिक सांस्कृतिक, प्राकृतिक सम्पदा र अमूल्य नीधिहरुले पर्यटकहरुको चाहना पुरा गर्दछन्(मट्टिखान कृस्ती कालिकाकोट स्मारिका,२०७०)।

मट्टिखान क्षेत्रलाई आकर्षक ग्रामीण पर्यटकीय गन्तव्य स्थलको रुपमा व्यवस्थित विकास गर्न सके स्थानीयबासीले रोजगारी,स्थानीय कृषि तथा अन्य उत्पादनको उचित मूल्यमा विक्री गरी आय आर्जन गरी जीवनस्तरमा हुदैं जाने र समग्रमुलुककै अर्थतन्त्रमा टेवा पुग्न सक्ने कुरा स्थानीयहरु बताउँछन् ।

तसर्थ प्राकृतिक सुन्दरताले भरिपूर्ण, ऐतिहासिक र मौलिक, साँस्कृतिक तथा मानव निर्मित सम्पदाले परिपूर्ण, रमणीय र मनोरम दृश्यावलोकन लागि अद्धितीय यस मट्टिखान क्षेत्रको संरक्षण,सम्बर्द्धन र विकासमा स्याङ्जा र कास्की दुवै जिल्ला,स्थानीय सरकार,स्थानीय समाजसेवी बुद्धिजीवी,पर्यटन व्यवसायी तथा सरोकारवाला सबैले ध्यान दिनु पर्दछ ।

**बैयक्तिक अध्ययन १**

स्याडजा जिल्ला फेदीखोला गाविस वडा ५ भिरस्वारा पुरानो घर भई हाल पोखरा १७ छोरेपाटन बस्ने वर्ष ५६ का चित्रबहादुर पौडेल पेशाले नेपाली सेनाको सेवा निवृत सैनिक हुनुहुन्छ वहाँले २०३२ सालमा नेपाली सेनामा प्रवेश गरी २०५५ सालमा सेवाबाट अवकास लिनु भएको हो । हाल छोरेपाटन १७ मा स्थायी बसोवास गर्नु भएका चित्र बहादुरको बुबाको नाम मानवहादुर पौडेल र आमाको नाम सीता पौडेल हो भनि उहाँ बताउनुहुन्छ । काम नै ठूलो हो सेवा नै धर्म हो भन्ने पौडेल हालको मट्टिखानको पर्यटन व्यवसायको

विकास र प्रवर्द्धनको लागि निरन्तर लागि रहनु भएको छ । श्री कृष्ती मट्टिखान, कालिकाकोट संरक्षण विकास एवम् व्यवस्थापन समितिका सचिव समेत रहुन भएका चित्रवहादुर मट्टिखान भ्यू टावर निर्माण र बाटोघाटो र अन्य पूर्वाधार निर्माणमा पनि सक्रिय रुपमा लाग्नु भएको छ । मट्टिखान कृस्ति कालिकाकोट,स्मारिका २०७० को सम्पादनको कार्यमा पनि खटिनु भएको छ ।

**वैयक्तिक अध्ययन २**

वि.सं १९९६ सालमा फेदीखोला गा.वि.स. वडा नं ६ आकाड स्थायी घर भई  हाल पोखरा उप महानगर पालिका-१७ बस्ने वर्ष ७४ का सुबेदार लालकाजी गुरुङ मट्टीखानको विकासबारे चासो राख्ने स्थानीय बुद्धिजीवी हुनुहुन्छ । उहाँका अनुसार पहिला मट्टीखान गाउँ विकासमा पछाडि परेकोले वि.सं २०६० देखि त्यहाँको विकासबारे जनचासो बढ्दैगएको र सहयोग जुट्नेक्रम शुरुभयो  । हाल त्यस ठाउँमा वि.सं २०६३ बाट निर्माण शुरु भै करीव रु. ९० लाखको लागतमा भ्यूटावर निर्माण भएको, चण्डीडाँडा उच्च मा वि, कालिकाकोट मन्दिर निर्माण भैसकेको र पर्यटकको बसाईको सुविधाका लागि रिर्सोट निर्माणको क्रममा रहेको सु.लालकाजी गुरुङले अन्तवार्ताको क्रममा बताउनुभयो ।

उहाँ सन १९५९ मा भारतीय गोरखा सैनिकमा भर्ती भई १९८६मा सेवा निवृत भै हाल सपरिवार छोरेपाटनमा बस्नुहुन्छ र वि.सं. २०५४को स्थानीय निकायको निर्वाचनमा पोखरा उपमहानगरपालिकाको वडा नं. १७ को वडाध्यक्ष भएर समेत काम गरिसक्नु भएका सुवेदार लालकाजी गुरुङ हाल समाजसेवामा अत्यन्त सक्रियताका साथ लाग्नुभएको र मट्टीखानको पर्यटन क्षेत्रमा उल्लेख्य योगदान गर्न तयार रहेको बताउनुहुन्छ ।

# अध्याय- पाँच

## अध्ययन क्षेत्रका प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक एवं पर्यटकीय महत्वका स्थलहरुको पहिचान र उत्तरदाताहरुको सामाजिक, आर्थिक र जानसांख्यिक पृष्ठभूमि

ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाउन पर्यटन व्यवसाय र सेवाबाट प्राप्त लाभ स्थानीय समदाय जनतामा पऱ्याउन ग्रामीण पर्यटकीय क्षेत्र मट्टिखान र आसपासका क्षेत्रहरुमा पर्यटकीय विकासको संभावना व्यापक रहेको देखिन्छ ।

### ५.१. स्याङजा जिल्लाका प्रमुख ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु :

| स्थल | महत्व | रहेको गा.वि.स./न.पा. |
|---|---|---|
| छाँयाक्षेत्र | धार्मिक, जलयात्रा | छाङछाङ्दी |
| राम्दीघाट, (कालीगण्डकी) | धार्मिक, ऐतिहासिक, तथा पर्यटन | स्याङ्जा र पाल्पा जिल्लाको सिमाना |
| अन्धाअन्धी दह | ग्रामीण पर्यटन तथा संस्कृति | पञ्चमुल |
| गह्रौकालिका | धार्मिक तथा ऐतिहासिक | वालिङ्ग न.पा. |
| चण्डीकालिका मन्दिर | धार्मिक तथा ऐतिहासिक | पु.व.न.पा. ८ |
| डहरेदेउराली | धार्मिक तथा ऐतिहासिक | आरुचौर |
| कैलाश गुफा | धार्मिक तथा पर्यटन | वहाकोट |
| पञ्चासेधाम | धार्मिक तथा पर्यटन | बाङ्गसिङ्ग |
| म्नकामना | धार्मिक तथा पर्यटन | पेल्काचौर |
| आलमदेवी | धार्मिक, ऐतिहासिक तथा पर्यटन | आलमदेवी |
| केलादीघाट | धार्मिक तथा पर्यटन | साँखर |
| सेतीवेणी | धार्मिक | पिडिखोला |
| सुन्दरचौर | पर्यटकीय तथा बनस्पति सूचना | खिलुङ्ग |
| गुडीखोला | धार्मिक | पु.व.न.पा-५ |
| भिरकोट | पर्यटन तथा प्याराग्लाईडिङ | सिर्सेकोट |
| गिरेकोट | पर्यटन | चित्रेभञ्जाङ्ग |
| सिर्सेकोट | पर्यटन तथा प्याराग्लाईडिङ | सिर्सेकोट |

| | | |
|---|---|---|
| तम्कीकोट | ऐतिहासिक तथा पर्यटन | निवुवाखर्क |
| हरिनांश | पर्यटन | चिन्नेबास |
| राधा दामोदर, केलादीघाट | धार्मिक | साखर |
| मट्टिखान | पर्यटन | फेदीखोला |
| स्वरेक मैदान | पर्यटन | स्वरेक |
| सिद्ध गुफा पर्यटन | पर्यटन | राङ्भाङ-९, सातधारा |

(स्याङ्जा जिल्ला एक चिनारी - २०७०)

### ५.१.१ कास्की जिल्लाका प्रमुख ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय महत्वका स्थानहरु :

| स्थल | रहेको गा.वि.स./न.पा. |
|---|---|
| फेवाताल | बैदाम, लेकसाइड |
| पाताले छाँगो (डेभिजफल) | छोरेपाटन |
| महेन्द्र गुफा | बाटुलेचौर |
| चमेरे गुफा | बाटुलेचौर |
| गुप्तेश्वर गुफा | छोरेपाटन |
| विन्ध्यवासिनी मन्दिर | बगर नजिकै |
| धर्मशिला वुद्ध विहार | नदीपुर |
| विश्वशान्ति स्तुपा | अनदु डाँडा |
| हरिहर गुफा | भ्लाम |
| नारायण मन्दिर | नदीपुर |
| सदाशिव मन्दिर | ढुगेसाँधु |
| लक्ष्मी नारायण मन्दिर | अर्मला |
| तालबराही मन्दिर | फेवाताल |
| भद्रकाली मन्दिर | कुँडहर |
| शोभा भगवती मन्दिर | रानीपौवा |
| सराङकोट | सराङकोट |
| सेती नदी | पोखरा उपत्यकाको बीचमा |
| बेगनास ताल | लेखनाथ नगरपालिका |

| | |
|---|---|
| रुपाताल | लेखनाथ नगरपालिका |
| खास्टेताल | लेखनाथ नगरपालिका |
| दिपाङताल | लेखनाथ नगरपालिका |
| गुदेताल | लेखनाथ नगरपालिका |
| न्युरेनी ताल | लेखनाथ नगरपालिका |
| मैदी ताल | लेखनाथ नगरपालिका |
| क्षेत्रीय संग्राहलय | नयाँ बजार |
| अन्तराष्ट्रिय पर्वतीय संग्राहालय | रातो पैह्रो |
| पुतली सग्राहालय | बगर, पृथ्वी नारायण क्याम्पस |
| माछापुच्छ्रे हिमाल | |
| अन्नपूर्ण प्रथम | |
| इन्द्र गुफा | हंसपुर |
| खारापानी, तातोपानी | सार्दीखोला |
| कृस्ति (मट्टीखान) भरतपोखरी, निर्मलपोखरी, पर्यटकिय क्षेत्र | कृस्ति, निर्मलपोखरी, भरतपोखरी गा.वि.स. |
| पुम्दी भुम्दी, पर्यटकीय क्षेत्र | पुम्दी |
| स्याकलुकोट | हंसपुर |
| घान्द्रुक | घान्द्रुक |
| धम्पुस तथा लान्द्रुक | घम्पुस |
| पञ्चासे क्षेत्र | गण्डकी र धवलागिरी अंचल र स्याङ्जा पर्वत र कास्कीको सिमाना |

(गण्डकी र धवलागिरी अञ्चलका पर्यटकीय आकर्षका प्रमुख स्थलहरु,२०६७)।

## ५.१.२ प्रमुख पदयात्रा मार्गहरु :

| | |
|---|---|
| पोखरा - पञ्चासे -पोखरा | ३/४ दिन |
| पोखरा - नुवाकोट -पोखरा | १/२ दिन |
| रोयल ट्रेक (पोखरा) - चिसोपानी -पोखरा | ४ दिन |
| पोखरा - जोमसोम -लोमान्थाङ्ग | ११/१२ दिन |

| | |
|---|---|
| पोखरा - बेनी - जोमसोम -पोखरा | १५ दिन(हाल सडक यातायत पुगेको) |
| पोखरा - डुम्रे -बेसिशहर -मनाङ | |
| पोखरा - जोमसोम -पोखरा (अन्नपूर्ण सर्किट) | १५ दिन |
| पोखरा - अन्नपूर्ण बेसक्याम्प -पोखरा | ११/१२ दिन |
| पोखरा - घान्द्रुक -पोखरा | ३/४ दिन |
| पोखरा - सिकलेस -पोखरा | ४/५ दिन |
| पोखरा - बागलुङ- ढोरपाटन | |
| पोखरा - कागबेनी- उपल्लो डोल्पा | |
| पोखरा - ढोरफीर्दी -माझकोट- पोखरा | ४/५ दिन |
| पोखरा - मार्दि हिमाल | ९/१० दिन |
| पोखरा - धम्पुस -पोखरा | २ दिन |
| पोखरा - घाचोक -पोखरा | २ दिन |
| पोखरा - भरतपोखरी-नुवाकोट -पोखरा | १/२ दिन |
| पोखरा - मनाङ | ४ दिन |

(गण्डकी र धवलागिरी अञ्चलका पर्यटकीय आकर्षका प्रमुख स्थलहरु,२०६७) ।

### ५.१.३ अध्ययन क्षेत्रका प्रमख पर्यटकीय स्थान र सम्पदाहरु

मट्टिखान

ऐतिहासिक दरवार नुवाकोट

साल्मेडाँडा (गोरखा स्मारक)

मट्टिखान भ्यू टावर

कालिका कोट (भगवति मन्दिर)

चण्डी मन्दिर

कालाभैरव मन्दिर

कृस्तिकोट देउराली माई

जातिय संग्रहालय

अन्य संरचनाहरु

- चण्डी डाँडा उच्च मा.वि.
- भविष्य निर्माण उच्च मा.वि.
- गण्डकी टेलिभिजनको टावर
- माउन्टेन भ्यू रिर्सोट
- स्वास्थ्य केन्द्र
- कच्ची मोटर वाटो
- होमस्टेहरु


**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

## ५.२ उत्तरदाताहरुबाट प्राप्त विवरण

### ५.२.१. पारिवारको प्रकार

परिवार सामाजिक संरचनाको आधारभूत सामाजिक संस्था हो । परिवारका सदस्यहरु परस्परमा आपसी सम्बन्धमा बाँधिएका हुन्छन् । प्रत्येक सदस्यको आ-आफ्नै पद र भूमिका हुन्छ र सोही अनुरुप परिवारका सदस्यले कार्य गर्दछन् आचार्य ,२०६३)।

परिवारको प्रकार र आकार ग्रामीण पर्यटनसँग सोझै गासिएको विषय हो । किनकी ग्रामीण पर्यटनबाट सिमित आम्दानी सोझै परिवारको आर्थिक पक्षसँग जोडीएको हुन्छ । परिवारको प्रकारबारे उत्तरदाताबाट प्राप्त विवरणलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।





**चित्र ५.१ उत्तरदाताको परिवारको प्रकार**

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

चित्र ४.१ अनुसार जम्मा उत्तरदाताहरु ९२ जनामध्ये ५८ प्रतिशत अर्थात ५३ जना एकल परिवारबाट आएका छन् भने बाकी ४२ प्रतिशत अर्थात ३९जना संयुक्त परिरवारसँग सम्बन्धित छन् । यसबाट पनि के प्रष्ट हुन्छ भने अधिकांश बासिन्दा एकल परिवारबाट आएको हुनाले ग्रामीण पर्यटनको विकासको सर्न्दभमा जुन परम्परागत रुपमा पर्यटकीय सम्पदाको संरक्षण तथा सम्बर्द्धनमा समय प्रदान गर्नमा पारिवरिक हिसाबले केही कमी हुन जान्छ कि भन्ने अनुमान लगाउन सकिन्छ ।

## ५.२.२ उत्तरदाताहरुको उमेर र लैंगिक अवस्था

मानिस जैविक रुपमा महिला र पुरुष भएर जन्मनु लिङ्ग हो, भने समाज र संस्कृतिले दिएको सामाजिक भूमिकालाई लैङ्गिकता भनेर बुझिन्छ । स्थलगत सर्वेक्षणबाट प्राप्त उत्तरदाताको उमेर तथा लैंगिक विवरणलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




**चित्र ५.२ उत्तरदाताहरुको उमेर तथा लैङ्गिक विवरण ।**

**स्रोत : स्थलगत अध्ययन २०७० ।**

माथिको चित्र अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुमध्ये सबै भन्दा बढी उत्तरदाता ५०-६० वर्ष उमेर समूहका २१ जना पुरुष र ६० बर्ष भन्दा माथिका ५ जना महिला उत्तरदाता रहेको पाइयो भने सबैभन्दा कम १०-२० वर्ष उमेर समूहका ३ जना पुरुष र २ जना महिला उत्तरदाता रहेको पाइयो ।

### ५.२.३ उत्तरदाताहरुको शैक्षिक अवस्था

शिक्षाले व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराँउछ । सैद्धान्यितक ज्ञानलाई व्यबहारमा अवलम्बन गर्नु नै शिक्षा हो । शिक्षाले नै मानिसलाई सभ्य र सुसँस्कृत बनाउँछ । उत्तरदाताको शैक्षिक विवरणलाई निम्न तालिकामा प्रष्टाइएको छ ।

**तालिका ५.१ उत्तरदाताहरुको शैक्षिक स्तर**

| शिक्षा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अशिक्षित | ११ | ११.९५ |
| सामान्य साक्षर | १९ | २०.६५ |
| प्रा.वि. | ७ | ७.६० |
| नि.मा.वि | ६ | ६.५२ |
| मा.वि. | १७ | १८.४७ |
| उच्च मा.वि. | ११ | ११.९५ |
| उच्च शिक्षा | २१ | २२.८२ |
| जम्मा | ९२ जना | १००.०० |

**स्रोत : स्थलगत अध्ययन, २०७० ।**

माथिको तालिकाबाट उच्च शिक्षा हासिल गरेका व्यक्तिहरु सबैभन्दा धेरै २१ जना अर्थात २२.८२ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम ६ जना ६.५२ प्रतिशत उत्तरदाता नि.मा.वि. तहसम्मको अध्ययन गरेकार ११ जना अर्थात ११.९५ प्रतिशत उत्तरदाताहरु अशिक्षित रहेको पाइएको छ ।

### ५.२.४ उत्तरदाताहरुको पेशा

पेशा मानिसको जीविकोपार्जनको एक माध्यम हो । मानिसले आफ्नो जीविकोपार्जनका लागि फरक फरक पेशा अपनाएको हुन्छ । अध्ययन स्थलकाउत्तरदाताहरुको पेशागत विवरणलाई निम्न तालिकाबाट प्रष्टाइएको छ ।

**तालिका ५.२ उत्तरदाताको पेशागत विवरण**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सेवा | ११ | ११.९५ |
| व्यापार | ३४ | ३६.९५ |
| मजदुरी | १४ | १५.२१ |
| कृषि | १८ | १९.५६ |
| शिक्षा | ५ | ५.४३ |
| निजामती सेवा | ७ | ७.६० |
| सैनिक | ३ | ३.२६ |
| **जम्मा** | **९२ जना** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

तालिका ५.३ अनुसार समग्र उत्तरदाताहरुमध्ये ३४ जना अर्थात ३६.९५ प्रतिशत व्यापारमा व्यस्त रहेको पाइयो भने सवैभन्दा कम ३ जनाअर्थात ३.२६ प्रतिशत उत्तरदाताहरु सैनिक सेवामा आवद्ध रहेको पाइएको छ भने कृषि पेशा अपनाएर जीविकोपार्जन गर्ने उत्तरदाताहरु १८ जना अर्थात १९.५६ प्रतिशत रहेको पाइयो । यस्तै निजामती सेवा र शिक्षण पेशामा क्रमशः ७.६० प्रतिशत र ५.४३ प्रतिशत व्यक्तिहरु संलग्न रहेको पाइयो ।

**वैयक्तिक अध्ययन ३**

कास्की जिल्ला कृस्ति नाच्नेचौर वडा नं ४ स्थायी घरभई हाल पो.उ.न.पा. १७ छोरेपाटन निवासी श्री देवीबहादुर थापा निजामती सेवाको वरिष्ठ वागवानी विकास अधिकृतबाट सेवा निवृत भई हाल समाजसेवा तथा पर्यटन प्रर्वद्धनका क्षेत्रमा अग्रसर हुनुहुन्छ । अत्यन्तै मिलनसार स्वभावका थापाले प्राथमिक तहको अध्ययन स्थानीय रामदी प्रा.वि.कृस्ति नाच्नेचौर ४ बाट वि.सं २०१६/१७ सालमा उर्त्तिण गरी मा.वि. तहको अध्ययन तत्कालिन सल्जरवोर्ड मा.वि (हालको अमरसिंह उ.मा.वि.) बाट वि.सं २०२६ सालमा पुरा गर्नुभएको थियो । त्यसैगरी २०२८ सालमा कास्की जिल्ला कृषि विकास कार्यालयबाट खरिदार पदबाट जागिर प्रवेश गरी सेवाबाटै उच्च शिक्षा अध्ययनको लागि छनौट भै जापानको क्यू सू युनिभर्सिटीबाट वि.एस्सी सम्मको अध्ययन पूरा गर्नुभएको बताउनुहुने थापा हाल श्रीमती सहित छोरेपाटनमा बस्नुहुन्छ भने छोराछोरीहरु विदेशमा रहेको बताउनुहुन्छ ।

यो मुलुक प्राकृतिक सौन्दर्यले भरिपूर्ण मुलुक हो केही गर्न खोज्ने जागरुक व्यक्तिहरुलाई यहाँ प्रशस्त संभावना छ भनि बताउने थापा विदेशमा श्रम खर्चेर नेपालीले रेमिटेन्स प्राप्त गरेका छन् तर त्यो देशका दिगो आर्थिक विकासको लागि भरपर्दो श्रोत होइन भन्नुहुन्छ ।

देशको दिगो आर्थिक विकास गर्न ग्रामीण विकास गरी गरिबी न्यूनीकरण मार्फत अर्थतन्त्र मजबुत गराउन कृषि ,पर्यटन र ऊर्जामा लगानी गर्दै कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, यसको विविधिकरण र व्यावसायिकीकरण गर्दै निर्यात प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुहुन्छ । देश विकासको लागि एउटा व्यस्थित वैज्ञानिक पद्धति निर्माण गरी सोही पद्धतिको अवलम्वनमा जोडदिनुपर्ने  र म र मेरो देश भन्ने राष्ट्यिताको भावनाले ओतप्रोत हुनुपर्ने बताउनुहुन्छ । मट्टिखानको पर्यटकीय विकासमा आफ्नो क्षमताले भ्याए सम्म भरपुर रुपमा लाग्ने र लागिरहेको बताउनुहुन्छ । पर्यकीय राजधानीको रुपमा रहेको सुन्दर नगर पोखराबाट करीब ९ कि.मी दुरीमा अवस्थित मट्टिखान श्रृंखला एक नमुना पर्यटकीय संभावनायुक्त क्षेत्र ह्रो । यस क्षेत्रको व्यापक प्रचार प्रसार गरी पर्यटनको विविधिकररण  र व्यवसायीकरण मार्फत स्थानीय जनताको जीवनस्तरमा अभिवृद्धि गर्न सकिन्छ  भन्ने स्पष्ट धारणा राख्नुहन्छ ।

**बैयत्तिक अध्ययन ४**

कास्की जिल्ला कृस्तिनाच्नेचौर गाविस वडा नं. ९ बस्ने बर्ष ४३ का नारायण प्रसाद पोखरेल पेशाले शिक्षक हुनुहुन्छ । वहाँका अनुसार यस मट्टिखान क्षेत्र स्याङ्जा र कास्की जिल्लाको सिमानामा अर्थात कृस्तिनाच्नेचौर र फेदिखोला गा.वि.स. अर्न्तगत रहेको वृहत क्षेत्र हो । पर्यटकिय हिसावले अत्यन्तै सम्भावना बोकेको ठाउँ समेत हो । यहाँ पुरातात्विक एवम् ऐतिहासिक महत्वसँग सम्बन्धित अनेक सम्पदा र स्थलहरु छन् । कालिकाकोट मन्दिर, कोट, चण्डी मन्दिर चण्डिडाँडा क्षेत्र भ्यू टावर, एफ.एम टावर, इन्द्र मन्दिर, बाउने लेक, जुकेपानी बन क्षेत्र, साल्मे डाँडा जस्ता अत्यन्तै मनोरम र सौन्दर्यमुलक क्षेत्रलाई हेर्दा जुनसुकै नयाँ पर्यटकलाई मोहित र आकर्षक तुल्याउदछ भनेर पोखरेल बताउनु हुन्छ । यहाँबाट विभिन्न जिल्लाको दृष्यावलोकन गर्न सकिने प्रशस्त अवसर छ । यहाँको पर्यटकिय विकास २ दशक भन्दा पहिलले नै हुनु पर्ने तर यहाँका शुभचिन्तक महानुभावहरुको शहर तर्फ बसाई सराई, देशको सामजिक, राजनैतिक परिवेश र स्थानीय व्यक्तिहरुको यस क्षेत्र प्रतिको दृष्टिकोणमा उदाशिनता रहेकोले हाल सम्म पनि त्यस ठाउँको अपेक्षित विकास हुन

नसकेको कुरा वहाँले बताउनु भयो तर जेहोस प्रचुर सम्भावना र सौन्दर्यको धनी मट्टिखान्को पर्यटकिय विकासको लागि निकट भविष्यमा गुणात्मक हिसावले फड्को मार्नेछ भन्ने आशा गर्ने ठाउँ प्रशस्तै छन् । चण्डीडाँडा क्षेत्रबाट चाँदी झै टल्कने हिमालहरुको दृष्य र भ्यू टावरबाट देखिने सूर्योदयको दृष्य एवम् बेगनास ताल, पोखरा क्षेत्र, लगायतका नौ वटा जिल्लाकै दृष्यावलोकन गर्न सकिने  बीर गोर्खाली गाथासँग जोडिएको साल्मेडाँडा र ऐतिहासिक तथा पुरातात्विक महत्वको नुवाकोट लगायतका यी क्षेत्र घुम्न र अध्ययनको क्षेत्र बनाउन स्वदेशी तथा विदेशी पर्यटकको ओइरो लाग्ने छ भन्ने विश्वास गर्न सकिनेछ । यसका लागि सरकारी सामुदायिक, निजी, स्थानीय क्षेत्रको संयुक्त साझेदारीमा पूर्वाधारको विकास र निर्माण गर्नु तथा मट्टिखानको महत्वको ब्यापक प्रचार र प्रसार गरिनु जरुरी छ ।


# अध्याय - छ

## ग्रामीण पर्यटनको संभावनाबारे स्थानीयको धारणा

### ६.१ ग्रामीण पर्यटन बारे जानकारीं

ग्रामीण पर्यटन पर्यटन विकासको सन्दर्भमा नयाँ अवधारणा हो । यसमा स्थानीय जनताहरु त्यहीँको स्थानीय श्रम, सीप, स्रोत साधन र प्रविधिको प्रयोग गरी स्थानीय मौलिक संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन मार्फत पर्यटकहरुलाई सेवा प्रदान गर्ने, मनोरञ्जन दिलाउने र आय आर्जन गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने सम्मका क्रियाकलापलाई समेट्दछ ।

अध्ययन क्षेत्रका उत्तरदातालाई ग्रामीण पर्यटनबारे सोधिएको प्रश्न निम्नानुसारको जवाफ पाइएको थियो ।




**चित्र ६.१ ग्रामीण पर्यटन बारे जानकारी**


**स्रोत : स्थलगत सर्वेक्षण,२०७० ।**

माथिको चित्र ६.१ अनुसार कुल ९२ जना उत्तरदाताहरुमध्ये सबैभन्दा बढी ६८ जना अर्थात ७३.९१ प्रतिशत उत्तरदाताहरुलाई केही मात्रामा भएपनि ग्रामीण पर्यटन बारेमा जानकारी रहेको पाइएको थियो, भने १९ जना अर्थात २०.६५ प्रतिशत उत्तरदाताले ग्रामीण पर्यटनको अवधारणाको बारेमा केही पनि जानकारी आफूहरुलाई नभएको बताए र ५ जना अर्थात

५.४३ प्रतिशतले ग्रामीण पर्यटन बारे आफूहरुलाई जानकारी भएको र मट्टिखानमा ग्रामीण पर्यटनको प्रवर्द्धन गर्न सकिने संभावना भएको बताए ।

## ६.२ ग्रामीण पर्यटन प्रति उत्तरदाताहरुको बुझाई

अध्ययन क्षेत्रका जम्मा ९२ उत्तरदाताहरुमध्ये ग्रामीण पर्यटन प्रतिको उनीहरुको बुझाईलाई निम्न चित्रद्वारा प्रष्ट्याइएको छ ।




**चित्र ६.२ ग्रामीण पर्यटन प्रतिको बुझाई**

चित्र ६.२ अनुसार अधिकतम् ३३ जना उत्तरदाताहरुले गाउँको बसाई नै ग्रामीण पर्यटन हो भन्ने कुरा बुझेको पाइयो । अन्य १२ जना उत्तरदाताले घुमफिर भ्रमणलाई र ८ जनाले भ्रमण नै ग्रामीण पर्यटन हो भन्ने उत्तर दिएका छन् । ३९ जना उत्तरदाताले ग्रामीण पर्यटनको अवधारणालाई आफूहरुले स्पष्टसँग बुझ्न नसकेको बताएका थिए । यसैले ग्रामीण पर्यटनका बारेमा जानकारी दिलाउन पर्यटन सम्बन्धी जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने धारणा व्यक्त गरे ।

## ६.३ ग्रामीण पर्यटनका लागि भएका अघिल्ला पहलहरु

अध्ययनस्थल मट्टिखान,साल्मेडाँडा र नुवाकोट गाउँको ग्रामीण पर्यटन विकासवारे यसपनि अघि पहलहरुभएको थियो भन्ने कुरा कुल ९२ जना उत्तरदाताहरुमध्ये ६३ उत्तरदाताले बताए भने २९ जना उत्तरदाताहरुले कुनै पनि जवाफ दिएनन । यस अघि यहाँ

पर्यटनको विकास र प्रवर्द्धनमा कसले पहल गरेको थियो ? भनी सोध्दा प्राप्त जवाफलाई निम्न तालिकामा प्रस्ट्याइएको छ ।

**तालिका ६.१**

**ग्रामिण पर्यटनका लागि भएका अघिल्ला पहलहरु**


| पहलकर्ता /निकाय | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| स्थानीय बासिन्दाहरु | २३ | २५ |
| नेपाल सरकार | ११ | ११.९५ |
| स्थानीय निकाय | १९ | २०.६५ |
| गैर सरकारी संघ संस्था | १० | १०.८६ |
| ज्वाफ नदिने उत्तर दाता | २९ | ३१.५२ |
| जम्मा उत्तरदाता | ९२ | १००.०० |

**स्रोत : स्थलगत सर्वेक्षण,२०७० ।**

तालिका ६.१ मार्फत २३ जना उत्तरदाताले स्थानीय बासिन्दाले नै पर्यटन विकासका लागि पहल गरेको दाबी गरेका छन् भने १९ जनाले स्थानीय निकाय मार्फत पहल गरिएको र बताएका छन् । त्यस्तै ११ जनाले नेपाल सरकारले र १० जनाले गैर सरकारी संघसंस्थाले समेत पर्यटनको प्रवर्द्धन र विकासका लागि पहल गरेको भन्ने कुरा बताए भने २९ जना उत्तरदाताले यस बारेमा जवाफ नै दिएनन् ।

## ६.४ ग्रामीण पर्यटनका लागि गरिएको पहल

ग्रामिण पर्यटनका लागि के कस्ता पहलहरु यस अघि गरिएका थिए? भन्ने प्रश्नमा उत्तरदाताहरुको जवाफलाई चित्रद्धारा यस प्रकार देखाइएको छ। अध्ययनक्षेत्रका कुल९२ उत्तरदाताहरु मध्ये जम्मा ६३ जनाले मात्र यस बारेमा आफ्नो प्रतिक्रिया यसरी व्यक्त गरे भने २९ जना उत्तरदाताले यस विषयको बारेमा आफ्नो प्रतिक्रिया व्यक्त नै गरेनन ।




**चित्र ६.३ ग्रामीण पर्यटनको पहल**

**स्रोत : स्थलगत सर्वेक्षण,२०७० ।**

माथिको चित्र अनुसार ३१ जना उत्तरदाताले पूर्वाधारहरु जस्तै : बाटोघाटो निर्माण, भ्यू टावर निर्माण तथा साल्मेडाँडामा विशाल परियोजना शुरु भएको बताएका र यस क्षेत्रमा पर्यटनको विकास र प्रवर्द्धनमा २० जनाले पर्यटन विकासका लागि सम्बन्धित निकायमा दवाव दिएर तथा बाँकी १२ जनाले पर्यटन प्रवर्द्धनका विषयमा आपसी छलफल/अन्तरक्रिया जस्ता कार्यक्रम गरी यस भन्दा अघि ग्रामिण पर्यटनका लागि पहल गरिएको बताएका छन ।

## ६.५ ग्रामीण पर्यटनको विकासको महत्त्व

जम्मा ९२ जना स्थानीय उत्तरदातामध्ये ८९ जनाले यस ग्रामीण पर्यटकीय क्षेत्र मट्टिखान नुवाकोट र साल्मेडाँडाको ग्रामीण पर्यटनको महत्त्व रहेको बताए भने ३ जनाले खासै उत्तर दिन उत्सुक देखिएनन् ।ग्रामीण पर्यटन किन महत्त्वपूर्ण छ? भन्ने प्रश्नमा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको थियो ।

**तालिका ६.२ ग्रामीण पर्यटनको महत्त्वको आधारमा उत्तरदाताहरु**


| महत्त्वको कारण | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| विकासका लागि | ५१ | ५५.४३ |
| ठाउँको चिनारी | २१ | २२.८२ |
| जीवन यापनमा सहजता | १७ | १८.४७ |
| जवाफ नदिने उत्तरदाता | ३ | ३.२६ |

| | | |
|---|---|---|
| जम्मा उत्तरदाता | ९२ | १००.०० |

माथिको तालिका अनुसार समग्र गाउँको विकासका लागि ग्रामीण पर्यटनको महत्व रहेको कुरा ५१ जना उत्तरदाताले बताए, त्यस्तै ठाउँ चिनारीका लागि पर्यटनको विकासले सहयोग पुऱ्याउँछ भनेर २१ जनाले र जीवनयापनमा सहजता आउँछभनेर १७ जना उत्तरदाताहरुले ग्रामीण पर्यटनको विकासको महत्व रहेको कुरा औंल्याएका थिए ।

## ६.६ पर्यटन विकास मार्फत स्थानीयको जीवनस्तरमा सुधार

पर्यटन विकासमार्फत स्थानीयको जीवनस्तर उकास्न सकिन्छ कि सकिदैन ?भन्ने विषयमा उत्तरदातालाई गरिएको प्रश्नको जवाफलाई निम्न चित्रमा देखाइएको छ ।





**चित्र ६.४ पर्यटन विकासमार्फत स्थानीयको जीवनस्तरमा सुधार**

चित्र ६.४ अनुसार पर्यटन विकास मार्फत स्थानीय जनताको जीवन स्तर उकास्न सकिन्छ भन्ने तर्कमा ९० जना अर्थात ९७.८२ प्रतिशत उत्तरदाताले सहमति जनाए र पर्यटनले मात्र सकिदैन अन्य पेशा र व्यवसायिक क्षेत्र रोज्नुपर्छ भन्नेमा २ जना अर्थात २.१७ प्रतिशत उत्तरदाता रहेको पाइयो।

## ६.७ पर्यटन विकासमार्फत सुधार गरिने पक्षहरु

पर्यटन विकास मार्फत के के कुरामा समग्र मट्टिखान गाउँको सुधार गर्न सकिन्छ ?भन्ने प्रश्नमा उत्तरदाताको जवाफलाई यसरी चित्र मार्फत प्रष्ट्याइएको छ ।




**चित्र ६.५ पर्यटन विकास मार्फत सुधारका पक्ष**


**स्रोतः स्थलगत सर्वेक्षण, २०७० ।**

माथिको चित्रबाट के कुरा प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका जम्मा ९२ जना उत्तरदातामध्ये ६७ जना उत्तरदात्ताले पर्यटनको प्रवर्द्धन र विकास मार्फत आय आर्जनका क्षेत्र छनोट गरी सोही अनुसारको पेशा व्यवसाय गरेमा गाँउलेको आर्थिक पक्ष दरिलो हुने कुरामा विश्वास गर्दछन् । त्यस्तै पर्यटन विकास मार्फत क्रमशः १९ र ६ जना उत्तरदाताहरुले मट्टिखान गाउँको सामाजिक र सांस्कृतिक पक्ष दरिलो हुने कुरा व्यक्त गरेको पाइयो ।

## ६.८ मट्टिखान गाउँमा परिवर्तनको आभाश

समय परिवर्तनशील छ । समाजमा समयको अन्तरालसँगै कैंयौ सामाजिक,साँस्कृतिक राजनैतिक र आर्थिक क्रान्तिहरु हुन्छन र तीनीहरुले समाजको सामाजिक साँस्कृतिक संरचनामा नै परिवर्तन र रुपान्तरण ल्याउँछन । पछिल्लो समयमा मट्टिखान श्रृंखलामा केही

परिवर्तन भयो वा भएन? भन्ने प्रश्नमा प्राप्त तथ्याङकलाई निम्न चित्र मार्फत प्रस्तुत गरिएको छ ।




**चित्र ६.६ मट्टिखान गाउँमा भएको परिवर्तन**

**स्रोत : स्थलगत सर्वेक्षण,२०७० ।**

चित्र ६.६ का अनुसार जम्मा उत्तरदाता ९२ मध्ये मट्टिखान गाउँमा ८३ जना उत्तरदाताले परिवर्तनको आभाष पायौ भन्ने कुरा व्यक्त गरे, जुन पछिल्लो समयमा देखिएको परिवर्तन हो । यसमा बाटोघाटो निर्माण र यातयात सेवा संचालन सुचारु, विद्यालय निमार्ण र संचालन, दृश्याबलोकनका लागि भ्यू टावर निर्माण,होटल तथा रिर्सोट निर्माणको शुरुवात,साल्मेडाँडामा गोरखा स्मारक निर्माणको थालनी, विभिन्न मठ मन्दिरको निर्माण र संरक्षणमा जोड दिइएको जस्ता पक्षहरु प्रमुख रुपमा देखिएका परिवर्तनहरु हुन्भनी उल्लेख गरे भने जम्मा ९ जनाले त्यस किसिमको उल्लेख्य परिवर्तन नभेटिएको आफ्नो विचार व्यक्त गरेका छन् ।

## ६.९ मट्टिखान गाउँमा भएको परिवर्तनका पक्षहरु

मट्टिखान गाउँमा पछिल्लो समय देखिएको परिवर्तनहरुलाई उत्तरदाताको जवाफको आधारमा यस प्रकार उल्लेख गरिएकोछ ।

**तालिका ६.३ परिवर्तनका पक्षहरु**

| पक्ष | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| टावर निर्माण | १९ | २०.६५ |
| बाटोघाटो | ४३ | ४६.७३ |
| जनचेतनामा बृद्धि | १४ | १५.२१ |


| | | |
|---|---|---|
| स्कूल निर्माण | १६ | १७.३९ |
| **जम्मा** | ९२ | १००.०० |

**स्रोत : स्थलगत सर्वेक्षण,२०७० ।**

माथिको तालिका अनुसार बाटोघाटो निर्माणको कार्यलाई पछिल्लो समयमा भएको उल्लेख्य परिवर्तन भनि ४३ जना  अर्थात ४६.७३ प्रतिशत उत्तरदाताले बताएको कुरा प्रष्ट हुन्छ ,त्यस्तै अन्य पक्षहरुमा टावर निर्माणमा १९ जना अर्थात २०.६५ प्रतिशत, स्कूल निर्माणमा १६ जना अर्थात १७.३९ प्रतिशत तथा स्थानीय जनचेतनामा भएको अभिवृद्धिमा १४ जना अर्थात १५.२१ प्रतिशतले  यस मट्टिखान श्रृंखलामा उल्लेख्य परिवर्तन भएको बताएका छन् ।

## ६.१० ग्रामीण पर्यटन विकासका लागि जिम्मेबार निकाय

ग्रामिण पर्यटन विकासका सर्न्दभमा जिम्मेबार निकायबारे तलको चित्रमा उल्लेख गरिएको छ ।




**चित्र ६.७ ग्रामीण पर्यटनका लागि जिम्मेवारी**

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

माथिको चित्र ६.७ मा देखाइए अनुसार ५७ जना उत्तरदाताले ग्रामिण पर्यटन विकासका लागि सरकारी निकायलाई जिम्मेवार ठह्रयाएका छन् भने क्रमशः २२ र १३ जना उत्तरदाताले स्थानीय निकाय तथा गैर सरकारी निकाय तथा स्थानीय क्षेत्रका जनसमूदायको भूमिका नै पर्यटनको प्रवर्द्धन र विकासमा बढी जिम्मेबार हुनुपर्ने बताएका छन् ।

**वैयक्तिक अध्ययन ५**

कास्की जिल्ला पुम्दी भुम्दी गा.वि.स निवासी, हाल चण्डीडाँडा उच्च मा.वि मट्टिखानका प्राचार्य श्री बालकृष्ण बराल यस क्षेत्रको शैक्षिक विकासका धरोहर मानिनुहुन्छ, र अत्यन्तै मिलनसार बौद्धिक प्रतिभाका धनी र शालीन व्यक्तित्व भएका बराल मट्टिखानको चौतर्फी विकासमा चासो राख्नुहुन्छ । मट्टिखान भौगोलिक रुपमा १५३३ मिटरको उचाईमा रहेको र गुरुङ्ग जातिको साथै क्षत्री, बाम्हण र विश्वकर्माको बसाई रहेको यस क्षेत्रलाई कुविण्डे-नुवाकोट-पौवेगौडे ग्रामीण सडक र छोरेपाटन -फुस्रेखोला ग्रामीण सडकले मट्टिखान भञ्ज्याङ्गलाई छिचोलेर जाने भएकाले यस क्षेत्रलाई सुगम बनाएको बताउनुहुन्छ ।

साँस्कृतिक, प्राकृतिक मनोरम दृश्याबलोकनका साथै ऐतिहासिक महत्व बोकेको यस क्षेत्रको पर्यटकीय संभावना अथाह छ । आज विज्ञान र प्रविधि र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुदै गएको अवस्थामा पर्यटकीय राजधानी पोखरा र पहिलो नमूना पर्यटकीय गाउँ सिरुबारीको मध्यभागमा पर्ने यस मट्टिखान श्रृंखलाको प्रचारप्रसार गरी पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने संभावना देखिन्छ ।

मट्टिखान, नुवाकोट दरबार र गोरखा स्मारक निर्माणस्थल साल्मेडाँडाको वीचमा अवस्थित छ । यहाँ केही पर्यटनको पूर्वाधार निर्माणका पहलहरु शुरु भैसकेको र दिगो पर्यटन विकासको लागि सरकार, निजी क्षेत्र र स्थानीयहरु वीच उचित समन्वय हुनु जरुरी छ । यस क्षेत्रमा खानेपानी व्यवस्थापनको उचित स्थायी प्रवन्ध हुन नसकेको सरकारी निकाय र स्थानीय संघ संस्थावीच समन्वयमा अपेक्षित प्रभावकारीता देखिन नसकेको उहाँ बताउनुहुन्छ ।

स्थानीय कृषि तथा अन्य उत्पादन पर्याप्त रुपमा उपलव्ध नहुँदा पर्यटकले उपभोग गर्ने सेवा र वस्तुको उपभोगबाट प्राप्त लाभ अपेक्षित मात्रामा प्राप्त गर्न नसकिएको, पर्यटन क्षेत्रमा स्थानीय रुपमा जनशक्ति तयार गर्न प्रशिक्षण दिन नसकिएको र पर्याप्त सेवा सुविधाको विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको बताउनुहुन्छ प्राचार्य बराल ।

मट्टिखानमा पर्यटन विकासका संभावना र अवसरहरु प्रशस्त भएपनि यसको उपयुक्त स्तरमा विकास गरी स्थानीय जनताको आय आर्जनमा वृद्धि गरी ग्रामीण गरिबी न्यूनीकरण गर्न पर्यटन कार्यक्रमको विकास र प्रवर्द्धनका लागि उचित सडक,खानेपानी, विद्युत,संचार पर्यटकको बसाई लम्ब्याउन उपयुक्त बसोबासस्थल तथा होटल निर्माणमा जोडदिने, पर्याप्त

गाइडको व्यवस्था गर्ने, फोहोरमैला व्यवस्थापनको उचित प्रवन्ध जस्ता पक्षमा ध्यान दिनु जरुरी ठान्नुहुन्छ ।

यसरी पर्यटकीय सुन्दरता एवं प्राचीय ऐतिहासिक महत्व बोकेको मट्टिखान पोखरा र ऐतिहासिक स्थल नुवाकोटको वीचमा चौतर्फी दृश्याबलोकन गर्न सकिने उच्च स्थलीय पर्यटकीय क्षेत्र हो । आन्तरिक र बाह्य पर्यटकहरु भित्र्याउन र प्रमुख पर्यटन गन्तव्यस्थलका रुपमा यस क्षेत्रलाई विकास गर्न पूर्वाधार र स्थानीय सक्षमता अभिवृद्धिमा नै बढी जोड दिनुपर्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्छ ।

यस क्षेत्रमा पर्यटनको विकास र प्रर्वद्धनमा स्थानीय समुदायको सहभागिता अझ प्रभावकारी बनाउन आवश्यक छ । र समुदायमा पर्यटनसम्बन्धी कार्यक्रम संचालन गर्न स्थानीय निकाय, निजीक्षेत्र, गैरसरकारी क्षेत्रलाई प्रोत्साहन गर्दै 'एक स्थान एक पहिचान 'को नीति मट्टिखान ग्रामीण पर्यटनले अवलम्बन गर्नसकेमा यो एक उत्कृष्ट ग्रामीण पर्यटन क्षेत्र हुनेछ भन्ने कुरा बालकृष्ण बराल दृढताका साथ बताउनुहुन्छ ।

# अध्याय सात

# ग्रामीण पर्यटन विकासमा स्थानीयको सहभागिता

## ७ पृष्ठभूमि

आर्थिक,सांस्कृतिक,मनोरञ्जनात्मक, पारिवारिक, अध्ययन लगायत वा मोजमज्जा वा अन्य कुनै कारणले एउटा व्यक्ति आफ्नो निवास स्थान छाडेर, आफ्नो देश भित्रकै वा देश बाहिर अन्य मुलुकका विभिन्न स्थल भ्रमण गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटक र उसको भ्रमणको सिलसिला र त्यसबाट उत्पन्न सम्पूर्ण परिणामहरुको समष्टि रुपलाई पर्यटन भनिन्छ (टुरिजम मार्केट ट्रेन्डस, १९८६) ।

पर्यटन उद्योग विश्वमा अति द्रुत गतिले वृद्धि आएको उद्योग हो । ग्रामीण पर्यटन पर्यटन क्षेत्रमा आएको नयाँ अवधारणा हो । यसले ग्रामीण जनतामा स्वरोजगारी सृजना गराउँछ । आय आर्जन गरी ग्रामीण जनताको जीवनस्तर उकास्नमा सघाँउ पुऱ्याउँदछ ।

## ७.१ ग्रामीण पर्यटन र स्थानीय सहभागिता

कुनैपनि विकासका योजना तर्जुमादेखि त्यसको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र त्यसको लाभ हानी वितरणका हरेक चरणमा त्यसले प्रत्यक्ष प्रभाव पार्ने स्थानीय जनताको अर्थपूर्ण र सक्रिय सहभागिता नै जनसहभागिता हो । यसले विकासलाई दिगो र टिकाउ बनाउँछ । ग्रामीण पर्यटन विकासमा स्थानीयको सहभागिता हुनुपर्छ भन्नेमा शत प्रतिशत उत्तरदाताहरुले जोड दिएका थिए ।तर कस्तो सहभागिता ? भन्ने जिज्ञासामा प्राप्त तथ्यांकलाई निम्न तालिकामा राखिएको छ ।

**तालिका ७.१ ग्रामीण पर्यटन र स्थानीय**

| सहभागिताको दर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय | ६३ | ६८.४७ |
| मध्यम | २८ | ३०.४३ |
| निस्क्रिय | १ | १.०८ |
| जम्मा | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

तालिका७.१ अनुसार मट्टिखान गाउँका ग्रामिण पर्यटनको विकासमा ६३ जना अर्थात ६८.४७ प्रतिशत स्थानीयहरु सक्रिय रहेको पाईयो । त्यसै गरी २८ जना अथवा ३०.४३ प्रतिशतउत्तरदाताहरु मध्यम स्तरको  सहभागिता र १ जना सहभागिले पर्यटनको विकासको मर्म नै नबुझेको पाइयो ।

## ७.२.पर्यटकीय विकासमा स्थानीयको योगदान

मट्टिखान गाउँको पर्यटकीय विकासमा स्थानीयहरुले के कसरी सहयोग पुऱ्याएका छन् ?भन्ने सन्दर्भलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ७.२ पर्यटकीय विकासमा स्थानीयको योगदान**

| योगदानको प्रकार | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| छलफल/अर्न्तक्रिया | २७ | २९.३४ |
| जनचेतना फैलाउने | ४१ | ४४.५६ |
| जनसहभागिता | २४ | २६.०८ |
| जम्मा | ९२ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७० ।**

तालिका७.२ अनुसार मट्टिखान गाउँको पर्यटकीय विकासमा४१ जना वा ४४.५६ प्रतिशत उत्तरदाताले जनचेतना फैलाउनमा योगदान दिएको पाइयो भने सो क्षेत्रको विकासका लागि २७ जना २९.३४ प्रतिशतले छलफल /अन्तरक्रिया गरी र २४ जना अर्थात २६.०८ प्रतिशत उत्तरदातलो जनसहभागिता जुटाएर पर्यटकीय विकासमा योगदान पुऱ्याएको पाइएको छ ।

## ७.३.पूर्वाधार निर्माणमा प्राथमिकता

मट्टिखान गाउँको ग्रामिण पर्यटन विकासका लागि पूर्वाधार निर्माणमा जोड दिनुपर्ने प्राथामिकताको पक्षलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ७.३ पूर्वाधार निर्माणमा प्राथमिकता**

| प्राथमिकताको क्षेत्र | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| बाटोघाटो | ३३ | ३५.८६ |
| विद्युत्त | २७ | २९.३४ |
| खानेपानी | १६ | १७.३९ |
| शिक्षा | १० | १०.८६ |
| स्वास्थ्य | ६ | ६.५२ |
| जम्मा | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

तालिका ७.३ अनुसार ३३ जना अर्थात ३५.८६ प्रतिशत अधिकतम उत्तरदाताले मट्टिखान गाउँको बलियो पूर्वाधार बाटोघाटाको निर्माण हुनसक्ने बताए किनकी बाटोघाटोको सुविधाले यातायातमा सुगमता ल्याउँछ र मानिसलाई आवतजावत गर्न सहजता हुन्छ भने ६ जना अर्थात ६.५२ प्रतिशत न्यूनतम उत्तरदाताले ग्रामीण पर्यटन विकासका लागि स्वास्थ्य क्षेत्रमा प्राथमिकता दिनुपर्ने बताएका थिए । त्यसैगरी २७ जना अथवा २९.३४ प्रतिशत उत्तरदाताले विद्युतमा, १६ जना अर्थात १७.३९ प्रतिशत जनताले खानेपानी व्यवस्थापनमा र१०जना १०.८६ प्रतिशत जनताले शिक्षा क्षेत्रमा जोड दिनुपर्ने बताए ।

## ७.४ पूर्वाधारमा प्राथमिकताका कारण

ग्रामिण पर्यटन विकासका लागि अघिल्लो तालिका ७.३ अनुसार प्राथमिकतामा परेका पक्षहरुका कारणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ७.४ पूर्वाधार प्राथमिकताका कारण**


| कारण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सुगमताको लागि | ३३ | ३५.८६ |
| बिजुली नभएर | २५ | २७.१३ |
| शुद्ध पिउने पानीको अभाव भएकाले | १६ | १७.३९ |
| शैक्षिक चेतना जगाउन | १० | १०.८६ |
| सुलभ उपचारका लागि | ८ | ८.६९ |
| जम्मा | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

माथिको तालिका ७.४ का अनुसार  ३३ जना  अर्थात ३५.८६ प्रतिशत उत्तरदाताले ग्रामीण पर्यटन पूर्वाधारको क्रममा सुगमताका लागि बाटोघाटोको निर्माण हुनुपर्ने बताएका थिए ।। २५ जना अर्थात २९.३४ प्रतिशत उत्तरदाताले विद्युत्त सेवा सुविधा गाउँमा पुऱ्याउनु पर्ने र १६ जना वा १७.३९ प्रतिशत उत्तरदाताले शुद्ध पिउने पानीको गाउँमा अभाव भएकाले खानेपानीको व्यवस्थापन गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको बताए भने १० जनावा १०.८६ प्रतिशतले शिक्षा र शैक्षिक चेतना जगाउनमा जोड दिनुपर्ने  जसले गर्दा मानिसले आफ्नो र आफ्नो समाजको विकासको लागि के मा जोडदिनुपर्ने आफै निर्णय लिन सकोस भन्ने कुरा बताए ।

## ७.५पूर्वाधार निर्माणको जिम्मा

ग्रामीण पर्यटन विकासको लागि पूर्वाधार निर्माण गर्न जिम्मेवार निकायहरु कुन कुन हुन सक्छन्?भन्ने प्रश्नमा उत्तरदाताको जवाफलाई निम्न चित्रमा देखाइएको छ ।




**चित्र ७.१ पूर्वाधार निर्माणको जिम्मा**

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

चित्र नं. ७.१ अनुसार मट्टिखान गाउँको ग्रामिण पर्यटन विकासको जिम्माको सन्दर्भमा ८३ जना अर्थात ९१ प्रतिशत उत्तरदाताले सरकारी निकायको जिम्मेवारी रहेको बताए भने जम्मा ९ जना अर्थात ९ प्रतिशत उत्तरदाताले उक्त जिम्मा स्थानीय क्षेत्रको हो भन्ने कुरा बताएका छन् ।

## ७.६ मट्टिखानको रमणीय स्थल तथा दृश्यावलोकन

सबैभन्दा रमणीय स्थल शतप्रतिशत उत्तरदातालाई मट्टिखान लागेको थियो भने उक्त गाउँबाट देखिने महत्त्वका आधारमा तीन मनोरम स्थलहरुलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ७.५ दृश्यावलोकनका मनोरमस्थलहरु**


| स्थल | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अन्नपूर्ण हिमशृखला | ५५ | ५९.७८ |
| पोखरा क्षेत्र | २२ | २३.९१ |
| बौद्ध स्तुप | १५ | १६.३० |
| जम्मा | ९२ | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

तालिका ७.५ अनुसार मट्टिखान गाउँबाट देखिने रमणीय स्थलमध्ये ५९.७८ प्रतिशतले अन्नपूर्ण हिमश्रृखला, २३.९१ प्रतिशतले तथा १६.३० प्रतिशतले क्रमशः पोखरा क्षेत्र र बौद्ध स्तुपको दृश्य देख्न सकिने बताएका छन् । तसर्थ यस अध्ययन क्षेत्र दृश्याबलोकनका लागि प्रख्यात स्थल बन्न सक्छ त्यसका यहाँ भ्यू टावरको निर्माण समेत भईसकेको छ ।

## ७.७ साँस्कृतिक महत्त्व

नेपाली समाज बहुल समाज हो । समाजको सामाजिक चालचलन, रितिरिवाज, व्यबहार र संस्कार नै संस्कृति हो । समाजको पहिचान नै संस्कृतिबाट हुन्छ । अध्ययन क्षेत्रको आफ्नै मौलिक संस्कृति र विशेषता रहेको छ ।मट्टिखान गाँउको सांस्कृतिक महत्वबारे उत्तरदाताको जवाफलाई निम्न चित्रमा देखाइएको छ ।




**चित्र ७.२ साँस्कृतिक महत्त्व**

**स्रोत : स्थलगत सर्वेक्षण, २०७० ।**

माथिको चित्र ७.२ अनुसार ६७ जनाले मट्टिखान गाउँको साँस्कृतिक महत्त्व अत्यन्तै उच्च रहेको छभन्ने कुरामा जोड दिएका छन् भने २० जनाले साँस्कृतिक महत्त्व मध्यम रहेको बताएका छन् भने ५जनाले सांस्कृतिक पक्ष भन्दा प्राकृतिक, ऐतिहासिक, जैविक र पर्यापर्यटनको महत्व र संभावना रहेको बताएका छन् ।

**वैयक्तिक अध्ययन ६**

कास्की जिल्ला निर्मलपोखरी गा.वि.स वडा नं २ गिरी गाउँ निवासी डिल्लीराम गिरी हाल कृस्तिनाच्नेचौर गा.वि.स.का सचिव हुनुहुन्छ । जनचेतन उच्च मा.वि.बाट प्राथमिक शिक्षा र शान्तिउदय उच्च मा.वि बाट माध्यमिक तहको शिक्षा लिनुभएका डिल्लीराम गिरी वि.सं २०५४सालमा खरिदार पदबाट निजामती सेवामा प्रवेश गर्नुभएको बताउनुहुन्छ । वहाँका अनुसार पर्यटकीय नगरी पोखराबाट करीब ९ कि.मी दक्षिणमा अवस्थित वृहत पर्यटकीय संभावना बोकेका मट्टिखान, साल्मेडाँडा र नुवाकोट प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा मनोरम दृश्याबलोकनका लागि अत्यन्त महत्वपूर्ण छन् भनी स्पष्ट पार्नुहुन्छ । यहाँ रहेको कालिकाकोट मन्दिर यस क्षेत्रको धार्मिक आस्थाको केन्द्र रहेको र यहाँ विशेष गरी चैतेदशैं र बडादशैंमा विशेष र विधिपूर्वक बलि दिई पूजा आराधना गरिने प्रचलन रहेको बताउनुहुन्छ गाविस सचिव ज्यू । यो मन्दिर चौविसे राज्य कालमै शाहवंशीय राजाहरुबाट स्थापित

गरिएको अनुमान गरिन्छ । यस मन्दिरमा पूजा गर्दा आफ्नो मनोकांक्षा पूराहुने र राज्यमा शान्ति सुरक्षा कायमा हुने विश्वास स्थानीयहरुमा रहेको पाईन्छ ।

त्यस्तै दृश्यावलोकनका लागि मट्टिखान भ्यू टावरको निर्माण भएको र यसबाट मनोरम प्राकृतिक हिमश्रृंखला र अन्य छिमेकी जिल्लाका केही स्थान देख्न सकिन्छ । पोखराबाट नजिकै पदयात्रन गर्न सकिने, होमस्टेको संभावना रहेको, रिसोर्ट समेत निर्माणाधिन अवस्थामा भएकोले गर्दा पर्यटकलाई सुविधायुक्त गन्तव्यस्थल बन्नसक्छ यस मट्टिखान श्रृंखला ।

यसैगरी वीरगोर्खालीहरुको सम्झना र सम्मानमा निर्माणधीन वृहत परियोजना साल्मेडाँडा (गोरखा स्मारक) को पनि आफ्नै वीरगाथायुत्त ऐतिहासिक महत्व रहेको छ । यस स्मारकले स्वदेश तथा विश्वकै ध्यान आकृष्ट गर्ने विश्वास गर्न सकिन्छ, जसले गर्दा यस क्षेत्रमा पर्यटनको वृहत संभावना छ । त्यस्तै चौविसे राज्य मध्येको एक ऐतिहासिक र पुरातात्विक महत्वको नुवाकोट दरबार पनि अर्को पर्यटकीय गन्तव्य हुनसक्छ । यी सम्पदाहरुको संरक्षण,सम्बर्द्धन र प्रवर्द्धनमा सरकारी सामुदायिक र निजी तथा स्थानीय क्षेत्रलाई संलग्न गराईनुपर्नेमा उहाँ जोड दिनुहुन्छ । दिगो पर्यटन विकासबाट हामी यस क्षेत्रमा प्रशस्त सफलता हासिल गर्न सक्छौ । यसका लागि पर्यटकीय पूर्वाधार विकास, पर्यटकको सेवा सुविधा र सुरक्षामा गुणात्मक वृद्धि गर्नुपर्ने, सडक, विद्युत , संचार र खानेपानी व्यवस्थापनमा जोड दिनुपर्ने हुन्छ भन्ने जस्ता कुरामा आफ्नो धारणा व्यक्त गर्नुहुन्छ गाविसका सचिव डिल्लीराम गिरी ।

# अध्याय आठ

## सारशं, निष्कर्ष तथा सुझावहरु

### ८.१ अध्ययनको सारशं

मूलतः यो अध्ययन ग्रामीण पर्यटनको विकासको संभावनाको खोज र अनुसन्धानबारे स्थानीयको अवधारणा विषयमा स्याङ्जा जिल्ला फेदीखोला गा.वि.स.र कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स. स्थित सिमानामा पर्ने मट्टीखान श्रृंखला र त्यसले समेट्ने क्षेत्रको एक समाजशास्त्रीय अध्ययन हो, जसको शिर्षक "**ग्रामीण पर्यटन विकासको संभावनाबारे स्थानीयको अवधारणा :मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन**" रहेको छ । यस अध्ययन मार्फत नेपालको पश्चिमाञ्चल विकास क्षेत्र,गण्डकी अञ्चल अन्तर्गतका स्याङ्जा र कास्की जिल्लाको सिमानामा पर्ने मट्टिखान श्रृखलाको प्राकृतिक, साँस्कतिक जैविक एवं मानवनिर्मित सम्पदाहरुको खोज संरक्षण तथा प्रवर्द्धन गर्दै ग्रामीण पर्यटनलाई आकर्षक, रमणीय र सुरक्षित गन्तव्य स्थलको रुपमा विकास गर्ने र राष्ट्रिय आयमा मट्टिखान क्षेत्रको पर्यटनको उल्लेख्य मात्रमा वृद्धि गराई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने पर्यटन क्षेत्रको राष्ट्रिय लक्ष्य पूरा गर्न सघाऊ पुऱ्याउन सहयोग गर्ने हो । यसका लागि विविध अनुसन्धानात्मक अन्तर्वार्ता अनुसूची, प्रत्यक्ष अन्तर्वार्ता, वैयक्तिक अध्ययन तथा अवलोकन विधिलाई आधार बनाएर अनुसन्धान गरिएको छ । तीनै प्रश्नहरु सम्बोधन गर्न अध्ययनका उद्देश्य तय गरिएको थियो जुन यस प्रकार छन् ।

अध्ययनको विशिष्ट उद्देश्यको रुपमा ग्रामीण पर्यटन विकासको सम्भावनाबारे स्थानीयको अवधारणा बुझ्ने र सामान्य उद्देश्यहरुमा निम्न बमोजिमका उद्देश्यहरु राखिएका छन् ।

- अध्ययन स्थलका प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक एवं धार्मिक महत्वका स्थलहरुको खोज, अनुसन्धान गरी पर्यटन प्रवर्द्धनका संभावित स्थानको पहिचान गर्ने ।
- उत्तरदाताहरुको सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको विश्लेषण गर्ने ।
- ग्रामीण पर्यटनको संभावनाबारे स्थानीयको धारणा पत्ता लगाउने र
- ग्रामीण पर्यटनको विकासमा स्थानीय उत्तरदाताहरुको सहभागिताको स्थिति पत्ता लगाउने ।

आधारभूत रुपमा शैक्षिक उपाधि प्राप्त गर्ने उद्देश्यले गरिएको यस अध्ययनबाट नेपालका विविध पर्यटकीय स्थलहरुको पहिचान गरी अनुपम प्राकृतिक सौन्दर्य प्रचुर जैविक विविधता, बहुजातिय, बहुभाषिक, बहुधार्मिक र सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपालका प्रमुख पर्यटकीय गन्तव्यस्थलको खोज अनुसन्धान गरी पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधारको रुपमा विकास गर्ने सवालमा केही नयाँ तथ्यगत जानकारीलाई समेत उजागर गर्ने प्रयास गरिएको छ ।

पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यसको विविधिकरण र विस्तारद्वारा आम नागरिक अर्थात ग्रामीण जनताको जीवीकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका प्राकृतिक, जैविक, जातिय, धार्मिक, सामाजिक, ऐतिहासिक एवं सांस्कृतिक सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु आवश्यक भएको छ भने अर्कोतर्फ यातायात सेवा लगायत पर्यटन सेवासँग सम्वद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

वर्णनात्मक र व्याख्यात्मक शैलीमा लेखिएको यस अध्ययनले यही मट्टिखान गाउँ र हाल गाउँबाट पोखरा उपमहानगरपालिकाका केही वडामा त्यहाँबाट आएर बसोबास गरेका ९२ जना व्यक्तिहरुलाई उत्तरदाताका रुपमा लिई विश्वसनीय तथ्याङ्क एव सूचना संकलनमा विशेष जोड दिइएको थियो । अध्ययनको उद्देश्य पूर्ति गर्न यस अध्ययनमा विशेषत प्राथमिक तथ्याङ्क संकलनमा जोड दिइएको र द्वितीय स्रोतलाई पनि आवश्यकता अनुसार समेटिएको थियो । यसरी संकलित तथ्याङ्कलाई कम्प्युटरको एसपीएसएस प्रोग्रामको प्रयोग गरी तालिका तथा अन्य चित्रबाट समेत प्रस्तुत गरिएको छ ।

ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रको रुपमा अघि बढाउन र पर्यटन सेवाबाट प्राप्त हुने लाभ स्थानीय समुदाय र जनतामा पुर्‍याउन ग्रामीण पर्यटकीय क्रियाकलापको विस्तार तथा अभिवृद्धि गर्ने गरिनुपर्दछ । त्यसका लागि नयाँ ग्रामीण पर्यटन सेवाको गुणस्तरमा वृद्धि, सहज पहुँच, सुरक्षित गन्तव्य, जस्ता विविध पक्षलाई पर्यटन उद्योगले सम्बोधन गर्नु आवश्यक हुन्छ । आन्तरिक एवं वाह्य पर्यटन मार्फत आय आर्जन, रोजगारीका अवसरमा वृद्धि सँगसँगै जनताको जीवनस्तरमा सुधार गरी पर्यटनलाई गरिबी निवारण र नयाँ आर्थिक विकाससँग आवद्ध गरी पर्यटन विकास गर्नुपर्ने देखिन्छ । त्यसका लागि मट्टीखान र आसपासका क्षेत्रमा पर्यटकीय विकासको संभावना व्यापक रहेको छ ।

पर्यटन सेवाको क्षेत्रलाई संख्यात्मक एवं गुणात्मक वृद्धि गर्ने काम सरकारी क्षेत्रबाट मात्र संभव नभएकोले सार्वजनिक सामुदायिक तथा निजी क्षेत्र समेतको संयुक्त साझेदारीमा पर्यटन क्षेत्रको विकास गर्नु आवश्यक छ । त्यसका लागि यस क्षेत्रमा केही पहल भैसकेको देखिन्छ । यिनै पृष्ठभूमिमा पर्यटन प्रवर्द्धनलाई नयाँ उचाईमा पुऱ्याई आर्थिक परिवर्तनको आधारशिला तयार गर्न यस अध्ययनले थप टेवा पुऱ्याउने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । यस अध्ययनका प्राप्तीहरुलाई निम्नानसार उल्लेख गरिएको छ :-

- यस अध्ययनका उत्तरदाताहरु ५८ प्रतिशत एकल परिवारमा र ४२ प्रतिशत संयुक्त परिवारमा बसोबास गरेका देखिएको छ ।
- उत्तरदाताको उमेरको अवस्थालाई हेर्दा सबैभन्दा बढी ५० देखि ५० वर्ष उमेर समूहका २१ ज्ना पुरुष र ५जना महिला उत्तरदाताहरु रहेको पाईयो ।
- उत्तरदाताको शैक्षिकस्तर हेर्दा सबैभन्दा बढी २१ जना अर्थात २२.८२ प्रतिशत उत्तरदाताले उच्च शक्षा हासिल गरेको देखिन्छ ।
- उत्तरदाताले गर्ने पेशाको अवस्थालाई हेर्दा ३४ जना वा ३६.९५ प्रतिशत उत्तरदाताले सानो ठूलो खालको व्यापार लाई आफ्नो जीविकोपार्जनका लागि पेशा अपनाएको पाइयो भने १९.५६ प्रतिशतले कृषि पेशा र ७.६० प्रतिशतले निजामती सेवा,५.४३ प्रतिशतले शिक्षण पेशा अपनाएका पाईयो ।
- उत्तरदाताहरबाट ग्रामीण पर्यटनको संभावनाका बारेमा अवधारणा बुझ्दा ७३.९१ प्रतिशत उत्तरदातालाई ग्रामीण पर्यटनको अवधारणाबारे केही ज्ञान रहेको जानकारी पाईयो ।
- यस भन्दा अगाडि पनि अध्ययन क्षेत्रमा सरकारी निकाय, गैरसरकारी संघसंस्था र स्थानीय निकायले केही पर्यटकीय क्रियाकलापहरु संचालन र पर्यटकीय पूर्वाधार निमार्णमा पहल गरेको देखियो ।
- उत्तरदाताहरुमध्ये ५५.४३ प्रतिशत उत्तरदाताले त्यस क्षेत्रको विकासको लागि ग्रामीण पर्यटनको महत्व अत्यन्त उच्च रहेको बताए ।
- ग्रामीण पर्यटनले स्थानीयको जीवनस्तर उकास्न सहयोग पुऱ्याउँछ भन्ने सम्बन्धमा ९७.८२ प्रतिशत उत्तरदाताले आफ्नो धारणा व्यक्त गरे ।

- ग्रामीण पर्यटनले स्थानीय जनसमुदायको आर्थिक पक्षको विकास गरी जनताको आयआर्जन र रोजगारीमा वृद्धि गराउँछ , जीवनस्तरमा सुधार हुन्छ भन्ने पक्षमा कूला ९२ जना उत्तरदातामा ६७ जना उत्तरदाता सहमत भए ।
- यस मट्टिखान क्षेत्रमा पछिल्ला समयमा बाटोघाटो निर्माण, विद्यालय निर्माण र जनताको चेतनामा आएको परिवर्तनको पक्षमा क्रमशः ४६.७३ प्रतिशत, १७.३९प्रतिशत, र १५.२१ प्रतिशत उत्तरदाताले जवाफ दिए ।
- “जहाँ सहभागिता त्यहाँ स्वामित्व, जहाँ स्वामित्व त्यहाँ दिगोपना” भने झैं मट्टिखान क्षेत्रको ग्रामीण पर्यटनमा ६८४७ प्रतिशत उत्तरदाताहरु सक्रिय सहभागिता रहेको कुरा अध्ययनबाट पाईयो ।
- पर्यटन पूर्वाधार निर्माणमा बाटाघाटो निर्माणलाई पहिलो प्राथमिकतामा राख्नुपर्नेमा ३५.८६ प्रतिशत, विद्युत विकासलाई जोड दिनुपर्नेमा २९.३४ प्रतिशत, खानेपानी व्यवस्थापन हुनुपर्नेमा १७.८६ प्रतिशत र शिक्षामा जोड दिनुपर्नेमा १०.८६ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।
- ग्रामीण क्षेत्रमा विकासका पूर्वाधार निर्माणमा प्रमुख रुपमा सरकारी निकायको नै जिम्मेवारी महत्वपूर्ण हुन्छ भन्ने पक्षमा ९१ प्रतिशत उत्तरदाता रहेको देखिन्छ ।
- मट्टिखान क्षेत्रबाट मनोरम दृश्याबलोकन गर्नमा ५९.७८ प्रतिशत उत्तरदाताले अन्नपूर्ण हिमश्रृंखला देख्न सकिने बताए भने त्यस्तै २३.९१प्रतिशत उत्तरदाताले पोखरा क्षेत्र स्पष्ट रुपमा अवलोकन गर्न सकिने कुरा बताए ।
- यस क्षेत्रको सामाजिक, साँस्कृतिक साथै ऐतिहासिक महत्वका बारेमा उत्तरदाताहरुसँग धारणा बुझ्न खोज्दा मौलिक संस्कृतिको महत्व अत्यन्तै उच्च रहेको ७२.८२ प्रतिशत उत्तरदाताले बताए ।

## ८.२ निष्कर्ष

गण्डकी अञ्चलको स्याङ्जा जिल्ला फेदीखोला गा.वि.स र कास्की जिल्ला कृस्ति नाच्ने चौर गा.वि.स.को संगमस्थलमा रहेको मट्टीखान गाउँ पर्यटकीय गन्तव्य स्थल मध्ये आकर्षक, मनोरम पर्यटकीय स्थल हो । यस गाउँ भित्र विभिन्न रमणीय गाउँहरु पर्दछन् । जस्तैःरामदी,रामकोट,साँधी,धैयाखोर,स्याउलीबजार,आक्राड.अंयरपानी,चण्डीडाँडा,ओलीडाँडा,दे

उराली आदि जसले नुवाकोटलाई थप सुन्दर बनाएका छन् । यस क्षेत्रमा मट्टीखान, भ्यूटावर, ऐतिहासिक नुवाकोट दरबार क्षेत्र, भूतपूर्व गोर्खा सैनिकहरुको स्मारक स्थल साल्मी डाँडा, कालिकास्थान जस्ता पर्यटकीय संभावना बोकेका क्षेत्रहरु पर्दछन् र विभिन्न जिल्ला, हिमाली र प्राकृतिक दृश्यावलोकनका लागि समेत यो ठाउँ अत्यन्त मनोरम छ । माछापुच्छे,धौलागिरी,रअन्नपूर्ण हिमालका हिमश्रंखलाहरु यहाँबाट स्पष्ट रुपमा देख्न सकिन्छ । तसर्थ यस ठाउँलाई एक अनुपम पर्यटकीय क्षेत्रका रुपमा लिन सकिन्छ । कास्की जिल्लाको छोरेपाटनबाट र स्याङ्जा जिल्लाको कुभिन्डेबाट सडक यातायात सेवा समेत सुचारु यस ठाउँ प्राकृतिक, साँस्कृतिक, जैविक र ऐतिहासिक दृष्ट्रिकोणले समेत महत्वपूर्ण छ । यहाँ गुरुङ जातिको बाहुल्यता छ र अन्य जातजातिहरु पनि अत्यन्तै सामाजिक सौहार्दपूर्ण तरिकाले आपसी सहकार्य र समन्वयात्मक रुपमा आफ्ना गतिविधिहरु संचालन गरेर बसोबास गरेका छन् । प्रथम र दोस्रो विश्वयुद्धमा विरगति प्राप्त व्रिटिस गोर्खा सैनिकहरुको सम्झनामा सुरुवात गर्न लागिएको स्मारक र अत्यन्तै पुरानो ऐतिहासिक स्थान नुवाकोटको वीचमा मट्टिखान गाउँ परेको हुदा यो गाउँमा ग्रामिण पर्यटनको प्रचुर सम्भावना देखिन्छ ।

पर्यटन पुर्वाधार विकासका लागि आवश्यक सडक यातायात खानेपानी, विद्युत संचार जस्ता पूर्वाधारमा यस क्षेत्रमा खानेपानी व्यवस्थापनको अत्यन्तै चुनौतीपूर्ण रुपमा रहेको पाइयो । यस क्षेत्रको पर्यटकीय सम्पदाको संरक्षण,पर्यटकको सुरक्षा,सेवासुविधाको संख्यात्मक र गुणात्मक बृद्धि,पर्यटकीय पूर्वाधार विकास सम्बन्धी विषयमा सरकार र निजी क्षेत्रबीच समन्वयात्मक भूमिकाको आवश्यकता देखिन्छ ।

पर्यटकलाई दृश्यालोकनका लागि भ्यू टावर निर्माण भैसकेको र पर्यटकको बसाईका लागि केही होमस्टे सञ्चालनमा आएको र होटल निर्माणको क्रममा रहेको स्थलगत अध्ययनबाट प्रत्यक्ष अवलोकन गरियो । यस ठाउँको पर्यटन विकास, स्थानीयको संलग्नता अभिवृद्धि गर्दै पर्यटन व्यवसायलाई ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको लाभ सबै वर्ग र जात जातिको पहुँचमा पुऱ्याउन पर्या-पर्यटन, साँस्कृतिक पर्यटन र कृषि पर्यटनमा जोड दिनुपर्ने देखिन्छ ।

विगतमा देशमा भएको द्वन्दको कारण पर्यटन क्षेत्रमा गुमेको विश्वसनीयतालाई पुनस्थापित गर्न र नयाँ गन्तव्य स्थलको प्रवर्द्धन गरी पर्यटनबाट आर्थिक विकासमा टेवा पुऱ्याउन अध्ययन क्षेत्रमा पूर्वाधार निर्माणमा जोड दिनुपर्ने देखिन्छ । पर्यटन क्षेत्रको पूर्वाधार निर्माणको त्यस ठाउँमा विभिन्न छलफल र अर्न्तक्रिया सरोकारवालाहरु बीचमा भैरहेको र

पूर्वाधार विकास गर्न श्री कृस्ति मट्टीखान कालिकोट संरक्षण विकास एवं व्यवस्थापन समिति निर्माण भै पूर्वाधार विकासमा अगाडि बढेको देखिन्छ । मट्टिखान कृस्ति कालिकाकोट स्मारिका, २०७० को प्रकाशन गरी पर्यटन प्रर्वद्धन गर्न गराउनमा स्थानीय जनताहरुले पहल गरेका छन तर यी पहलहरु मात्र पर्याप्त छैनन् ।

## ८.३ सुझावहरु

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातिय बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल, विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ
आज विज्ञान, प्रविधि र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुदैं गइरहेको अवस्थामा नेपालले प्रमुख पर्यटकीय गन्तव्यस्थलहरुको खोज अनुसन्धान संरक्षण र प्रवर्द्धन गर्दे राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै आफ्नो क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधिकरण र विस्तारद्धारा आम नागरिकको जीविकोपार्जन र रोजगरीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका प्राकृतिक, जैविक, जातिय, धार्मिक, सामाजिक, ऐतिहासिक एवंम साँस्कृतिक सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्को तर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवा उद्योगको संख्यात्मक र गुणात्मक बृद्धि गर्नु आवश्यक छ ।

यस शोध अध्ययनबाट स्याङ्जा जिल्ला फेदिखोला गा.वि.स.र कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स.को संगमस्थलमा पर्ने मट्टिखान श्रृंखलाको पर्यटन विकासको संभावनाको खोज अनुसन्धान गरी त्यसक्षेत्रको सम्पदाको संरक्षण र सम्वर्द्धन गरी सो ठाउँलाई आकर्षक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्न केही समस्या तथा चुनौतीहरु रहेका देखिन्छन् । त्यस क्षेत्रमा रहेका समस्या निराकरण गरी संभावित चुनौतीको सामना गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

❖ स्थानीय क्षेत्रका मानिसलाई पर्यटनको महत्वबारे जनचेतना जगाउन विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने तथा त्यसक्षेत्रको व्यापक प्रचार प्रसार गर्नुपर्ने

❖ पर्यटन क्षेत्रमा जनशक्ति तयार गर्न आवश्यक ज्ञान र सीप विकासका तालिम संचालन गर्नुपर्ने ।

❖ धार्मिक पर्यटकीय गन्तव्यस्थललाई तीर्थाटनको केन्द्रको रुपमा विकास गर्नुपर्ने ।

❖ विभिन्न जातजातिको मौलिक संस्कृति समेटी साँस्कृतिक पर्यटनलाई जोडदिनुपर्ने ।

❖ मट्टीखान क्षेत्रलाई आकर्षक, रमणीय र सुरक्षित पर्यटकीय गन्तव्य स्थलको रुपमा परिचय गराउन स्थानीय समुदाय र सरोकारवालाको भूमिका बढाउनुपर्ने ।

❖ मट्टिखान क्षेत्रलाई “एक स्थान एक पहिचानको” नीति अवलम्बन गरि पर्यटन प्रवर्द्धनमा जोडदिनुपर्ने ।

❖ पर्यटकीय क्षेत्रका मूर्त-अमूर्त, प्राकृतिक, सांस्कृतिक जैविक र मानवनिर्मित सम्पदाको खोज, संरक्षण र सम्वर्द्धन एवं विकासमा स्थानीय निकाय, नागरिक समाज, सामेदायिक क्षेत्र,निजी क्षेत्रसबैको संयुक्त सहभागिता अभिवृद्धि गरी त्यसक्षेत्रको विकासको लागि लगानी जुटाउनुपर्ने ।

❖ सुलभ, सुरक्षित भरपर्दो यातायात सेवाको माध्यमद्वारा पर्यटनको विकास र विस्तार गर्नुपर्ने ।

❖ साहसिक पर्यटन प्रवर्द्धन गर्न प्याराग्लाईडिङको संभाव्यताको खोजी गरिनुपर्ने ।

❖ पर्यटन क्षेत्रबाट प्राप्त लाभ क्षेत्रीय र वर्गीय आधारमा न्यायोचित वितरणमा जोड दिनुपर्ने ।

❖ पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र स्रोत साधनको दिगो रुपमा उपयोग गर्नमा जोड दिनुपर्ने ।

❖ मट्टिखानको पर्यटन विकासका लागिसडक, खानेपानी, विद्युत, सञ्चार र सुरक्षित आवास व्यवस्था गर्नमा सबैको समन्वयात्मक भूमिका बढाउनुपर्ने ।

❖ स्थानीय समुदायको सहभागितामा स्थानीय संस्कृति झल्कने लोकगीत/ संगीतको जगेर्ना गर्न सांस्कृतिक क्लबहरु गठन गरी लोकगीत/लोकनृत्य मार्फत मौलिक सम्पदाको प्रवद्धर्न गर्न पर्यटन महोत्सव कार्यक्रमहरु संचालन गर्नुपर्ने र पर्यटकलाई मनोरञ्जन दिलाउनमा जोडदिनुपर्ने ।

❖ स्थानीय स्तरमा खपत हुन सक्ने कृषि उत्पादित वस्तु, अर्गानिक खाद्यान्न, फलफूल, तरकारी, नगदेबाली उत्पादनमा विशेष जोडदिनुपर्ने ।

❖ पर्यटनबाट रोजगारी सृजनागरी पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउनुपर्ने ।

❖ पर्यटन उद्योगलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्नेमा जोड दिनुपर्ने ।

❖ पर्यटन क्षेत्रको विकासको लागि ग्रामीण क्षेत्रमा गुरुयोजना निर्माण गरी त्यसलाइ ाआवधिक योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी सम्बद्ध निकाय मार्फत प्रवर्द्धन गर्नमा जोडदिनुपर्ने ।

मट्टिखान क्षेत्रको पर्यटनको विकासमा स्थानीय स्तर र सरकारको ध्यान पुगेमा साँच्चै नै मटि्टखान एउटा पर्यटकीय गन्तव्य रहेर राष्ठ्रिय पर्यटनमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ । यो क्षेत्र पदयात्रा पर्यटनमा रमाउने पर्यटकहरुका लागि एक उत्कृष्ट पर्यटकीय गन्तव्य बन्न सक्छ । पदयात्राको लागि सुरक्षित र सरल रुटहरुको विकास, आवास व्यवस्था लगायतका कार्यहरु गर्न सकेमा उक्त क्षेत्र एक उत्कृष्ट ग्रामीण पर्यटन क्षेत्र हुनेमा विश्वस्त हुन सकिन्छ । पर्यटनको प्रर्वद्धन र विकास भएमा देशको आर्थिक, सामाजिक परिवर्तन भै समृद्ध,आधुनिक,न्यायपूर्ण राष्ट्र निर्माणमा गर्ने सरकारको दीर्घकालीन सोचमा समेत टेवा पुग्न जाने देखिन्छ ।

तसर्थ आज हामी जस्ता शोधार्थीले आफ्ना शैक्षिक उपाधि हासिल गर्ने अनुसन्धानमूलक शोध-पत्रमा देशको अर्थतन्त्र निर्माण गर्न,समृद्ध मुलुक बनाउनमा आफ्नो आफ्नो स्थानबाट केही पहल गर्न समेत जरुरी छ । त्यस्तै प्रयास स्वरुप यो शोध पत्रले आफ्नो आकार ग्रहण गरेको हो ।

# सन्दर्भ ग्रन्थ सूची


आचार्य, बलराम (२०६३) : *सामाजिक संस्था र प्रक्रियाको समाजसशास्त्रीय विश्लेषण,* नेशनल बुक सेन्टर, भोटाहिटि,काठमाण्डौं ।

आचार्य, शर्मिला (२०६६) : *पर्यटन व्यवसायमा महिला सहभागिता :* पोखरा उप-महानगरपालिका,कास्कीको समाजशास्त्रीय अध्ययन, अप्रकाशित एम.ए. शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि.काठमाण्डौ ।

इनफिल्ड, एम (२००३) :*एटिच्युड अफ ए रुलर कम्युनिटी टुवार्ड कन्जरभेशन ,* साउथअफ्रिका ।

इ.सी.एस, नेपाल (२०११) : *एक्सप्लोर* , इ.सी एस. मिडीया, काठमाण्डौ, नेपाल ।

*कास्की जिल्ला पार्श्वचित्र* (२०६७) : जिल्ला विकास समितिको कार्यालय,कास्की ।

*कास्की जिल्लाको पर्यटन गुरुयोजना* (२०६८/०६९-०७७/०७८) : जिल्ला विकास समितिको कार्यालय, कास्की ।

कुवँर,रमेशराज (२००६) : *टुरिष्ट एण्ड टुरिजम, साइन्स एण्ड इन्डस्ट्रिज इन्टरफ्ेस,* इन्टरनेशनल स्कूल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट, डिल्लीबजार, काठमाण्डौं ।

कोलियार, अलान (१९८९) : *प्रिन्सीपल इन टुरिजम,* प्रितम पब्लिसिङ,अकल्याण्ड, न्यूजिल्याण्ड ।

कृस्ती, मट्टिखान, कालिकाकोट, संरक्षण एवं विकास व्यवस्थापन समितिको विधान, (२०६२) : कास्की ।

*गण्डकी र धवलागिरी अञ्चलका पर्यटकीय आकर्षण तथा होमस्टे* (२०११) : पर्यटन कार्यालय, पोखरा, टुरिजम एशोशिएसन अफ नेपाल, पोखरा ।

*गण्डकी र धवलागिरी अञ्चलका पर्यटकीय आकर्षणका प्रमुख स्थलहरु* (२०६७) : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन कार्यालय, पोखरा ।

गर्भनमेन्ट अफ नेपाल (२००५) :*नेपाल टुरिष्ट स्टाटिस्टिक* मिनिस्ट्री अफ टुरिजम एण्ड सिभिल एभिएशन, काठमाण्डौ ।

चौहान, वाई.सि.(२००४) : *इकोटुरिजम इन नेपाल,* कलिग पब्लिकेशन, दिल्ली ।

*टुरिजम मारकिटस् टेªण्डस* साउथ एशिया (१९८६-९६) :वर्ल्ड टुरिजम अर्गनाइजेशन १९९६।

टी.पी.सी, (२००९): *ए गिल्मस अफ नेपालस् फोरेनेट्रेक,* ललितपूर, नेपाल ।

देवकोटा (ढकाल), मीरा (२००७) : *एजुकेटेड वुमन इन गर्भमेन्ट इम्प्लोइमेन्ट,* अ केश स्टडी अफ पोखरा सब मेट्रोपोलिस एण्ड कास्की डिस्ट्रीक डेभलपमेन्ट कमिटि अफिस, अप्रकाशित एम.ए शोधपत्र , समाजशास्त्र मानवशास्त्र विभाग,त्रि.वि.काठमाण्डौ ।

धमला, दशरथ र अर्याल लक्ष्मण (२०७०): *समसामयिक मामिलाहरु,* निहारिका प्रकाशन, काठमाण्डौ ।

ने.अ.सं (२०६३): *नेपाल अधिराज्यको संविधान,* कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति, काठमाण्डौ ।

नेगी, जे.एम.एम.(१९८२) : *टुरिजम एण्ड होटलिङ;* अ ओल्डवाइड इन्डस्ष्ट्रिज, गीताञ्जली पब्लिकेशन्स्,गीता कोलोनी दिल्ली ।

नेपाल पर्यटन वोर्ड (२०७०) : *जैविक मार्ग होमस्टे,* ब्रोश्चर,पर्यटक सेवा केन्द्र, भृकुटीमण्डप, काठमाण्डौ ।

नेपाल सरकार, *पर्यटन नीति* (२०६५): हिमाली प्रकाशन , डिल्लीबजार,काठमाण्डौ ।

*पर्वत स्मारिका* (२०७०): तेस्रो क्याविनेट बैठक लायन्स क्लव ,कुश्मा, पर्वत ।

नेपाल टुरिजम बोर्ड.(२००८) : *टुरिष्ट सर्भिस सेन्टर,* न्यूज लेटर,काठमाण्डौं ।

पोखेल, खेमराज र कार्की गोविन्दमान सिंह (२०५५) : *पर्यटन र विकास,* अनुराग प्रकाशन,वाराणसी (यू.पी) ।

भट्टराई, ज्ञानेश्वर (२०५६) : *वृहत ज्ञानकोष,* आशिष पुस्तक भण्डार, काठमााण्डौ ।

भाट,डि.पी (२००६): *इको टुरिजम इन नेपाल* , अन्जु भाट, काठमाण्डौ ।

भाटिया,ए.के. (१९९७): *टुरिजम डेभलपमेन्ट प्रिन्सीपल्स एण्ड प्राक्टिस्* , इष्टरलिङ पब्लिसिङ प्राइभेट लिमिटेड, न्यू दिल्ली ।

*मट्टिखान कृस्ती कालिकाकोट ,स्मारिका* (२०७०): कृस्ती, मट्टिखान, कालिकाकोट स्मारिका प्रकाशन समिति, कास्की ।

*मेचीदेखि महाकाली,भाग ३* (२०३१): श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग, काठमाण्डौ ।

मेहता जे.एन (१९९८) : *लोकल एटिच्युड टुवार्ड कम्युनिटी वेस्ट पोलिसी एण्ड प्रोग्रामइन* नेपाल, नेपाल ।

राष्ट्रिय योजना आयोग (२०१३) : *तेह्रौं योजनाको आधारपत्र,* नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौं ।

सिन्हा,पि.सी.(२००३) : *इनसाइक्लोपेडिया अफ इकोटुरिजम,*अनमोल पब्लिकेशन, न्यू दिल्ली ।

शर्मा, रामजी ( २००५) : *सोसियो कल्चरल इम्प्याक्ट अफ टुरिजम अन होस्ट कम्युनिटी* : अ केश स्टडी अफ पोखरा एण्ड इट्स भिसिनिटि, अप्रकाशित एम.ए शोधपत्र, समाजशास्त्र तथा मानवशास्त्र विभाग , त्रि.वि. काठमाण्डौं ।

शर्मा जे.के.(२०००): *टुरिजम प्लानिङ एण्ड डेभलपमेन्ट,* कनिखा पब्लिसर्स, न्यू दिल्ली ।

शर्मा, कमला २०६८): *निजामती सेवामा महिला सहभागिता र सशक्तिकरण* , पोखरा उप-महानगर पालिकाका सरकारी कार्यालयहरुको समाजशास्त्रीय अध्ययन अप्रकाशित एम.ए.,शोध पत्र समाजशास्त्र तथा मानवशास्त्र विभाग, त्रि.वि,काठमाण्डौ ।

शाक्य,कर्ण (२००५) : *सोच,* नेपाल नेचर डट कम,काठमाण्डौ ।

सत्याल, यज्ञराज (२०४१): *नेपालमा पर्यटन उद्योगको विकास,* जुनेली, वर्ष १४,अंक ५, जुनेली पत्रिका ।

*स्याङजा जिल्ला एक चिनारी* (२०७०) : जिल्ला विकास समितिको कार्यालय, स्याङ्जा ।

*स्याङजा जिल्ला पार्श्व चित्र* (२०६४) : जिल्ला विकास समितिको कार्यालय, स्याङ्जा ।

हिमाल खबर पत्रिका, (२०६४), *नेपालमा पर्यटन* : हिमाल एशोसिएसन, काठमाण्डौं ।

# <u>अनुसूची -१</u>

**ग्रामीण पर्यटन विकासको सम्भावनाबारे स्थानीयको अवधारणा :**

**(मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन)**

प्राथमिक सर्वेक्षण,२०७०

अनुसन्धानकर्ता : गुडाखर सापकोटा

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

अन्तवार्ता अनूसूची

**प्रश्नावली सूची / आधारभूत जानकारी**

क) परिवारको सामाजिक आर्थिक पृष्ठभूमिः

<u>परिचय</u>

घरमुलीको नाम : ............................

लिङ्ग : पुरुष..... महिला...... उमेर : .............

उत्तरदाताको पारिवारिक तथा व्यक्तिगत विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | परिवारको प्रकार | क) एकल | ख) संयुक्त | |
| २. | शिक्षा | क) अशिक्षित | ख) सामान्य साक्षर | |
| | | ग) प्रा.वि. | घ) नि.मा.वि. | |
| | | ङ) मा.वि. | च) उच्च माध्यमिक विद्यालय | |
| | | छ) उच्च शिक्षा | | |
| ३. | धर्म | क) हिन्दु | ख) बौद्ध | ग) मुस्लिम |
| | | घ) क्रिश्चियन | ङ) अन्य | |
| ४. | पेशा | क) सेवा | ख) व्यापार | ग) मजदुरी |
| | | घ) कृषि | ङ) शिक्षण | च) |

निजामती सेवा

छ) सैनिक ज) अन्य

५.	मासिक आम्दानी	क) रु ५,००० सम्म

ख) ५-१०हजारसम्म

ग) १०-२० हजारसम्म

घ) २० हजार भन्दा माथि

ख)	ग्रामिण पर्यटन विकासको सम्भावनाबारे स्थानीयको अवधारणा

| क.सं. | प्रश्नहरु | उत्तरहरु |
|---|---|---|
| १. | तपाईलाई ग्रामीण पर्यटनको बारेमा केही थाहा छ ? | क) धेरै थाहा छ ।<br>ख) केही थाहा छ ।<br>ग) थाहा छैन । |
| २. | यदि छ भने तपाईको बुझाईमा ग्रामीण पर्यटन भनेको के हो ? | .................. |
| ३. | यस मट्टिखान र नुवाकोट गाउँको ग्रामीण पर्यटनको विकासबारे यसअघि कुनै व्यक्ति या निकायले पहल गरेको थियो ? | क) थियो ।<br>ख) थिएन । |
| ४. | यदि थियो भने कसले पहल गरेको थियो ? | ..................... |
| ५. | कस्तो पहल भएको थियो ? | ........................ |
| ६. | के यस ठाउँका लागि ग्रामीण पर्यटनको प्रवर्द्धन र विकास महत्वपूर्ण छ ? | क) छ ।<br>ख) छैन । |
| ७. | यदि महत्वपूर्ण छ भने किन ? | ......................... |
| ८. | पर्यटनको विकास मार्फत यहाँका स्थानीयको जीवनस्तर उकास्न सकिन्छ ? | क) सकिन्छ ।<br>ख) सकिदैन । |
| ९. | सकिन्छ भने कुन पक्षलाई सुधार्न सकिन्छ ? | क) आर्थिक ।<br>ख) सामाजिक ।<br>ग) अन्य |
| १०. | पहिला र अहिलेको गाउँमा केहि परिवर्तन पाउनुभयो ? | क) पाएको छु ।<br>ख) खासै परिवर्तन छैन । |
| ११. | पर्यटकीय हिसाबले कुन कुन मुख्य कुरामा परिर्वतन पाउउनुभयो ? | .................. |

| | | |
|---|---|---|
| १२. | यस ठाउँमा पर्यटनको सम्भावना छ वा छैन ? | क) छ ।<br>ख) छैन । |
| १३. | ग्रामीण पर्यटन विकासका लागि कुन निकाय बढी जिम्मेवार हुनुपर्छ ? | क) सरकारी<br>ख) गैह्रसरकारी<br>ग) स्थानीय<br>घ) अन्य<br>ङ) ............... |
| १४. | उक्त जिम्मेवार निकायबाट तपाईले के अपेक्षा गर्नुभएको छ । | ........................ |
| १५. | उक्त निकायले आफ्नो जिम्मेवारी पूरा गरेको छ ? | क) छ ।<br>ख) छैन । |
| १६. | प्राथमिकताका आधारमा यस मट्टिखान श्रृंखला र नुवाकोट गाउँका तीन प्रमुख पर्यटकीय स्थलहरु कुन कुन हुन् । | क) ....................<br>ख) ....................<br>ग) ..................... |
| १७. | के कारणले ती स्थान महत्वपूर्ण छन् ? | क) ....................<br>ख) ....................<br>ग) ..................... |
| १८. | ग्रामीण पर्यटन विकासमा के स्थानीयलाई सहभागी गराउनुपर्ला ? | क) पर्छ ।<br>ख) पर्दैन । |
| १९. | यदि पर्छ भने स्थानीयको कस्तो भुमिका हुन सक्छ ? | ........................... |
| २०. | तपाईको सहभागिता के कस्तो रहन्छ ? | क) सक्रिय<br>ख) मध्यम<br>ग) निष्क्रिय |
| २१. | तपाई स्वयम् यस ठाउँको पर्यटकीय विकासमा के योगदान गर्न सक्नुहुन्छ ? | ................... |
| २२. | यस ठाउँको ग्रामीण पर्यटकीय विकासका लागि कुन चाँहि पूर्वाधार निर्माणलाई प्रथमिकता दिनुपर्छ ? | क) बाटोघाटो<br>ख) विद्युत<br>ग) खानेपानी |

| | | |
|---|---|---|
| | | घ) शिक्षा<br>ङ) स्वास्थ्य<br>च) अन्य |
| २३. | उक्त पूर्वाधार तपाईको विचारमा किन प्राथमिकता पऱ्यो ? | ...................... |
| २४. | उक्त पूर्वाधार निर्माणको जिम्मा कुन निकायको हो ? | क) सरकारी निकाय<br>ख) स्थानिय निकाय<br>ग) अन्य |
| २५. | प्राकृतिक हिसाबले यस ठाउँको कुन स्थल सबैभन्दा सुन्दर छ ? | ...................... |
| २६. | यस गाउँबाट देखिने तीन मनोरम स्थलहरु महत्वका आधारमा कुन कुन हुन् ? | क) ......................<br>ख) ...................<br>ग) ................... |
| २७. | साँस्कृतिक रुपमा यस ठाउँको कस्तो महत्व छ ? | .......................... |
| २८. | यस ठाउँमा धार्मिक महत्वका स्थल छन् या छैनन ्? | क) छन् ।<br>ख) छैनन् । |
| २९. | छन् भने कुन कुन हुन् ?नाम बताइदिनुहोस् न । | ......................... |
| ३०. | पर्यटक बसाईको लागि आवासको कस्तो सम्भावना देख्नुहुन्छ ? | क)होटल निर्माण<br>ख) होमस्टे |
| ३१. | यस ठाउँमा पर्यटकको लागि खानपिनको कसरी व्यवस्था गर्न सकिन्छ ? | क) रेष्टुँरा मार्फत<br>ख) स्थानिय परिकारतयार गरेर |
| ३२. | यस ठाउँको ग्रामीण पर्यटन विकासबारे स्थानीय लगायत अन्यमा व्यक्तिहरुमा कसरी चेतना पुऱ्याउन सकिएला ? | क) सञ्चर माध्यममार्फत<br>ख) पाठ्क्रममा समावेश गर्ने<br>ग) सभा/सेमिनार गरेर<br>घ) अन्य उपायद्धारा |
| ३३. | यस ठाउँको पर्यटनको विकासमा स्थानीयको संलग्नताको सम्भावना कत्तिको देख्नुहुन्छ ? | क) सम्भावना छ ।<br>ख) सम्भावना छैन । |

| | | |
|---|---|---|
| ३४. | यदि छ भने आर्थिक लगानी गरी व्यवसायिक लगानीकर्ताका रुपमा या जागीरका रुपमा मात्रै ? | क) व्यवसायिक लगानी<br>ख) जागिर मात्रै |
| ३५. | ग्रामीण पर्यटन विकासमा सम्बन्धित निकायले कस्तो नीति नियमअबलम्बन गर्नुपर्छ? | ............................ |
| ३६. | पर्यटन नति २०६५ बारे यहाँलाई केही जानकारी छ कि ? थाहा छ भने कृपया बताइदिनुहोस् । | ............................ |
| ३७. | यस ठाउँको ग्रामीण पर्यटन विकासको सम्भावनाबारे तपाईका अन्य कुनै सुझाव छन् कि? | .................................. |
| ३८. | पर्यटन व्यवसायलाई ग्रामीण तहसम्म विस्तार गरी यसको लाभ सबै वर्ग र जातजातिको पहुँचमा पुप्याउन के गर्नु आवश्यक पर्ला ? | .............................. |
| ३९. | विगतमा देशमा भएको द्वन्दका कारण पर्यटन क्षेत्रमा गुमेको विश्वासलाई पुनर्स्थापित गर्न र नयाँ गन्तव्य स्थलहरुको प्रवर्द्धन गरी पर्यटनबाट देशको आर्थिक विकासमा टेवापुप्याउन के गर्नुपर्ला ? आफ्नो विचार दिनुहोला । | .............................. |
| ४०. | पर्यटकीय क्षेत्रको पुर्वाधार विकास गर्न यस क्षेत्रमा हालसम्म के कस्ता कार्यक्रम संचालन गरिएका छन ? | .............................. |
| ४१. | पर्यटन क्षेत्रमा जनशक्ति विकास गरी पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न के कस्ता कार्यक्रम संचालनगर्नुपर्ला भन्ने ठान्नुहुन्छ ? | ............................ |
| ४२. | पर्या-पर्यटन र ग्रामीण पर्यटनमार्फत स्वरोजगार सृजना गरी ग्रामीण गरीबिन्युनीकरण गर्न सक्ने के कस्ता सम्भवना देख्नुहुन्छ ? | ............................ |

तपाईको अमूल्य समय र विचारका लागि धन्यबाद ।

**अनुसूची-२**

**वैयक्तिक अध्ययनमा संलग्न व्यक्तिहरुको नामावली**

१. सुवेदार चित्रबहादुर पौडेल क्षेत्री

२. सुवेदार लालकाजी गुरुङ

३. देवी बहादुर थापा क्षेत्री

४. नारायण प्रसाद पोखरेल

५. बालकृष्ण बराल

६. डिल्लीराम गिरी

## अनुसूची–३

## तस्वीरहरु



क्या. इन्द्रवहादर गुरुङसँग पर्यटन बारे अन्तवार्ता लिदै शोधार्थी



सुवेदार चित्रवहादुर पौडेल क्षेत्रीसँग अर्न्तवाता लिदै शोधार्थी



अध्ययन स्थल मट्टिखान गाउँको एक दृष्य



अध्ययन स्थल मट्टिखान गाउँको एक दृष्य




पर्यटकीय नगर पोखरा बजारसँगै माछापुच्छ्रे हिमालको दृष्य



कालिका मन्दिर नुवाकोट



ऐतिहासिक एवं पर्यटकीय स्थल नुवाकोटको भू-दृष्य




मट्टिखान गाँउसँगै चण्डी डाँडा उच्च माध्यमिक विद्यालय




मट्टिखान गाँउ र मट्टिखान भ्यूटावर वरिपरिको दृष्य




मट्टिखानभ्यू टावरको भवन



प्रस्तावित गोरखा म्यूजियम स्थल



निर्माणाधिन गोरखा समाधी स्थल



गोरखा समाधी स्थलमा गोरखा सैनिकको शालिक निर्माण गरिदैको दृष्य



मट्टिखान गाँउ र स्थानीय समाजसेवी सुवेदार लालकाजी गुरुङ



छोरेपाटन, फुस्रेखोला रामदीहुदै मट्टिखान जाने कच्ची मोटरबाटोको दृश्य